# ‘यात्रा र अनुभूति’ नियात्रा सङ्ग्रहको कृतिपरक अध्ययन

त्रिभुवन विश्व विद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत

रत्न राज्यलक्ष्मी क्याम्पस स्नातकोत्तर तह नेपाली विषयको दसौं पत्रको

प्रयोजनको निम्ति

प्रस्तुत

शोधपत्र

**प्रस्तोता**

गीता रेग्मी

त्रि.वि.द.न. ९-१-२१-५६-२००१

क्या. द. न. ९२/०६४/०६५

अनुक्रमाङ्क : ४०००२६

२०७१

# शोध निर्देशकको मन्तव्य

त्रिभुवन विश्व विद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत रत्न राज्यलक्ष्मी क्याम्पस स्नातकोत्तर तह, नेपाली विषयको दसौं पत्रको परिपूर्तिको प्रयोजनका निम्ति, स्नातकोत्तर दोस्रो वर्षकी विद्यार्थी श्रीमती गीता रेग्मीले **यात्रा र अनुभूति नियात्रा सङ्ग्रहको कृतिपरक अध्ययन** शीर्षकको शोधपत्र मेरो निर्देशनमा तयार पार्नु भएको हो । यसको आवश्यक मूल्याङ्कनका लागि नेपाली शिक्षण विभागमा प्रस्तुत गर्न सिफारिस गर्दछु ।

.............................

प्रा. डा. वेदव्यास उपाध्याय

शोध निर्देशक

रत्न राज्यलक्ष्मी क्याम्पस,

प्रदर्शनी मार्ग, काठमाडौं ।

# स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत रत्न राज्यलक्ष्मी क्याम्पस स्नातकोत्तर  तह, नेपाली विषयको दसौं पत्रको परिपूर्तिका प्रयोजनका निम्ति, स्नातकोत्तर दोस्रो वर्षकी विद्यार्थी श्रीमती गीता रेग्मीले तयार पार्नु भएको **यात्रा र अनुभूति नियात्रा सङ्ग्रहको कृतिपरक अध्ययन** शीर्षकको शोधपत्र सोही प्रयोजनका लागि स्वीकृत गरिन्छ ।

| | | |
|---|---|---|
| ........................ | ....................... | ..................... |
| भगवान चन्द्र उपाध्याय | प्रा. डा. वेदव्यास उपाध्याय | श्रीओम श्रेष्ठ 'रोदन' |
| विभागीय प्रमुख | शोध निर्देशक | बाह्य परीक्षक |

## कृतज्ञता ज्ञापन

प्रस्तुत शोधपत्र मैले मेरो आदरणीय गुरु प्रा. डा. वेदव्यास उपाध्यायज्यूको कुशल निर्देशनमा तयार पारेकी हुँ । यो शोधपत्र तयार पार्ने सन्दर्भमा आफ्नो शैक्षिक तथा व्यावहारिक व्यस्तताका बिचबाट पनि अमूल्य समय निकालेर सल्लाह प्रेरणा र प्रोत्साहनका साथ निर्देशन गर्नुहुने गुरुप्रति म हार्दिक कृतज्ञता एवं श्रद्धा व्यक्त गर्दछु ।

मेरो शोधप्रस्तावलाई स्वीकृति दिँदै शोध कार्यलाई अनुमति प्रदान गर्नुहुने आदरणीय गुरुज्यूहरू तथा प्रस्तुत शोधकार्य गर्न अवसर मिलाइदिने रत्न राज्यलक्ष्मी क्याम्पस नेपाली विभाग प्रमुख भगवान चन्द्र उपाध्याय प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । आफ्नो व्यस्त समयलाई किनारा लगाउँदै आफ्ना रचना, विभिन्न टिप्पणी, पुस्तक, पत्र-पत्रिका आदि विभिन्न सामग्रीका साथै विविध विषयको ज्ञान दिएर शोधकार्यका लागि सहयोग गर्नुहुने शोधनायक रामप्रसाद पन्तज्यूप्रति पनि म कृतज्ञ छु ।

शोधपत्र तयार गर्ने क्रममा आवश्यक अध्ययन सामग्रीहरू उपलब्ध गराउने त्रि.वि. केन्द्रीय पुस्तकालय, रत्न राज्यलक्ष्मी क्याम्पस, दायित्व वाङ्मय प्रतिष्ठानप्रति म हार्दिक धन्यवाद व्यक्त गर्दछु । यस शोधकार्य गर्न हरसमयमा साथ दिने र आफ्नो व्यस्त समयलाई परवाह नगरी मेरो शोधपत्रलाई टङ्कन समेत गरी सहयोग गर्ने श्रीमान् भरतराज अर्याल प्रति हार्दिक आभार प्रकट गर्दछु ।

अन्त्यमा यस शोधपत्रको समुचित मूल्याङ्कनका लागि रत्न राज्यलक्ष्मी क्याम्पस नेपाली विभाग समक्ष पेश गर्दछु ।

गीता रेग्मी

त्रि.वि.द.न. ९-१-२१-५६-२००१

क्या. द. न. ९२/०६४/०६५

अनुक्रमाङ्क : ४०००२६

# विषय सूची

## पहिलो : परिच्छेद


**शोध परिचय** (१-७)

१.१ विषय परिचय १

१.२ समस्या कथन ३

१.३ शोधकार्यका उद्देश्यहरू ३

१.४ पूर्वकार्यको समीक्षा ३

१.५ औचित्य ६

१.६ शोधकार्यको सीमाङ्कन ६

१.७ शोधविधि एवं सामग्री सङ्कलन ६

१.७.१ सामग्री सङ्कलन विधि ६

१.७.२ सामग्री विश्लेषण विधि ६

१.८ शोधकार्यको रूपरेखा ७


## दोस्रो : परिच्छेद


**रामप्रसाद पन्तको जीवनी र व्यक्तित्व** (८-२१)

२.१ जीवनयात्रा ८

२.१.१ जन्म ८

२.१.२ बाल्यकाल ८

२.१.३ शिक्षादीक्षा ८

२.१.४ वैवाहिक जीवन ९

२.१.५ आर्थिक अवस्था ९

२.१.६ स्वभाव र रूचि १०

२.१.७ साहित्यिक सेवामा प्रवेश र प्रेरणा १०

२.२ लेखकीय व्यक्तित्व ११

२.२.१ कथाकार १२

२.२.२ उपन्यासकार १३

२.२.३ नियात्राकार १४

२.२.४ कवि १५

२.२.५ सम्पादक १६

२.२.६ संस्मरणकार १७

२.३ लेखकेतर व्यक्तित्व १८

२.३.१ प्रशासक १८

२.३.२ अभिभावक १८

२.३.३ समाजसेवी १९

२.३.४ धार्मिक व्यक्तित्व १९

२.४ सम्मान र पुरस्कार २०

२.५ निष्कर्ष २०

**तेस्रो : परिच्छेद**

**यात्रा साहित्यको सिद्धान्त (२२-३२)**

३.१ पृष्ठभूमि २२

३.२ नियात्राको अर्थ र परिभाषा २२

३.३ यात्रा साहित्यको सैद्धान्तिक स्वरूप २४

३.४ यात्रासाहित्यका प्रकार २५

३.५ नियात्राका तत्त्वहरू २८

३.५.१ गतिशीलता २९

३.५.२ स्थानीयता २९

३.५.३ तथ्यात्मकता ३०

३.५.४ निजात्मकता ३०

३.५.५ आत्मीयता ३१

३.४.६ चित्रात्मकता ३१

३.६ निष्कर्ष ३२

## चौथो : परिच्छेद

## यात्रा साहित्यको उद्‌भव र विकास (३३-४८)

४.१ यात्रा साहित्यको परिचय ३३

४.२ पूर्वी साहित्यमा यात्रा वर्णन ३३

४.३ पाश्चात्य साहित्यमा यात्रा वर्णन ३३

४.४ नेपाली साहित्यको सन्दर्भमा यात्रा साहित्य ३४

क) पृष्ठभूमि काल ३६

ख) विकास काल ३७

ग) आधुनिक काल ३७

अ) पूर्वार्द्ध ३८

आ) उत्तरार्द्ध ३९

४.५ पन्तको नियात्रा लेखनको चरण विभाजन ४४

| | | |
|---|---|---|
| | क) पूर्वाद्ध चरण | ४४ |
| | ख) उत्तरार्द्ध चरण | ४६ |
| ४.६ | निष्कर्ष | ४७ |


## पाँचौं : परिच्छेद

## 'यात्रा र अनुभूति' नियात्रासङ्ग्रहको कृतिपरक विश्लेषण (४९-७८)


| | | |
|---|---|---|
| ५.१ | परिचय | ४९ |
| ५.२ | विश्लेषणका आधार | ४९ |
| ५.३.१ | विषयवस्तु | ५० |
| | क) नीलमणिको प्रतिबिम्ब गोसाईंकुण्ड | ५० |
| | ख) यात्राका तीन अनुभव | ५० |
| | ग) त्यो घटना घटेको भए दोष कसले पाउँथ्यो ! | ५१ |
| | घ) अज्ञात युवती | ५१ |
| | ङ) श्रीदुर्गा रिसाल | ५२ |
| | च) भारतीको आलु र निर्मलाको माछा | ५२ |
| | छ) त्यस पुण्यदिनसँग गाँसिएका सम्झनाहरू | ५३ |
| | ज) बादलको घुम्टोभित्र लुकिरह्यो- माछापुच्छ्रे | ५४ |
| | झ) पोखरादेखि बेनीसम्म | ५४ |
| | ञ) मेरो तेस्रो युद्ध अधुरो रह्यो | ५५ |
| | ट) गया तीर्थयात्रा : यात्रा कि जात्रा ! | ५५ |
| | ठ) चरिकोटसँग गाँसिएका दुई सम्झना | ५६ |
| | ड) खतराका पाँच विभाजित रेखाहरू | ५६ |

ढ) त्यस यात्राले भेटाएका साहित्यकारहरू ५७

५.३.२ गतिशीलता ५२

क) नीलमणिको प्रतिबिम्ब गोसाईंकुण्ड ५८

ख) यात्राका तीन अनुभव ५८

ग) त्यो घटना घटेको भए दोष कसले पाउँथ्यो ! ५८

घ) अज्ञात युवती ५९

ङ) श्रीदुर्गा रिसाल ६०

च) भारतीको आलु र निर्मलाको माछा ६०

छ) त्यस पुण्यदिनसँग गाँसिएका सम्झनाहरू ६१

ज) बादलको घुम्टोभित्र लुकिरह्यो- माछापुच्छ्रे ६१

झ) पोखरादेखि बेनीसम्म ६२

ञ) मेरो तेस्रो युद्ध अधुरो रह्यो ६२

ट) गया तीर्थयात्रा : यात्रा कि जात्रा ! ६३

ठ) चरिकोटसँग गाँसिएका दुई सम्झना ६३

ड) खतराका पाँच विभाजित रेखाहरू ६३

ढ) त्यस यात्राले भेटाएका साहित्यकारहरू ६४

५.३.३ प्रस्तुति ६५

क) नीलमणिको प्रतिबिम्ब गोसाईंकुण्ड ६५

ख) यात्राका तीन अनुभव ६५

ग) त्यो घटना घटेको भए दोष कसले पाउँथ्यो ! ६५

घ) अज्ञात युवती ६६

ङ) श्रीदुर्गा रिसाल ६६

च) भारतीको आलु र निर्मलाको माछा ६६
छ) त्यस पुण्यदिनसँग गाँसिएका सम्झनाहरू ६७
ज) बादलको घुम्टोभित्र लुकिरह्यो- माछापुच्छ्रे ६७
झ) पोखरादेखि बेनीसम्म ६७
ञ) मेरो तेस्रो युद्ध अधुरो रह्यो ६८
ट) गया तीर्थयात्रा : यात्रा कि जात्रा ! ६८
ठ) चरिकोटसँग गाँसिएका दुई सम्झना ६८
ड) खतराका पाँच विभाजित रेखाहरू ६९
ढ) त्यस यात्राले भेटाएका साहित्यकारहरू ६९
५.३.४ विचार ७०
क) नीलमणिको प्रतिबिम्ब गोसाईंकुण्ड ७०
ख) यात्राका तीन अनुभव ७०
ग) त्यो घटना घटेको भए दोष कसले पाउँथ्यो ! ७०
घ) अज्ञात युवती ७०
ङ) श्रीदुर्गा रिसाल ७०
च) भारतीको आलु र निर्मलाको माछा ७१
छ) त्यस पुण्यदिनसँग गाँसिएका सम्झनाहरू ७१
ज) बादलको घुम्टोभित्र लुकिरह्यो- माछापुच्छ्रे ७२
झ) पोखरादेखि बेनीसम्म ७२
ञ) मेरो तेस्रो युद्ध अधुरो रह्यो ७२
ट) गया तीर्थयात्रा : यात्रा कि जात्रा ! ७२
ठ) चरिकोटसँग गाँसिएका दुई सम्झना ७३

ड) खतराका पाँच विभाजित रेखाहरू ७३

ढ) त्यस यात्राले भेटाएका साहित्यकारहरू ७३

५.३.५ भाषाशैली ७४

क) नीलमणिको प्रतिबिम्ब गोसाईंकुण्ड ७४

ख) यात्राका तीन अनुभव ७४

ग) त्यो घटना घटेको भए दोष कसले पाउँथ्यो ! ७४

घ) अज्ञात युवती ७४

ङ) श्रीदुर्गा रिसाल ७५

च) भारतीको आलु र निर्मलाको माछा ७५

छ) त्यस पुण्यदिनसँग गाँसिएका सम्झनाहरू ७५

ज) बादलको घुम्टोभित्र लुकिरह्यो- माछापुच्छ्रे ७५

झ) पोखरादेखि बेनीसम्म ७६

ञ) मेरो तेस्रो युद्ध अधुरो रह्यो ७६

ट) गया तीर्थयात्रा : यात्रा कि जात्रा ! ७६

ठ) चरिकोटसँग गाँसिएका दुई सम्झना ७७

ड) खतराका पाँच विभाजित रेखाहरू ७७

ढ) त्यस यात्राले भेटाएका साहित्यकारहरू ७७

५.६ निष्कर्ष ७७

**छैटौं : परिच्छेद**

**उपसंहार र निष्कर्ष** (७९-८२)

६.१ समग्र उपसंहार तथा निष्कर्ष ७९

**सन्दर्भ सामग्री सूची**

# पहिलो : परिच्छेद

# शोध परिचय

## १.१ विषय परिचय

नेपाली साहित्यका विविध विधामा कलम चलाउने व्यक्ति रामप्रसाद पन्त वहुमुखी प्रतिभाका धनी व्यक्तित्व हुन् । यिनी उपन्यासकार, कवि, कथाकार, संस्मरणकार, नियात्राकार तथा सम्पादकको रूपमा नेपाली साहित्यका फाँटमा उदाएका छन् । वि.सं. २०३८ सालमा राष्ट्र बैंकबाट प्रकाशित **'मिर्मिरे'** को ३८ औं अङ्कमा 'आफ्नो मान्छे' शीर्षकको कथा उनको पहिलो प्रकाशित रचना हो । उनको साहित्यिक यात्राको प्रथम प्रकाशित पुस्तकाकार कृति चाहिँ **बिरानो बस्तीमा** (२०४४) सामाजिक उपन्यास हो । चालिसको दशकपछि देखिने सशक्त स्रष्टाहरू मध्ये रामप्रसाद पन्त पनि एक हुन् ।

पन्तका हालसम्म प्रकाशित पुस्तकाकार कृतिहरूमा उपन्यास विधा अन्तर्गत **बिरानो बस्तीमा** (२०४४), **तिन आमाको छोरा** (२०५७), खण्डकाव्यतर्फ **वेदनाका लहरहरू** (२०४७), स्मृतिग्रन्थमा **रामचन्द्र शर्मा** (२०५९), संस्मरण सङ्ग्रहतर्फ **उत्कृष्ट सत्ताइस व्यक्तित्व** (२०६५), **सम्झनाका थुङ्गा** (२०६७), नियात्रातर्फ **जापान भ्रमणका केही सम्झना** (२०५८), **यात्रा र अनुभूति** (२०६०), **पेट्रोनास टावरको सेरोफेरो** (२०६३), **बाह्र सूर्य : सोह्र फन्को** (२०६४), **पर्यन्त देश** (२०६६), **स्मृतिगङ्गाको तीरैतीर** (२०६८), **आस्थाको सरोवर** (२०७०), **पारामाटा किनारबाट** (२०७१) र पछिल्लो कृति **मेरा साठी वर्ष** (२०७१) संस्मरणसङ्ग्रह रहेका छन् । **तितामिठा कुरा** (नैतिक दृष्टान्त, सह-लेखन) (२०६३) साथै सम्पादन तर्फ **शङ्कर कोइराला : कृति अनुशीलन** (२०५८), **शास्त्रका उपदेशहरू** (२०६०), **सेवारत निजामती साहित्यकारहरू** (२०६१), **गुल्मी परिचय** (२०६२), **हृदय स्पर्श** (२०६०) रहेका छन् । उनका प्रकाशोन्मुख कृतिहरूमा नेपाल भ्रमणका '**पखेटा लागेका पैताला** र **मन, गमन** र **अवलोकन**' आदि रहेका छन् ।

बहु प्रतिभामुखी साहित्यकार पन्त अन्य विधामा भन्दा नियात्रा विधामा अझ अगाडि देखिएका छन् । स्वेदेशी तथा विदेशी स्थानहरू जसले ऐतिहासिक, भौगोलिक, पौराणिक, प्राकृतिक वा सामाजिक विशेषता बोकेका छन् त्यस्ता स्थानहरूको यात्रा अनुभवहरूलाई

आफ्नो निजात्मक रङ्ले वास्तविकता नबिग्रिने गरी कलात्मक बनाएर यात्रा वर्णन गर्नु उनको नियात्रात्मक प्रवृत्ति देखिन्छ ।

विशेष स्थानीयताको रमझममा पाठकलाई घुमाउँदै भ्रमणमा उत्सुकता र अनिवार्यताको भावनात्मक विकास गराउने विशेषता बोकेका उनका नियात्राहरूमध्ये प्रायः स्वदेशी परिवेशमा केन्द्रित नियात्रासङ्ग्रह **'यात्रा र अनुभूति'** स्थानीय सामाजिकता, ऐतिहासिकता, भौगोलिकता र धार्मिकता बोकेको नियात्रासङ्ग्रह हो । त्यसकारण नेपाली स्थानका परिवेशको चित्रण र छिमेकी राष्ट्र भारतको 'गया तीर्थयात्रा : यात्रा कि जात्रा' ! यात्रा शब्दकै विकृत रूप जात्रा हो कि ? भनी सुरूमै दुःख, हन्डर, दुर्दशाको अर्को रूप भनी दिइएको छ । यसबाट गया तीर्थयात्रा गर्न जाँदा पाएको दुःख र श्राद्ध गर्न लाग्दाको वस्तुस्थिति देखाउन सक्षम नियात्रासङ्ग्रह **यात्रा र अनुभूति** (२०६०) मा सङ्गृहीत नियात्राहरूको कृतिपरक अध्ययन विश्लेषण गर्नु यस शोधकार्यको विषयवस्तु भएको छ ।

यस नियात्रासङ्ग्रहमा उल्लेख भएका नेपालको पश्चिमी क्षेत्रका स्थानहरूको भौगोलिक, प्राकृतिक, ऐतिहासिक, सामाजिक, सांस्कृतिक तथा विकासात्मक अनुभूतिहरू अभिव्यक्त यस नियात्रासङ्ग्रहको शोधकार्य हुनु औचित्यपूर्ण देखिन्छ ।

विशेष गरी नियात्रात्मक सिद्धान्तका भाव भूमिमा रही नियात्रासङ्ग्रह **'यात्रा र अनुभूति'** मा सङ्गृहीत नियात्राहरूको मूल्याङ्कन गर्दा नियात्राकारको नियात्रागत प्रवृत्ति साथै कृतिगत विशेषता र यसले साहित्यमा पुऱ्याएको योगदानको विश्लेषण गर्नु आवश्यक देखिएकोले त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत स्नातकोत्तर तह (नेपाली विषय) द्वितीय वर्षको दशौं पत्रको प्रयोजनको निम्ति यो शोधकार्य प्रस्तुत छ ।

यस शोधकार्यमा नियात्राकारको साहित्यिक परिचयको साथै शोधप्रस्तावमा प्रस्तावित शीर्षक, समस्या कथन, उद्देश्य र सीमाको परिधिमा रही कृतिगत अध्ययन विश्लेषण गरिएको छ ।

## १.२ समस्या कथन

नियात्राकार रामप्रसाद पन्तको **'यात्रा र अनुभूति'** नियात्रासङ्ग्रहको कृतिपरक अध्ययन नै यस शोधपत्रको मुख्य समस्या रहेको छ । यसै समस्यासँग केन्द्रित रही प्रस्तुत शोधपत्रको निम्न लिखित समस्याहरू निर्धारण गरिएका छन् ।

क) नियात्राकार रामप्रसाद पन्तको नियात्रा प्रवृत्ति के कस्तो रहेको छ ?

ख) **'यात्रा र अनुभूति'** नियात्रासङ्ग्रहमा बिषय वस्तु, भाव विधान र भाषाशैली के कस्तो रहेको छ ? र

ग) **'यात्रा र अनुभूति'** नियात्रासङ्ग्रहमा सङ्गृहीत नियात्राहरू के कस्ता छन् ?

## १.३ शोधकार्यका उद्देश्यहरू

शोध समस्याका रूपमा देखिएका विषयहरूको उत्तर वा समाधान पहिल्याउनु नै यस शोधपत्रको उद्देश्य हुनाले शोधपत्रको समस्यालाई समाधान गर्ने सन्दर्भमा व्याख्या, विश्लेषण र समाधान के कसरी गर्न सकिन्छ भन्ने कुरामा केन्द्रित रहेर अध्ययन गर्ने क्रममा निम्न लिखित उद्देश्यहरू अघि सारिएका छन् :

क) नियात्राकार रामप्रसाद पन्तको नियात्रात्मक प्रवृत्तिको निक्यौंल गर्नु ।

ख) **'यात्रा र अनुभूति'** नियात्रासङ्ग्रहमा विषय वस्तु, भाव विधान र भाषाशैलीको निरूपण गर्नु ।

ग) नियात्राकार रामप्रसाद पन्तको **'यात्रा र अनुभूति'** नियात्रासङ्ग्रहमा सङ्गृहीत नियात्राहरूको विश्लेषण गर्नु ।

## १.४ पूर्वकार्यको समीक्षा

विगत तीन दशकदेखि साहित्य सृजनामा साधनारत यात्राकार रामप्रसाद पन्तका साहित्यको अन्य विधामा कृतिगत व्यक्तित्व र कृतिहरूको अध्ययन विश्लेषण गरी विधागत विशेषताको आधारमा चिनाउने प्रयास गरेको भए तापनि नियात्राकारको रूपमा विशेष रूपले चिनाउने प्रयास भने कमै भएको देखिन्छ । उनको व्यक्तित्व र कृति बारे जति काम भएको छ, विभिन्न विद्वानहरूबाट गरिएका पूर्वाध्ययनका विवरणहरू निम्नानुसार छन् ।

तारानाथ शर्माले **जापान भ्रमणका केही सम्झनाहरू** (२०५८) को प्राक्कथनमा भनेका छन् – रामप्रसाद पन्तले यात्रावर्णनमा निस्तो सूचनामात्र प्रवाहित नगरी आफूलाई समेत हृदय घोप्ट्याएर खन्याएकाले उनका नियात्राहरु साहित्यिक मूल्यका कसीमा खरा ठहरिएका छन् ।

कृष्णचन्द्र सिंह प्रधानले **यात्रा र अनुभूति** (२०६०) मा भूमिका लेख्ने क्रममा नरम, नबिझ्ने, नठोकिने भाषा, सरल र वर्णनात्मक शैली, ठाँटबाँट बिनाको पहिरन जस्तो ठिक प्रस्तुति, सोझो भनाइ, कपट रहित कथन, जस्तो देख्यो त्यस्तै लेख्ने पारदर्शिता जस्ता विशेषता बोकेका नियात्राकार हुन् भनेर पन्तका व्यक्तित्वको चर्चा गरेका छन् ।

आमोदप्रसाद भट्टराईले **पेट्रोनास टावरको सेरोफेरो** (२०६३) मा मन्तव्य दिने प्रसङ्गमा रामप्रसाद पन्तलाई सल्लाह दिँदै प्रकाशित नियात्राहरूको रचनात्मक कला राम्रो छ, प्रस्तुति र शैली राम्रो छ, अझ आउने नियात्राहरू मौलिक वा अनुदित नियात्रासँग तुलनात्मक अध्ययन गर्न सकिने भएर आऊन् भन्ने शुभेच्छा प्रकट गरेका छन् ।

यादव भट्टराईले **पेट्रोनास टावरको सेरोफेरो** (२०६३) को आवरण पृष्ठमा पन्तको व्यक्तित्वको चर्चा गर्दै भनेका छन् – पन्त मानवीय प्रशंसा र चरित्रका थुप्रै कौतुकमय दृश्य र घटनावली, टिपोट, पढ्न र आस्वादन लिन सकिने नियात्राका नियात्राकार हुन् भनेका छन् ।

वैरागी जेठाले **पेट्रोनास टावरको सेरोफेरो** (२०६३) को आवरणमा, रामप्रसाद पन्तका नियात्राहरू छायाँवादी प्रभावमा मौलाएका हुँदाहुँदै पनि सौन्दर्य शास्त्रको धारमा बग्न खोज्ने धर्म बोकेका कृतिहरू हुन् भनेर भनेका छन् ।

सुमित्रा बास्कोटाले **पेट्रोनास टावरको सेरोफेरो** (२०६३) को आवरण पेजमा उल्लेख भए अनुसार रामप्रसाद पन्तको साहित्यिक व्यक्तित्वको चर्चा गर्दै भनेका छन् – पन्त आफ्नो रचनामा रसमय, सरल र सबल शैलीमा नियात्रा लेखेर साहित्यको फाँटमा सुगन्धमय बनाउने साहित्यकार हुन् ।

निर्मोही व्यासले **बाह्र सूर्य : सोह्र फन्को** (२०६४) नियात्रासङ्ग्रहको भूमिकामा पन्तको साहित्यिक व्यक्तित्वको चर्चा गर्दै भनेका छन् – पन्त स्वदेशी प्रकृति र संस्कृतिसितको स्नेहशील, सानिध्य एवम् सरल जनजीवनप्रति अगाध प्रेम, समाजको सुकृतिहरूप्रति प्रशंसात्मक र उष्कृतिहरूप्रति आलोचनात्मक टिप्पणीको साथै सुधारको आग्रह, सरल र शुद्ध र प्रवाहमय

अनौपचारिक सजीव भाषाशैली एवम् निजात्मकता समन्वित, रोचक, रागात्मक र रसात्मक प्रस्तुतिमा यात्रा अनुभूतिको निश्छल अभिव्यक्ति जस्ता वैशिष्ट्य भएका नियात्राकार हुन् ।

रामप्रसाद दाहालले **बाह्र सूर्य : सोह्र फन्को** (२०६४) नियात्रासङ्ग्रहकै सम्मति लेख्ने क्रममा बाह्र सूर्य : सोह्र फन्कोमा म बरालिदा शीर्षकमा नियात्राकार रामप्रसाद पन्तले विभिन्न विधामा दर्जनौं कृतिहरू पस्केका छन् । कृतिहरू पस्कँदा बादलका बुट्टा भरेर निरन्तर लेखनीलाई गति दिइरहने र यात्राभित्रको अनुभूतिमा बगाएका सुगमता र बाधगम्यताका झल्कामिल्काहरूको सँगालोमा यात्रा पस्कनुको साथै नियात्रात्मक तत्त्वयुक्त नियात्रा दिने नियात्राकार हुन् भनेका छन् ।

घनश्याम न्यौपाने परिश्रमीले **पर्यन्तदेश** (२०६६) नियात्रासङ्ग्रमा सम्मति दिँदा भनेका छन् – रामप्रसाद पन्त नेपाली भाषा र साहित्यको उत्थान र उन्नयनका खातिर सतत समर्पित स्रष्टा व्यक्तित्व हुन् ।

वसन्तकुमार शर्मा 'नेपाल' ले **पर्यन्तदेश** (२०६६) नियात्रासङ्ग्रमा सम्मति दिँदा नियात्राकार पन्तको कृतिगत मूल्याङ्कन गर्दै भनेका छन् – नेपाली भाषा साहित्यको फाँटमा विभिन्न विधामा दर्जनौं किताब दिने व्यक्ति पन्त आफ्ना रचनाहरू कल्पना र अलङ्कारहरूले नरङ्गियुन् भनेर सतर्क हुँदै रचनामा स्वाभाविकता, वास्तविकता देखाउन खोज्ने कृतिकार हुन् ।

उमेशप्रसाद रेग्मी (२०६६) आफ्नो स्नातकोत्तर तहको **तारानाथ शर्माका स्वदेशपरक नियात्राको अध्ययन** शीर्षकको शोधपत्रमा रामप्रसाद पन्त यात्रा अनुभवहरूलाई वर्णनात्मक शिल्पमा ढालेर भावमय प्रस्तुति दिन सक्ने निजात्मक नियात्राकार हुन् भनेका छन् ।

देवी चन्द्र श्रेष्ठले **स्मृतिगङ्गाको तीरैतीर** (२०६८) को 'हिमनदीको सौराइमा केही छचल्का' शीर्षकमा रामप्रसाद पन्तको व्यक्तित्वको चर्चा गर्दै भनेका छन् – पन्तजीको यात्रावृत्ति कर्णाली जस्तो पिछडिएको प्रदेशको खोजीमा एउटा कोसेढुङ्गा भएर अगाडि बढेको छ ।

उपर्युक्त लेखक तथा समीक्षकहरूले पन्तलाई नियात्राकारका रुपमा चिनाउनुको साथै सम्बन्धित कृतिको सामान्य समीक्षा तथा भावको सङ्केतात्मक सूचना प्रस्तुत गरेको देखिन्छ । उक्त अध्ययनले परिचयात्मक स्वरूप प्रस्तुत गर्नु बाहेक खासै विश्लेषण गरेको देखिँदैन ।

## १.५ औचित्य

साहित्यकार रामप्रसाद पन्त कविता, खण्डकाव्य, उपन्यास, कथा, लघुकथा, एकाङ्की यात्रा साहित्य जस्ता विविध साहित्यिक विधामा कलम चलाउने विशिष्ट एवं बहुमुखी प्रतिभा भएका व्यक्तित्व हुन् । उनले हालसम्म नियात्रा क्षेत्रमा बढी कलम चलाएको देखिन्छ । यहाँ पन्तको **'यात्रा र अनुभूति'** नियात्रासङ्ग्रहको कृतिपरक अध्ययन गरी उक्त कृतिका संरचनागत स्वरूप, भाव, वैचारिक धरातल र भाषाशैली आदि विभिन्न कोणबाट विश्लेषण गर्दै त्यसको मूल्याङ्कन समेत प्रस्तुत गरिएकोले यस शोधपत्रको औचित्य रहेको कुरा स्पष्ट हुन्छ ।

## १.६ शोधकार्यको सीमाङ्कन

नियात्राकार रामप्रसाद पन्तका अनेक नियात्रात्मक पुस्तकाकार कृतिमध्ये **'यात्रा र अनुभूति'** (२०६०) मा सङ्गृहीत नियात्राहरूको मात्र अध्ययन विश्लेषण गरिएको छ । प्रस्तुत कृतिको कृतिपरक विश्लेषण मात्र यस शोधकार्यको सीमा रहेको छ । यस अध्ययनमा प्रसङ्गवश अन्य कृतिहरूको पनि उल्लेख गरिएको छ ।

## १.७ शोधविधि एवं सामग्री सङ्कलन

### १.७.१ सामग्री सङ्कलन विधि

प्रस्तुत शोधकार्यमा सामग्री सङ्कलन मूलतः पुस्तकालय विधिमा आधारित भएर गरिएको छ । यसैगरी अंशतः शोधनायक सँग सम्पर्कमा रहेर मौखिक प्रश्नावलीका आधारमा उपलब्ध जानकारीलाई सामग्रीको रूपमा लिइएको छ । शोधनायकका अन्य कृतिका प्राक्कथन भूमिकालाई पनि उपयोग गरिएको छ । साथै शोधनायक एवं निजका कृतिसँग परिचित अन्य व्यक्तिहरू सँगको कुराकानीबाट प्राप्त जानकारीलाई पनि सामग्रीको रूपमा लिइएको छ ।

### १.७.२ सामग्री विश्लेषण विधि

**'यात्रा र अनुभूति'** नियात्रासङ्ग्रहलाई विभिन्न कोणबाट विश्लेषण गर्न विभिन्न पुस्तकको अवलोकन एवं ऐतिहासिक, विवरणात्मक, वर्णनात्मक र आवश्यकतानुसार तुलनात्मक पद्धतिको समेत प्रयोग गरिएको छ । यसका साथै पन्तलाई बिबिध पाटाहरुबाट चिन्ने व्यक्तित्व बाट प्राप्त सल्लाह, सुझाव समेत प्रयोग गरी प्रस्तुत शोधकार्य सम्पन्न गरिएको छ ।

### १.८ शोधकार्यको रुपरेखा

यस कार्यको संरचनालाई व्यवस्थित र सङ्गठित ढङ्गले प्रस्तुत गर्न निम्न लिखित परिच्छेदमा विभाजन गरिएको छ ।

पहिलो परिच्छेद : शोध परिचय

दोस्रो परिच्छेद : रामप्रसाद पन्तको जीवनी र व्यक्तित्व

तेस्रो परिच्छेद : यात्रासाहित्यको सैद्धान्तिक स्वरूप

चौथो परिच्छेद : नेपाली यात्रासाहित्यको उद्‌भव र विकास

पाँचौं परिच्छेद : **'यात्रा र अनुभूति'** नियात्रासङ्ग्रहको कृतिपरक विश्लेषण

छैटौं परिच्छेद : उपसंहार तथा निष्कर्ष

# दोस्रो : परिच्छेद

# रामप्रसाद पन्तको जीवनी र व्यक्तित्व

## २.१ जीवनयात्रा

### २.१.१ जन्म

रामप्रसाद पन्तको जन्म वि.सं. २०१० साल पौष २३ गते लुम्बिनी अञ्चलको गुल्मी जिल्ला बलेटक्सार गा.वि.स. वडा नं. ८ दार्सिङबास भन्ने गाँउमा गुणाकार पन्त र हरिकला पन्तको कोखबाट भएको हो । तिन दाजुभाइ र तिन दिदी बहिनीका परिवारका सदस्य रामप्रसाद पन्तको एकदेव पन्त ठूला दाइ र केशव पन्त भाइ हुन् भने आफू माइला छोरा हुन् । रूक्मी पन्त (भण्डारी), मिना पन्त (पाण्डे), पवित्रा पन्त (काफ्ले) उनका दिदी बहिनी हुन् । उनका सन्तानहरूमा विज्ञान पन्त र मनिष पन्त छोरा हुन् भने मनिषा पन्त छोरी हुन् ।

### २.१.२ बाल्यकाल

पारिवारिक अवस्था मध्यम भएका कारण रामप्रसाद पन्तको बाल्यकाल सामान्य रूपमा नै बित्यो । असाध्यै चन्चले स्वभावका पन्तको बाल्यकाल घर र मावली गाउँ हुँगामा बितेको थियो । बाबा, आमा र मामा माइजूका साथ घरगाउँ गरेर, गाउँबेसी चहारेर, गाई चराएर पन्तको बाल्यकाल बित्यो । चन्चले र उपद्रव स्वभावले गर्दा मामाघर पुऱ्याउँदा पनि निदाएको समयमा पुऱ्याउनुपर्ने, मामाघरमा पनि घरगोठका छानाछानामा रूखरूखमा कुद्ने आफ्नो जिद्दी नछोड्ने कारणले गर्दा अभिभावकलाई संरक्षण गर्न गाह्रो परेको थियो (भण्डारी : २०७० : ६) ।

### २.१.३ शिक्षादीक्षा

छोरालाई पढाएर एउटा प्रतिष्ठित समाजसेवी बनाउन चाहने उहाँको बुबा आमाको सदिच्छा अनुसार बाल्यकालमा नै उहाँको गुरुकुलीय शिक्षा पद्दति अनुसार गाउँको पढेलेखेको व्यक्ति बाट अक्षरारम्भ भएको थियो । गाउँमा विद्यालय नभएकोले मामा घरबाट प्राथमिक शिक्षा पूरा गरी माध्यमिक तह छिमेकी गाउँ थोर्गा र पाल्पा अर्चलेमा अध्ययन गरेका थिए तर त्यहाँ प्रवेशिका परीक्षाको व्यवस्था नभएको र बुवाआमाको इच्छा अनुसार पन्त, संस्कृत अध्ययनार्थ भारतको वनारस गई संस्कृत साहित्यमा शास्त्री पास गरेका थिए । संस्कृत

साहित्यबाट शास्त्री गरे पश्चात सँगै एक विषयक अंग्रेजीमा स्नातक उत्तीर्ण गरे । जन्मभूमि फर्की साथीको आग्रहमा जागिरमा प्रवेश गर्ने र बाँकी शिक्षा पुरा गर्ने सल्लाह बमोजिम वि.सं. २०३३ सालमा राजधानी आएका थिए । उनले त्रिभुवन विश्वविधालय बाट नेपाली साहित्यमा स्नातकोत्तर उत्तीर्ण गरेका छन् । मध्यम परिवारमा जन्मिएका पन्त सानै उमेर देखि जिज्ञासु स्वभावका थिए । उनी स्कुले जीवन देखिनै चित्र कोर्ने, प्रतियोगात्मक अतिरिक्त कलामा चाख लिन्थे । भाग लिएको प्रतियोगात्मक कार्यक्रममा प्रायः प्रथम हुन्थे । वनारसमा पनि चित्र प्रतियोगिता हुँदा प्रथम भएको कुरा पन्त स्वयं बताउँछन् । स्नातकोत्तर पछि औपचारिक अध्ययनबाट विश्राम लिए पनि अनौपचारिक रूपले गरिने शिक्षा आर्जनमा भने पन्त हालसम्म गतिशील भइरहेका छन् ।

### २.१.४ वैवाहिक जीवन

सामाजिक मूल्यमान्यताको आत्मसात् गर्दै वैदिक परम्परा अनुसार १४ वर्षको उमेरमा गुल्मी जिल्लाकै सीता कँडेलसँग विवाह भयो । क्यान्सर रोगको कारण विवाह गरेको चौध वर्षमा वि.सं. २०३८ सालमा जेठी पत्नी सीता कँडेलको मृत्यु भयो (शोधनायक पन्त) । यसरी प्रथम पत्नीसँग लामो दाम्पत्य जीवन बिताउन नपाएका पन्त पुनः वैवाहिक बन्धनमा बाँधिन चाहेनन् तर परिवार र आफन्तहरुको दवावमा काठमाडौंकी लक्ष्मी शर्मासँग दोस्रो विवाह गरे । अहिले उनकी जेठी पत्नीबाट एक छोरा र कान्छीबाट एक छोरा र एक छोरी छन् । विज्ञान पन्त, मनिष पन्त दुई छोरा हुन् भने मनिषा पन्त छोरी हुन् ।

### २.१.५ आर्थिक अवस्था

मध्यम वर्गाय परिवारमा जन्मिएका पन्तको आमाबुवाको मुख्य पेशा कृषि भएको र आफ्नो दैनिक जीवन धान्न त्यति कठिनाइ नपरेको स्वयं नियात्राकार बताउँछन् । प्राथमिक र माध्यमिक शिक्षाको अन्त्यसँगै बनारसबाट संस्कृत साहित्यमा अध्ययन गर्दा आफै कमाउनु परेन । वि.सं. २०३३ सालमा राजधानी प्रवेशसँगै जागिर खान सुरू गरेका पन्त वि.सं. २०४४ सालमा सरकारी सेवामा प्रवेश गरी भर्खर निवृत्त भएका छन् । नेपाली साहित्य लेखन, पत्रकारिता एवं प्रशासनिक क्षेत्रमा संलग्न भएकाले पन्तले आफ्नो जिबिका राम्रैसँग चलाएका छन् । आफ्नै पैतृक सम्पत्ति गुल्मीमा यथावत् राखेका पन्तले हाल काठमाडौंको चावहिलमा

निवास बनाई सन्तानहरूलाई उचित शिक्षा र लालनपालन गर्दै आएका छन् । यसर्थ आर्थिक दृष्टिले उनको दिनचर्या राम्रैसँग बितेको छ ।

### २.१.६ स्वभाव र रूचि

मानिसको स्वभावमा वातावरणको अहम् भूमिका रहन्छ । रामप्रसाद पन्तको कुलीन परिवार र शिक्षित व्यक्तिहरूसँगको जमघटले यिनको स्वभाव अत्यन्त मृदुभाषी शालीन र शिष्ट रहेको छ । कहिलेकाँही ठट्टा गर्न मन पराउने पन्त कुरा गर्दा गर्दै बिच बिचमा हाँस्ने स्वभावले यिनको व्यक्तित्वमा अझ निखार ल्याएको देखिन्छ । साहित्यकार व्यक्ति भएकाले स्वभावमा केही गम्भीरता पाइन्छ । तडकभडक बाट टाढा रहन खोज्ने सदाचार सत्कर्ममा संलग्न रहने स्वभाव पन्तमा रहेको देखिन्छ । कोमल प्रकृतिको हृदय भएका पन्तमा अहंकार भन्ने कुरा देखिदैन । हिन्दु सनातन धर्म संस्कृतिका अनुयायी भए पनि धर्म प्रतिको कट्टरता यिनमा रहेको पाइदैन । त्यसैले यिनमा अन्य धर्म संस्कृतिको पनि सम्मान गर्ने स्वभाव रहेको देखिन्छ ।

हरेक मानिसहरूको आ-आफ्नो रूचि र स्वभाव हुन्छन् । मानिसको चाहना वा रूचि अनुसार नै उसको व्यक्तित्व निर्माण भएको हुन्छ । खानामा पन्त साात्विक नेपाली खाना मन पराउँछन् भने मद्यपान र धुम्रपानबाट टाढै रहन्छन् । यिनी प्रायः फलफूल खान रूचाउँछन् । साहित्यिक रूचिका सन्दर्भमा आख्यान र यात्रापरक लेख मन पराउँछन् । साहित्यकार विश्वेश्वर प्रसाद कोइरालाको यौन मनोविज्ञान बाट प्रभावित यिनले आफ्ना रचनामा यौन मूलक साहित्यलाई प्रतीकात्मक रूपमा राख्न मन पराउँछन् । प्रकृतिको सुन्दरतामा रम्न खोज्ने पन्तले फुर्सदको समयमा ज्ञानमूलक चलचित्र एवं सङ्गीत सुन्ने गर्दछन् । रामप्रसाद पन्तले अञ्चलमा लुम्बिनी, जिल्लामा गुल्मी, गा.वि.स. मा बलेटक्सार, हिमालमा सगरमाथा, मानिसमा यथार्थवादी, पत्रिकामा साहित्यिक, राजनीतिमा प्रजातन्त्र, काममा समाज सेवा मन पराउँछन् ।

### २.१.७ साहित्यिक सेवामा प्रवेश र प्रेरणा

रामप्रसाद पन्तको साहित्यिक जीवनीको निर्माण आफ्नै आन्तरिक सृजनात्मक उर्जाबाट भएको देखिन्छ । पन्तले अध्ययनका क्रममा आफ्ना अग्रजहरूको साहित्यिक रचनाहरूका पाठ वा पाठ्यांश पढ्ने गर्दा आफूले पनि त्यस्तै साहित्यिक रचना गरी नेपाली साहित्यमा आफ्नो कृति स्थापित गर्ने अठोट गरेका थिए । सानै उमेरदेखि एकान्त ठाउँ, नदीनाला, वन जङ्गल

जस्ता प्राकृतिक सौन्दर्य प्रति आकर्षित हुने पन्तलाई आमाको पण्डित बनाउने इच्छा र बाबुको ठूलो विद्वान् बनाई गाउँ समाजमा मै हुँ भनाउँदा जाली फटाहाहरूको अघि केही गरेर देखाओस् र पछिसम्म सबैले सम्झने अमर व्यक्ति बनोस् भन्ने आमाबाबुको सदिच्छा पूरा गर्नको लागि अरू क्षेत्र भन्दा साहित्य क्षेत्र पन्तको लागि सहज भएका कारण साहित्य तर्फ झुकाव देखिन्छ । पहिलो कृति **'बिरानो बस्ती'** उपन्यास (२०४४) को मेरो भन्नु शीर्षकमा उपन्यासकार शङ्कर कोइराला र पत्रकार बाल मुकुन्द देव पाण्डेको सल्लाहबाट अगाडि बढेको कुरा उल्लेख छ । त्यस्तै **पुष्प मञ्जरी** कथासङ्ग्रहको **'छ वर्षको पच्चिस कथा'** शीर्षकमा गुरू प्रसाद मैनालीको सामाजिक यथार्थवादी धारालाई नै मैले अनुसरण गरेको छु भन्ने भनाइ रहेको छ । यस्तै अरू विधामा पनि प्रभाव देखिन्छ तर व्यक्ति किटान पाइएको छैन । त्यसैले रामप्रसाद पन्तका कृतिहरूलाई अध्ययन गर्दा लेखनको प्रवेश विधागत अग्रज स्रष्टाहरूका लेख रचनाको स्वअध्ययनबाट प्रेरित देखिन्छ । स्वअध्ययनको अनुभवलाई कृतिगत मूर्तता दिनुपूर्व विभिन्न विधाविद्हरू सँगको भेटघाट र सरसल्लाहनै साहित्य रचनाको प्रेरणाको स्रोत मान्न सकिन्छ । देश विदेशको भ्रमणले त्यहाँको रमणीय वातावरणले पारेको प्रभाव, संस्कृति र नेपाली वरिष्ठ साहित्यकारका कृतिहरूको अध्ययन, गुरुहरुको हौसला अग्रजहरूको प्रेरणा, असल सङ्गत, पूर्व तथा वर्तमान साहित्यिक समाजको रचनात्मक ज्ञान र आन्तरिक उर्जानै पन्तलाई साहित्यिक क्षेत्रमा प्रवेश गराउने तत्वहरू हुन् भनेर नियात्राकार सँगको भेटघाटमा सोधपुछबाट जानकारी पाइन्छ । यिनै तात्विक सामञ्जस्यताका कारणहरू उनको साहित्यिक क्षेत्रको प्रवेश, प्रेरणाका स्रोत भएको देखिन्छ ।

### २.२ लेखकीय व्यक्तित्व

कुनै पनि व्यक्तिको व्यक्तित्व उसका जीवनका आरोह अवरोह, घात प्रतिघात, क्रिया प्रतिक्रिया र जीवन भोगाइमा निर्भर रहन्छ । व्यक्तिको साहित्यिक सृजनामा कुनै पनि मानिसको जीवन भोगाइमा आउने विविध घटना, जीवनका मोड प्रतिमोडले प्रमुख भूमिका खेलेको हुन्छ । यसै गरि ऊ बाँचेको परिवेश पारिवारीक पृष्ठभूमि, सामाजिक, सांस्कृतिक रूचि, पेशा शिक्षादीक्षा आदिले साहित्य लेखनमा उल्लेखनीय सहयोग पुऱ्याएको हुन्छ । यी सबै कुराको प्रभाव पन्तका सृजनामा पनि परेको पाइन्छ । साहित्यिक विविध विधामा कलम चलाएका साहित्यकार रामप्रसाद पन्तलाई लेखकीय व्यक्तित्वको रूपमा यसरी चिनाउन सकिन्छ ।

### २.२.१ कथाकार

साहित्यकार रामप्रसाद पन्तले वि.सं. २०३८ सालमा नेपाल राष्ट्र बैंकबाट प्रकाशित **मिर्मिरे**को ३९ औं अङ्कमा **आफ्नो मान्छे** शीर्षकको कथा प्रकाशन गरी साहित्यिक यात्रामा पाइला चालेका हुन् । करीव अढाइ दशक देखि कथा लेखन तर्फ अग्रसर रहेका पन्तका कथाहरू विभिन्न पत्रपत्रिकामा प्रकाशित भएका छन् । एक्काइस वर्ष अवधिका करिब एक्काइस कथाहरू सङ्कलन भएको प्राय (तिन वटा बाहेक) विभिन्न पत्रिकामा प्रकाशन भएका कथाहरूलाई समेटेर **रुक्मी दिदी** कथासङ्ग्रह (२०६१), बाइस वर्षको अवधिमा रचना गरिएको बत्तीस कथाहरूको सङ्गालो **सन्झ्याल** (२०६२) र **पुष्पमञ्जरी** (२०६९) प्रकाशित भइसकेका छन् । यी प्रकाशित कथाहरूको अध्ययन बाट कथाकार रामप्रसाद पन्त सामाजिक यथार्थवादी धाराका कथाकार हुन् भन्न सकिन्छ । नेपाली समाजका सामाजिक परिवेशलाई भावभूमि बनाएर विषय सन्दर्भ र घटनाको केन्द्रियतामा उनका कथाहरू पाइन्छन् । उनका कथाहरू हेर्दा केही स्वच्छन्द स्वरूपका, केही मनोवैज्ञानिक स्वरूपका भने केही प्रयोगवादी स्वरूपका पनि देखिन्छन् तापनि मूलधार चाहिं सामाजिक यथार्थता नै हो ।

सामाजिक यौन अतृप्तता र स्वतन्त्र आचरणका नारीको व्यवहार ग्रामीण समाजको आर्थिक दुरावस्था मान्छेको आदर्शवादी चरित्रमा लुकेको आडम्बर, वर्तमान राजनीतिप्रति वितृष्णा, प्रेमको आदर्श र अल्लारे प्रवृत्ति, पैसावाल मानिसको आडमा उब्जेको धाक, अरबको खाडीमा जानेको कथा, सहरको यथार्थतालाई सामाजिक परिवेशमा वास्तविकतालाई क्रमशः सरला, दर्लामी, जेठो, दोस्रो अनुहार, आसक्ति कालो सहर, प्रेमरोग उल्का र लाभाहरू र कमलहरू जस्ता प्रतिकात्मक शीर्षक दिएर कथाहरू लेखेका छन् ।

यथार्थलाई नजिकबाट छाम्नु, प्रयोगशीलतामा सरलता ल्याउनु, सहरिया र ग्रामीण परिवेशका सरल र तरल विषयवस्तु चयन गर्नु, मानिसका चरित्र तथा मनोभाव गर्नु, मानिसका चरित्र तथा मनोभावलाई पर्गेलेर कथा लेख्नु, मान्छे भित्र मान्छे खोतल्नु, आदर्शद्वारा अनुप्राणित यथार्थ देखाउनु पन्तका कथागत प्रवृत्ति हुन् ।

घटना प्रधान, चरित्र प्रधान र परिवेश प्रधान कथा लेखेर सामाजिक यथार्थताको उजागर गर्दै सुधारवादी र नीतिवादी दृष्टिकोण तथा परम्परागत मूल्य र मान्यताको समर्थन जस्ता सामाजिक संरचनागत मान्यताका झण्डै सय वटा कथाहरू तिन कथासङ्ग्रहमा प्रकाशित गरी

नेपाली साहित्यमा पन्तले योगदान पुऱ्याएका छन् । मस्तिष्कले भन्दा मनले पढिने हुनु सामान्य घटनालाई र मान्छेका विविध चरित्रलाई आख्यानीकरण गर्नु उनको कथागत विशेषता देखिन्छ ।

यसरी उनका कथा पढ्दा उनलाई नेपाली समाजमा घट्ने यथार्थ घटना र कर्मचारीमा हुने अन्याय, ढिलासुस्ती नारीका यौन दमित चाहना, पति प्रेम र यथार्थतालाई ओजपूर्ण तवरले प्रस्तुत गरिएको छ । उनका कथासङ्ग्रहहरूको अध्ययनबाट उनलाई प्रकृतिवादी, मानवतावादी, फायडवादी र आध्यात्मवादी व्यक्तित्वका रूपमा लिन सकिने देखिन्छ ।

### २.२.२ उपन्यासकार

सामाजिक यथार्थ घटना, कुरीति, अन्याय, शोषण, दमन आदि लाई टपक्क टिपेर विषयवस्तुको रूप दिने र त्यस्ता घटनाहरूलाई आफ्ना रचनाहरूमा उतार्न सफल पन्त ग्रामीण जनजीवनलाई उपन्यासको विषयवस्तु बनाउँछन् । विभिन्न पत्रपत्रिका मार्फत अरू रचनाहरू प्रकाशित भएता पनि पन्तको पहिलो पुस्तकाकार कृति सामाजिक उपन्यास **विरानो बस्तीमा** (२०४४) हो । हालसम्म उनका **बिरानो बस्तीमा** (२०४४) र **तीन आमाको छोरा** (२०५७) प्रकाशित उपन्यास हुन् ।

यी दुई उपन्यासमा नेपाली ग्रामीण समाज कुन परिस्थितिमा पिरोलिएको छ भन्ने सामाजिक चित्रण र नेपाली ग्रामीण समाजमा जरा गाढेको शोषण, दमन, सामन्ती प्रथाको जगजगी, शोषक र शोषित बिचको द्वन्द र सत्यको जीत जस्ता सामाजिक यथार्थ देखाइएको छ ।

सामाजिक यथार्थताको चित्रण गर्नु, काल्पनिक परिवेशमै पनि सामाजिक यथार्थतालाई जीवन्तता दिनु, सरल र स्वभाविक पात्रको चयन गरी त्यो पात्रहरू बाट वस्तुवादी चरित्र चित्रण गराउनु उपन्यासकारको विशेषता देखिन्छ । समाजको वस्तुस्थितिको चित्रण गर्दै सुधारात्मक चेतना दिनु उपन्यासकारको प्रवृत्ति हो । वियोगान्त परिवेशमा उपन्यास रचेर ग्रामीण जीवनको वास्तविकताको परिचान गराउनुको साथै संसयुक्त शीर्षक राखेर कारूणिक भावयुक्त शीर्षक राखेर कारूणिक भावयुक्त परिवेशमा सामाजिक विषय पस्कनु उनको औपन्यासिक प्रवृत्ति मान्न सकिन्छ ।

### २.२.३ नियात्राकार

आफ्नै भ्रमणबाट प्राप्त अनुभूतिको आधारमा संसारलाई बुझ्नु पर्छ भन्ने मात्यता राख्ने नियात्राकार रामप्रसाद पन्तले आफ्ना गाउँठाउँका प्राकृतिक, सांस्कृतिक, धार्मिक, ऐतिहासिक तथा अन्य विशिष्टता रहेका स्थानहरूको भ्रमण गरी यथेष्ट ज्ञान हासिल गर्नु पर्दछ भन्ने मान्यता राख्दछन् । पन्त प्रशासनिक कार्य, व्यक्तिगत कार्य तथा स्वेच्छिक भ्रमणका क्रममा नेपालका अधिकांश भागहरू र भारत, चीन, जापान, मलेसिया, सिङ्गापुर, थाइल्याण्ड, युगाण्डा, कङ्गो, अष्ट्रेलिया आदि देशहरू भ्रमण गरी यथेष्ट ज्ञान तथा अनुभव प्राप्त गरेका छन् । तिनै भ्रमणका ज्ञान र अनुभूतिलाई साहित्यिक रचनामा बुनेर नियात्रासङ्ग्रहहरू बनाएका छन् । पन्तका हालसम्मका प्रकाशित नियात्रासङ्ग्रहहरूमा **जापान भ्रमणका केही सम्झनाहरू** (२०५८), **यात्रा र अनुभूति** (२०६०, **पेट्रोनास टावरको सेरेफेरो** (२०६३), **बाह्र सूर्य : सोह्र फन्को** (२०६४), **पर्यन्त देश** (२०६६), **स्मृति गंगाको तीरैतीर** (२०६८), **आस्थाको सरोवर** (२०७०) र **पारामाटा किनारबाट** (२०७१) रहेका छन् ।

यी नियात्राहरूको अध्ययनबाट नियात्राकार पन्त, समयलाई अवसरमा बदल्ने आफ्नो भ्रमणलाई माध्यम बनाएर पाठकलाई भ्रमण गराउने, भ्रमण परिवेशको सचित्र वर्णन गर्ने राष्ट्रको अस्तित्व र उन्नतिमा चिन्तनशील रहने, आन्तरिक पर्यटनलाई महत्व दिने, धर्म संस्कृतिमा विश्वास राख्ने, प्राकृतिक हृदयमा अनुराग देखाउने, स्थानीयताको उत्थानमा लाग्ने, वस्तुगततामा आत्मपरकता घोलेर देखाउने, विकृति र विसङ्गति विरूद्ध आवाज उठाउने, नैतिक मूल्य मान्यतालाई जीवन सम्झने प्रवृत्तिका नियात्राकार हुन् भन्न सकिन्छ ।

नेपालीनियात्राको फाँटमा पाठकको मनलाई उद्वेलित गर्न सक्ने क्षमता भएका घटना र प्रसङ्हरू रोचक, घोचक र रोमाञ्चक पारामा प्रस्तुत गर्नु उनको विशेषता हो (घनश्याम न्यौपाने, पर्यन्त देश, पृ.झ) ।

पन्तजीको यात्रावृत्ति कर्णालीजस्तो पिछडिएको प्रदेशको खोजीमा एउटा कोसेढुङ्गा भएर अगाडि बढेको छ (देवीचन्द्र श्रेष्ठ, स्मृतिगङ्गाको तीरैतीर, पृ.च) ।

नेपाली भाषा साहित्यको फाँटमा विभिन्न विधामा दर्जनौं किताब दिने व्यक्ति पन्त आफ्ना रचनाहरू कल्पना र अलङ्कारहरूले नरङ्गियुन् भनेर सतर्क हुँदै रचनामा स्वाभाविक, वास्तविकता देखाउन खोज्ने कृतिकार हुन् (वसन्तकुमार शर्मा 'नेपाल', पर्यन्तदेश) ।

यात्रामा कल्पनाशीलता र विचार प्रधानताजस्ता भावलाई अलग राख्नु र संवेदनाको उचाइ र अनुभूतिको गहिराइमा नियात्रा रचना गर्नु नियात्राकारको मूलभूत विशेषता हो । प्राकृतिक, सांस्कृतिक, ऐतिहासिक, सामाजिक, साहित्यिक, धार्मिक र आर्थिक जस्ता विविध अनुभवद्वारा पाठकमा प्रत्यक्षीकरण गर्नु र गतिमय नियात्राहरू दिनु उनको नियात्रात्मक योगदान हो ।

## २.२.४ **कवि**

कवि रामप्रसाद पन्तले फुटकर कविता लेखनबाट साहित्यिक क्षेत्रमा प्रवेश गरेका हुन् । विभिन्न पत्रिकामा **दिव्य दर्शन**, **प्रतिविम्ब, आमाको दर्शन** जस्ता चर्चित कविता छापिएको पाइन्छ । खण्डकाव्यको रुपमा **वेदनाका लहरहरू** (२०४७) प्रकाशित भएको छ । त्यसैगरी नैतिक दृष्टान्तयुक्त पद्य कविता **तीतामिठा कुरा** (सहलेखन २०६३) पनि प्रकाशित भएको छ ।

पन्तका दुई काव्यात्मक कृति **वेदनाका लहर** र **तीतामीठा कुराहरू**लाई अध्ययन गर्दा सन्तानको विछोडमा निसृःत वेदनाको भावनाहरू र नैतिक सन्देश पद्यहरू पाउन सक्छौं । मानव जीवनमा आइपर्ने सन्तानको जन्ममा खुसी र मृत्युको पीडाजस्तो प्रकृतिजन्य वेदनाबाट लहरिएका भावलाई अनुकुल परिवेश सिर्जना गर्नु मुक्त छन्दमा सरल र करुण रसमा मानवीय पीडा पोख्नु, समाजले भोग्ने गरेको पीडालाई देखाउने प्रतिनिधिमूलक काव्य दिनु, अभिधा शैलीमा भावनाको तरङ्ग पोख्नु, नीतिगत विचारहरू दिनु, आफ्नो काव्यलाई सामाजिक अनुभूति पोख्ने थलो बनाउनु कविको काव्यगत विशेषता हो । "युगमा जन्मने कोही हराउँछन् यतै कतै युग जन्माउने जो छन् फैलन्छन् त्यो जतातत‍ै !" (पन्त, २०६३ : १५) जस्ता नैतिक दृष्टान्तका तीतामीठा कुरा र "बाबु मेरो राजा ! मलाई छोडेर नजाऊ !" (पन्त, २०४७ : ६०) जस्ता वेदनाका स्वर उनका प्रकाशित काव्यमा पाउन सकिन्छ । त्यसैले पन्तका कवितामा सामाजिकता, सौन्दर्यता, विकृति, विसङ्गति रोष, जीवन दर्शन, प्रकृति प्रेम, पूर्वजप्रति आस्था र आध्यात्मिक चिन्तन पाइन्छ । यिनै भाव पोख्ने काव्य रच्नु उनको काव्यगत प्रवृत्ति मान्न सकिन्छ ।

### २.२.५ सम्पादक

रामप्रसाद पन्तको साहित्यिक व्यक्तित्वको अर्को पक्ष पत्रकारिता रहेकाले उनलाई सम्पादकका रूपमा लिन सकिन्छ । साहित्यिक पत्रकारको रूपमा स्थापित पन्तले करिब तिन दशकदेखि दायित्व साहित्यिक पत्रिकाको सम्पादन गर्दै आएका छन् । साहित्यिक पत्रकारिताको क्षेत्रमा नाम भन्दा कामलाई प्राथमिकता दिने पत्रिका दायित्व ९२ औं अङ्क प्रकाशित भैसकेको छ ।

नेपाली साहित्यमा योगदान पुऱ्याउन उनले सम्पादनलाई प्रमुख सम्झेर **दायित्व** पत्रिका प्रकाशित गरे । यस पत्रिकामा उनी सम्पादक भएर पत्रिका मार्फत आर्थिक विपन्न स्रष्टाहरूको सिर्जना प्रकाशनमा सहयोग पुऱ्याए । पत्रिका सञ्चालन तथा सम्पादन कार्यमा आफ्नो तलब समेत लगाएको कुरा शोधनायक बताउँछन् । दायित्व पत्रिका मार्फत जनआन्दोलन, भारतीय नेपाली साहित्यिक यात्रा, निवन्ध, कविता, कथा, लघुकथा, साहित्यकार आदिको विशेषाङ्क र शङ्कर कोइरालाका साहित्यिक विधाहरूका विशेषाङ्क प्रकाशित गरेका छन् । वि.स. २०६१ सालमा प्रकाशित स्वर्ण विशेषाङ्कमा पन्तले दायित्व पत्रिकाद्वारा अनुसन्धानात्मक विशेषङ्क प्रकाशित गरी विधागत खोजतलासीमा सघाउ पुऱ्याएका छन् (**दायित्व,** अनुसन्धानात्मक विशेषाङ्क, (वर्ष १८, अङ्क ५०, २०६१) ।

सम्पादनको क्षेत्रमा पन्तका कृतिहरू केलाउँदा **शङ्कर कोइराला : कृतिअनुशीलन** (समालोचना सङ्ग्रह) २०५८, **शास्त्रका उपदेशहरु** (अध्यात्मक ग्रन्थ) २०६०, **सेवारत निजामती साहित्यकारहरू** (विविध सङ्कलन) २०६१, **गुल्मी परिचय** (संयुक्त सम्पादन) २०६२ र **हृदयस्पर्श** (कविता / भजनमाला) २०६९ रहेका छन् ।

विशेषतः स्रष्टाहरूलाई सिर्जनात्मक प्रेरणा दिने, सिर्जित रचनाहरू प्रकाशन गर्ने साहित्यिक अनुसन्धान गराउने, ओझेलका साहित्यकारको साहित्यिक चिनारी गराउने, साहित्यिक जमघट गराउने, विधागत मूल्य मान्यता स्थापित गराउने वातावरण तयार गर्ने, समालोचकीय ढङ्गबाट साहित्यको विश्लेषण गराउने जस्ता प्रवृत्ति पन्तका सम्पादकीय पत्रपत्रिकाको साथै उनले अध्यक्षता गरिएको **दायित्व वाङ्मय प्रतिष्ठान** प्रकाशित रचना र रचनाकारका कृतिहरू अध्ययन गर्दा सम्पादक पन्तमा सम्पादकीय व्यक्तित्व रहेको देखिन्छ ।

### २.२.६ संस्मरणकार

रामप्रसाद पन्त निबन्धात्मक विधाकर्मी संस्मरण ग्रन्थहरू प्रकाशित गरी संस्मरणकारको रूपमा परिचित छन् । उनका यस क्षेत्रमा चलाइएको कलमबाट सिर्जित रचनाहरूमा उत्कृष्ट **सत्ताइस उत्कृष्ट व्यक्तित्व** (संस्मरण सङ्ग्रह) २०६५, **सम्झनाक थुँगा** (संस्मरण सङ्ग्रह) २०६७ प्रकाशित कृतिहरू हुन् ।

संस्करणकार पन्तले **उत्कृष्ट सत्ताइस व्यक्तित्व**मा नेपाली साहित्यमा २०५६ साल सम्म ७० वर्ष पुगेका केही साहित्यकारहरू, साहित्यिक पत्रकारको नाताले उहाँहरू सँग भेटघाटका समयमा कुराकानी र त्यसबाट उत्पन्न प्रभाव उल्लेख गरेका छन् । त्यस्तै **रामचन्द्र शर्मा स्मृतिग्रन्थ** (२०५९) मा देश र विदेशमा योगदान पुऱ्याउने व्यक्तिहरू दुनियाँको नजरमा हराउन सक्छन् उनीहरुको खोजी गर्नु पर्छ भन्ने सन्देशात्मक संस्मरण पाइन्छ । अर्को संस्मरणात्मक ग्रन्थ **सम्झनाको थुँगामा** पन्तले यात्रामा पाइएका अनुभव दिएका छन् । यी कृतिहरूको अध्ययनबाट पन्तले व्यक्तिगत तथा कार्यगत प्रभावित अनुभव र त्यसले समाजमा पुऱ्याएको योगदान र नयाँ पुस्ताले सिक्नु पर्ने विषयलाई केन्द्रमा राखेर स्मरणग्रन्थ रचना गरेका छन् भन्न सकिन्छ ।

संवेदनशीलता, अर्न्तहृदयात्मक चेतना भ्रमणात्मक अनुभव, पूर्वजहरूको प्रभाव साहित्यिक साधकहरूको लगनशीलता, राष्ट्रिय र अन्तराष्ट्रिय क्षेत्रमा पुऱ्याइएका कार्यको कदर जस्ता विशेषता बोकेको व्यक्तिहरूको स्मरणमा संस्मरण ग्रन्थ निर्माण गर्नु, लुकेका व्यक्तित्व र कार्यहरू तथा मौका अवसरमा भएको भेटघाटका घटना र त्यसले पारेको प्रभावलाई सरल र सहजको साथै स्वाभाविक रूपमा संस्मरण गराउनु पन्तको संस्मरणात्मक लेखन व्यक्तित्व हो ।

## २.३ लेखकेतर व्यक्तित्व

### २.३.१ प्रशासक

प्रशासनिक जस्तो महत्वपूर्ण र जिम्मेवारीपूर्ण ओहदामा बसेर राष्ट्र सेवकको हैसियतले सेवाग्राहीहरूको अधिकारलाई सुनिश्चत गर्नु एउटा असल कार्यालय प्रमुखको जीवनमा चुनैतीको विषय हुन्छ । रामप्रसाद पन्तले कार्यालयको जिम्मा लिएर कर्मचारी तथा सेवा ग्राहीहरूको काम कर्तव्य र अधिकार अनुसार कार्य गर्दै जाँदा भएका विविध वाधा व्यवधानहरूलाई नीतिगत समस्या समाधान गरी आफ्नो कार्य सम्पादन गरेको कुरा उनको कर्मचारी जीवनबाट पुष्टि भएको छ । त्यसैले उनी एक कुशल प्रशासनिक क्षमता भएका व्यक्ति देखिन्छन् । वि.सं. २०३३ सालमा राजधानी प्रवेशसँगै काठमाडौं नगर विकास समितिसँग आबद्ध भई जागिर खान सुरू गरेका पन्त वि.सं. २०४४ सालमा तत्कालीन श्री ५ सरकारको सेवामा प्रवेश गर्नु पुगे । यसरी सरकारको गरिमामय पदमा पुगेका पन्त एक कर्तव्यनिष्ठ व्यक्ति थिए । कसैलाई भनसुन गर्नु भन्दा पनि आफ्नो कर्तव्यमा अडिक रहेर कार्यदक्षताको आधारमा अगाडि बढ्न सकिन्छ भन्ने मान्यता बोकेका पन्त हाल निवृत्त भई सामाजिक सेवाको क्षेत्रमा कार्यरत छन् (शोधनायक) ।

### २.३.२ अभिभावक

साहित्यिक क्षेत्रमा र प्रशासनिक क्षेत्रमा लामो समय अनुभव बटुलिसकेका पन्त एक कुशल अभिभावको रूपमा परिचित छन् । सरल र सहज रूपमा आफ्ना अनुभूति वा विचारहरू अरूको हितमा दिन सक्ने स्वभावका पन्त र उनको पारिवारिक वातावरण अभिभावकीय देखिन्छ । आजका बालबालिका नै भोलिका नागरिक हुन्, प्रत्येक आमाबाबुले आफ्ना सन्तानलाई सत्मार्ग देखाउनु पर्छ, पहिलो पाठशाला नै घर हो, घरको वातावरण जस्तो भयो त्यसको प्रत्यक्ष प्रभाव छोराछोरीमा पर्छ भन्ने मान्यता राख्ने पन्त केवल आफ्ना परिवारमा मात्र नभई छिमेकी तथा सम्पर्कजनहरूको प्रेरणाको स्रोत बन्नु भएको छिमेकी बताउँछन् । पारिवारिक रूपमा सफल जीवन बिताउन सक्षम पन्त पारिवारिक जीवनका अनुकरणीय व्यक्ति हुनुको साथै एक सहयोगी अभिभावक हुन् (भुसाल २०६६) ।

### २.३.३ समाजसेवी

रामप्रसाद पन्तका कार्यहरू मूल्याङ्कन गर्दा उनी सामाजिक व्यक्ति हुन् भन्न सकिन्छ । सामाजिक विकासको मेरूदण्ड चेतनात्मक शिक्षा जुन पन्तबाट सिर्जित साहित्यिक योगदानले महत्वपूर्ण भूमिका खेलेको छ ।

सँधैं समाजप्रति चिन्तनशील हुनु, समाज सुधारक शास्त्रीय मूल्य मान्यतामा समाजलाई डोऱ्याउनु, सामाजिक कार्यमा तत्परता देखाउनु, तडकभडकको विरोध गर्नु, शिक्षा, स्वास्थ्य र सञ्चारको पक्षमा सहयोगी बन्नु, व्यवहारिक र सरल जीवन यापन गर्नु जस्ता विशेषता उनीमा देखिन्छ (भण्डारी, २०७० : ३–१०) ।

विशेष पत्रपत्रिका तथा साहित्यिक प्रतिष्ठानद्वारा चेतनात्मक ज्ञानको अभिबृद्धि गरी सामाजिक विकृति र विसङ्गतिको विरोध र सुकृतिको सम्मान गर्दै समाज सुधारका पक्षमा वकालत गर्ने पन्त सामाजिक व्यक्तित्व हुन् । उल्लेखनीय रूपमा नभएपनि सक्दो सहयोग शिक्षा, स्वास्थ्य र सामाजिक संघसंस्थामा गरेको कुरा शोधनायकबाट प्राप्त जानकारी र उनका विषयमा अरूको दृष्टिकोणात्मक भाव बाट पाउन सकिन्छ, त्यसैले उनी सामाजिक व्यक्तित्व हुन् भन्ने बुझिन्छ ।

### २.३.४ धार्मिक व्यक्तित्व

संस्कृत साहित्यमा ज्ञान प्राप्त पन्त विभिन्न धार्मिक संघसंस्थामा आवद्ध छन् । विशेष हिन्दु धर्ममा विश्वास राख्ने पन्त सनातन वैदिक धर्म सेवा समितिमा संलग्न छन् । अरूको भलो गर्नु, गरिब निमुखा र असहायलाई सेवा गर्न मन पराउने पन्त धर्म मानिसको लागि हो । 'सेवा नै धर्म हो' भन्ने विचार बोकेका व्यक्ति हुन् भन्ने कुरा उनी सँग प्रत्यक्ष भेटघाट र उनका लेख रचनाबाट प्रष्ट हुन्छ ।

उनका यात्रा भ्रमणमा प्रमुख धार्मिक आस्थाहरू देखिनु, धार्मिक व्यवहार लेख रचनामा झल्कनु, हरेक विधागत कृतिमा धार्मिकताको छाप पाइनु, नैतिक श्लोक र दृष्टान्तद्वारा समाज स्थापना गर्न खोज्नु, धर्मलाई विषय वस्तु बनाएर **आस्थाको सरोवर** (२०७०) जस्ता रचना गर्नु, पूर्वजहरूप्रति सम्मान जनाउनु, अहिंसावादी हुनु उनका धार्मिक प्रवृत्ति हुन् ।

विशेष गरी आडम्बरीय धर्ममा नलागी धर्मलाई सामाजिकतातिर ढल्काउँदै आफ्नो धर्म परम्परामा चल्ने व्यक्तित्व हुन् पन्त । धार्मिक सहिष्णुता बोकेर मौलिक धर्म संस्कृतिमा विश्वास राख्ने र आफ्नो धार्मिक अस्तित्वको जगेर्नामा वकालत गर्नुको साथै व्यवहारिक उदाहरण बन्न पुगेको कुरा उनका लेख तथा प्रत्यक्ष व्यवहारबाट पाइने भएकोले उनमा धार्मिक व्यक्तित्व पाइन्छ ।

## २.४ सम्मान र पुरस्कार

साहित्यिक र साहित्येत्तर दुबै क्षेत्रमा सक्रिय रामप्रसाद पन्त प्रेस काउन्सिल पुरस्कार (२०५५) जनमत सम्मान (२०६५), श्यामप्रसाद साहित्यिक पत्रकारिता सम्मान (२०६६), अक्षर ब्रहम सम्मान (२०६६), स्पन्दन सर्वोत्कृष्ट कथा पुरस्कार (इ.स. २०१०), लक्ष्मी कार्की साहित्यिक पत्रकारिता पुरस्कार (२०६७), साहित्यिक पुरस्कार (२०६८), सकला सिद्धार्थ वाङ्मय पुरस्कार (२०६९), नई भाजपा पुरस्कार (२०७०), वैजयन्ती स्रष्टा सम्मान (२०७०), सीतापाइला सहकारी साहित्य सम्मान (२०७०), पश्चिमाञ्चल क्षेत्रीय पुरस्कार (२०७१) बीडी त्यागी हीरक जयन्ती सम्मान (२०७१), बन्धु पन्त स्मृति सम्मान पुरस्कार (२०७१), भानुभक्त द्विरातवार्षिकी प्रशस्तिपत्र तथा स्वर्णपदक (२०७१), बिपी कोइराला शताब्दी निबन्ध पुरस्कार (प्रथम) तथा स्वर्णपदक (२०७१) जस्ता सम्मान तथा पुरस्कार द्वारा सम्मानित भएका छन् । साथै साहित्येत्तर क्षेत्रको कार्य कुशलताका कारण स्वदेशी र विदेशी भ्रमणका अवसरहरू पनि पन्तलाई मिलेको छ (पन्त, मेरा साठी वर्ष (आत्मसंस्मरण) २०७१, पृ. १२३) ।

## २.५ निष्कर्ष

वि.सं. २०१० सालमा नेपालको पहाडी जिल्ला गुल्मीको बलेटक्सार-८ मा जन्मेका रामप्रसाद पन्त नेपाली साहित्यमा बहुप्रतिभा भएका साहित्यकार हुन् । स्नातकोत्तर तहसम्मको औपचारिक शिक्षा प्राप्त गरेका पन्त लेखकीय र लेखकेतर दुबै क्षेत्रमा सशक्त देखिन्छन् । मध्यम परिवारमा जन्मेका पन्तको जीवन यात्रा सामान्य र सहज देखिन्छ । जीवनमा केही गर्ने अठोट लिएका पन्त वि.सं. २०३८ सालदेखि नै साहित्य क्षेत्रमा लागेको देखिन्छ । साहित्यिक क्षेत्रमा कथाकार, उपन्यासकार नियात्राकार, संस्मरणकार, कवि र सम्पादकको रूपमा परिचित पन्त, लेखकेतर क्षेत्रमा प्रशासक, अभिभावक, समाजसेवी र धार्मिक व्यक्तित्वको रूपमा पनि सशक्त देखिन्छन् ।

विशेष गरी दुई दर्जन भन्दा बढी साहित्यिक विविध विधामा कृतिहरू प्रकाशित गरिसकेका पन्तको साहित्यिक र साहित्येतर व्यक्तित्वमा समाज सुधारक, मौलिक, सरल, यथार्थ र राष्ट्रिय जस्ता विशेषताहरू पाइन्छन् । उनका रचनाहरूमा सामाजिक विकृति विसङ्गतिको विरोध, मानवीय मूल्य मान्यताको समर्थन, नैतिक तथा धार्मिकतामा आस्था, शोषण, दमन र अन्याय विरूद्ध व्यङ्ग्यात्मक प्रहार र यथार्थताको खोजी जस्ता रचनाधर्मी प्रवृत्ति पाइन्छन् ।

# तेस्रो : परिच्छेद

# यात्रासाहित्यको सिद्धान्त

## ३.१ पृष्ठभूमि

उत्सुकता र खोजको चाहाना नै यात्रासाहित्य जन्मको प्रेरक हो । यात्राबाट नवीनता बोध हुन्छ, नवीन चेतनाको उद्‌बोध गराउँदै नयाँ ज्ञान विवेकको द्वार खुलाउँछ । यसले मानिसको आँखा, हृदय र विवेकलाई आकर्षित गर्छ । नयाँ संस्कृति, प्रकृति, संस्कार, भूगोल तथा वातावरणको साथै विविध पक्षको यथार्थ बोध हुन्छ । सभ्यताको सुरू हुनुभन्दा अगाडि देखि नै मानिसले यात्रा गर्दै आएको हो । मानिसले जङ्गली अवस्था पार गरेर सभ्यताको यात्रा थालेपछि त यात्रालाई जीवनकै एक अभिन्न अङ्गको रूपमा लिएको पाइन्छ । प्राचीन कालमा ऋषिमुनिहरू जप, तप र ध्यानका लागि एकान्त ठाउँको खोजीको यात्रामा निक्लन्थे । राजपुतहरू ज्ञानको लागि गुरुकुल यात्रामा जाने गर्दथे । साधुसन्त भिक्षाको लागि, धर्मात्माहरू तीर्थको लागि कति ज्ञानका लागि त कति रमाइलोको लागि घुम्ने गर्दथे । यसक्रममा आफू फर्केपछि आफ्ना यात्रा वर्णन अरूलाई सुनाउथे र आफै घुमेको अनुभव गर्थे । भाषाको विकासपछि लिपिको विकास भयो । त्यसपछि मात्र लेख्य रुपको विकास भयो । त्यसपछि मात्र यात्राले साहित्यको रुप लिन थाल्यो अर्थात् साहित्य सिर्जना हुन थाल्यो । त्यसैले यात्रासाहित्यमा मानव सभ्यता र संस्कृतिको इतिहास लुकेको हुन्छ भन्नु युक्तिसङ्गत हुन्छ (शर्मा र श्रेष्ठ, २०३४) ।

## ३.२ नियात्राको अर्थ र परिभाषा

'यात्रा' नाम पदमा 'नि' उपसर्ग लागि नियात्रा शब्दको निर्माण भएको पाइन्छ । नियात्रा शब्दले यात्राका भोगाइ र अनुभूतिलाई सौन्दर्यात्मक दरिलो शैलीले बाँधेर राख्ने रचनालाई जनाउँदछ । नेपाली बृहत् शब्दकोश अनुसार नियात्रा शब्दको अर्थ "यात्रा निबन्धको औपन्यासिक वा उपाख्यानात्मक रुप वा यात्रा वर्णनबारे कथात्मक शैलीमा लेखिएको निबन्ध भन्ने हुन्छ" (पोखरेल र अन्य : २०५० : ६९२) । नियात्राको अर्थलाई स्पष्ट पार्दै विभिन्न विद्वानहरूले आ-आफ्नै किसिमले यसलाई परिभाषित गरेका छन् । नियात्रा शब्दको पहिलो प्रयोक्ता **बालकृष्ण पोखरेल**ले सत्यको निस्तो वर्णन यात्रा लेख हुने र त्यसलाई रमरम आख्यानले

मुछ्दा नियात्रा बन्ने यथार्थ उद्घाटन गरेका छन् । (पोखरेल, २०३४ : घ) । नेपाली नियात्रा साहित्यका सर्वोच्च मानिने **तारानाथ शर्मा**ले नियात्रामा लेखकले यात्रा गर्दागर्दै उत्पन्न भएको निजात्मक अनुभूति हुनुपर्छ । त्यस यात्रामा शिथिलता र स्थगन नभई गतिमयता हुनुपर्छ र त्यस गतिमयता सँगसँगै ती अनुभूतिहरू पाठक समेत उत्तिकै उत्सुकतासित सर्नुपर्छ (शर्मा, २०६१ : ३७) भनि भनेका छन् । निर्मोही व्यासका मतमाः- “यात्रा साहित्यको विशिष्ट रूप नै नियात्रा हो; जुन व्यक्तित्व प्रधान र अनुभूति प्रवल हुन्छ ।” अर्थात् सिर्जनशील यात्राद्वारा यात्राको क्रममा साक्षात्कृत स्थान, प्रकृति, समाज, जनजीवन, विविध दृश्य, पात्र र घटना-प्रसङ्ग आदि यावत वस्तु तथा एवं संगालिएका अनुभव अनुभूतिलाई निजात्मक रागले रँगाएर रोचक, रसात्मक र कलात्मक ढङ्गबाट आत्मपरक शैलीमा उन्मुक्त रूपले प्रस्तुत गरिन्छ । कृष्णचन्द्रसिंह प्रधानका मतमा :-“नाम अनुसार लामो विषयवस्तु घटना वा दृश्यद्वारा मुग्धता अथवा विमुखताको प्रभाव अङ्कित गर्ने प्रयास स्वरूप प्राप्त अनुभूतिको लेखन हो - यात्रा निबन्ध ।” गङ्गाप्रसाद उप्रेती नियात्रालाई नवीन भूगोलप्रति यात्राकारको निजात्मकताले निकालेको निचोड मान्दछन् (उप्रेती, २०४६ : १०७) । केशव उपाध्यायले कुनै यात्राको घटना स्थान महत्वपूर्ण अनुभव समेटेको अनुभूत पुञ्जमा पाइने तत्त्वलाई निबन्धको रूपमा स्थापना गरेको रचनालाई नियात्राको रूपमा मान्दछन् । (सुवेदी, २०४९ : ४२) । दयाराम श्रेष्ठ को बिचारमा कुनै भूखण्डको स्थलरूप लोकजीवनीको स्थिति परम्परा आदि सँग साक्षात्कार गराउने र तत्‌बिषयक अनुभव र ज्ञानलाई व्यक्त गर्ने अभिप्रायले मूलतः कथ्य अंशतः भावनाको अनुपातिक संयोजन गरी चित्तोपम शैलीमा अनुभूत स्मरण स्वरूप लेखिएको गद्य रचनालाई नियात्रा मान्दछन् (शर्मा र श्रेष्ठ, २०५६:८०) । तेजप्रसाद (प्रकाश) श्रेष्ठ नियात्रालाई यात्राको निजी अनुभव र अनुभूतिबाट यात्राकाल र स्थानीय परिवेशमा छचल्किएको वस्तुगत यात्रा अनुभूतिको प्रस्तुति ठान्दछन् (श्रेष्ठ, २०५८ : ५६) । प्रमोद प्रधानले यात्रासँग सम्बद्ध सूचना यात्राका विषय र घटनाक्रम सँगै लेखकका अनुभव, अनुभूति र विचारहरूको मनोरम प्रस्तुति भएको गद्य रचनालाई नियात्रा मान्दछन् (प्रधान, २०६२ : ३) । हिन्दी भाषा साहित्यका विद्वान् हरिमोहनले वर्णनात्मक यात्रा वृतान्तलाई यात्रा मानेका छन् (हरिमोहन, १९९० : १०) । त्यस्तै अर्का माजदा असदले मानिसद्वारा गरिएको यात्राको क्रममा समेटिएको तीतोमिठो अनुभवसँग यात्रा गरिएको ठाउँको रीतिरिवाज रहनसहन,

आचार व्यवहार मनोरञ्जनको साधन, प्राकृतिक सौन्दर्य जलवायु र त्यसको पुरै परिवेशको प्रस्तुत गरिएको रचनालाई यात्रासाहित्य मानेका छन् (असद, १९९१ : १०) ।

यी उल्लिखित विभिन्न नियात्रा सम्बन्धी परिभाषालाई अध्ययन गर्दा निचोडमा के भन्न सकिन्छ भने नियात्रायात्रा बिषयक कलात्मक गद्य रचना हो । यहाँ उल्लिखित कतिपय विद्वान्को परिभाषा अपूर्ण र अधुरा जस्ता देखिन्छन् । नेपाली साहित्यमा नियात्रा साहित्यको प्रवेश भएको लामो इतिहास पनि भएको छैन । यसो हुँदाहुँदै पनि यात्रागत प्रसङ्गको निजात्मक प्रस्तुतिलाई नियात्राको मूल विषयका रूपमा सबै विद्वान्हरुले लिएका छन् । समग्रतामा नियात्रा भनेको कुनै यात्रामा अनुभव गरेको अनुभूतिशील र भावनाशील र चिन्तनशील व्यक्तिले भोगेका तीतामीठा अनुभव, अनुभूति, स्थानगत परिवेश, रहनसहन, धर्मसंस्कृति, भूगोल, मूल्यमान्यता, प्रकृति, स्थानीयताको रमरम आख्यानसहित विश्वसनीय र तथ्यपूर्ण रूपमा गरिएको भावनात्मक, निजात्मक, अनुभूत्यात्मक र गतिशील प्रस्तुति हो ।

## ३.३ यात्रासाहित्यको सैद्धान्तिक स्वरूप

नियात्रा, साहित्यको आख्यानेतर विद्या हो । संस्मरण शैलीमा यसको सिर्जना गरिने हुनाले नियात्रालाई यात्रा अनुभवको अभिलेख भनिन्छ । नियात्रालाई यात्रा वृत्तान्त, यात्रा वृत्त, यात्रा संस्मरण, यात्रा वर्णन, यात्रा विवरण, यात्रा निबन्ध, यात्रा साहित्य, भ्रमण वृत्त भन्ने गरेको पाइएपनि यात्राबाट प्राप्त ज्ञान, अनुभव र यथार्थबोधलाई निजात्मकताको चास्नीमा घोलेर भावनात्मक र तथ्यपरक रूपमा अभिव्यक्त गरिने रचना भएकोले नियात्रा नै भन्नु उपयुक्त देखिन्छ (पोखरेल, २०३४) ।

कुनै सृजनशील यात्रीले यात्राको क्रममा देखेभोगेका विविध परिदृश्य, घटना, प्रसङ्ग र सङ्गालेका अनुभवलाई निजात्मक रङ्ले रङ्ग्याएर भावना कल्पनाको यथोचित समन्वयका साथै मनोहरी शैलीमा आत्मपरक ढङ्गबाट लिपिबद्ध गरिएको, यथार्थपरक, निजात्मक अनुभूतिको प्रवाहले भरिएको उत्कृष्ट यात्रालेखन भन्ने बुझिन्छ (उपाध्याय, २०६६ : ५१) । साहित्यका अन्य विद्यागत रचना भन्दा नियात्रा छुट्टै रचना हो, जसमा यात्रागत अनुभूतिलाई भावनात्मक रूपमा रमरम आनन्दका साथ अभिव्यक्ति दिएको हुन्छ ।

नियात्रा विधाको निकटस्थ विधाको रूपमा निबन्धात्मक धर्म बोकेका विधाको रूपमा संस्मरण, आत्मकथा, जीवनी, रिपोर्ताज, पत्र साहित्य, अन्तर्वार्ता, दैनिकी र रेखाचित्र पर्दछन् । यी विधाहरूको विचमा भिन्नात्मक विशेषता भए नै यी छुट्टै विधाको रूपमा स्थापित भएका हुन् तापनि माथि उल्लिखित विधाहरू र यात्रा विधाबिच केही सानिध्य पाउन सकिन्छ । तिनीहरूलाई संरचना, प्रस्तुति, संरचनागत उपकरण, विषय, शिल्प, संरचनागत मान्यता, सत्य तथ्यको प्रमाणिकता, संस्मरणात्मक भावना, तथ्यपरक वर्णन जस्ता आधारमा निम्न बमोजिमका मान्यतामा नियात्रा विधासँग नजिक  देखिन्छ ।

माथि उल्लिखित नियात्राको निकटस्थ विधाहरूका समानताका मान्यताहरू:

- गद्यविधामा संरचना
- भोग्य वस्तुहरूको वर्णन
- कल्पनाको प्रचुरता, भावनाको प्रबलता
- आत्मानुभूतिगत प्रस्तुति
- वस्तु तथ्यको यथार्थ वर्णन
- प्रस्तुतिमा हार्दिकता र चित्रोपमता
- विधागत सीमाङ्कनमा प्रस्तुति
- व्यक्ति, वस्तु र घटनासँग लेखकको सम्झनामूलक प्रस्तुति
- अनुभूतिको सविस्तार वर्णन

यी समानताहरूका आधारमा नियात्रा विधा अरू विधासँग र अरू केही निबन्धात्मक विधाहरू नियात्रा विधासँग निकट देखाउन सकिन्छ ।

## ३.४ यात्रासाहित्यका प्रकार

यात्रासाहित्य अधुनातन प्रतिष्ठत साहित्यिक लेखनका अर्थमा विश्वसाहित्यमै एक नव्य गद्यलेखन हो; तर नव्य लेखन भएतापनि यो लेखन अन्य गद्य लेखनका तुलनामा समृद्ध र लोकप्रिय भइसकेको छ । हालसम्मका अवधिमा स्थलयात्रा, जलयात्रादेखि अन्तरिक्ष यात्रासम्मका अनेक सरलता, भयावहता र रहस्य-रोमाञ्च आदि यात्राका भौतिक पक्षसँगै यात्रीको संवेग,

संवेदना, मनोगुम्फन, अनुभूति आदि व्यापक कुरालाई यसले आफ्ना विषयवस्तु बनाइसकेको छ । त्यस्तै यसले विषय, उद्देश्य र शैली-शिल्पको विस्तार गरिसकेको छ । यहाँ पूर्वीय, पाश्चात्य र नेपाली विद्वान्हरूको मतहरूका आलोकमा यात्रासाहित्यको वर्गीकरण निम्नलिखित रूपमा गर्न सकिन्छ :

क) विषयका आधारमा

विषयका आधारमा गरिने वर्गीकरण भित्र यात्रासाहित्यका सात प्रकार निम्न छन् :

१) भौगोलिक - प्राकृतिक

२) ऐतिहासिक

३) सांस्कृतिक

४) धार्मिक

५) शैक्षिक

६) साहित्यिक

७) साहसिक

यिनै सात प्रकारभित्र समष्टिमा सबै विषयका यात्रासाहित्यिक कृतिहरू समाविष्ट हुन सक्ने देखिन्छ ।

ख) उद्देश्यका आधारमा

१) अनुसन्धानप्रधान

यस किसिमको यात्रासाहित्यबाट नौलो स्थानबारे केही न केही नयाँ जानकारी, नव सन्देश र धेरथोर ज्ञानबर्द्धक नवीन कुरा लेखक र पाठकलाई प्राप्त हुन्छ नै, तर कति यस्ता कृति पनि हुन्छन् जसमा सम्बन्धित यात्रास्थल वा प्रदेशका साहित्यिक, भाषिक र पुरातात्विक दृष्टिले विशिष्ट व्यक्ति, कृति वा सामग्रीबारे अनुसन्धान गरिएको हुन्छ । यस्ता कृति यस वर्गमा पर्दछन् ।

२) शिक्षाप्रधान

पाठक/समाजलाई कुनै शिक्षा प्रदान गर्ने वा आफ्नो आर्जित ज्ञान वितरण गर्ने मूल उद्देश्यले अभिप्रेरित भएर लेखिएको यात्रासाहित्य यस वर्गमा पर्दछ ।

३) विशुद्ध भ्रमणमूलक वा मनोरञ्जनप्रधान

अन्य कुनै पनि उद्देश्यले नभई केवल मनोरञ्जन वा यात्रा गरेर लेखक स्वयम् पनि आनन्दित हुने र पाठकलाई पनि आनन्दित तुल्याउने एक प्रकारको निरूद्देश्य र नितान्त अनौपचारिक किसिमको यात्राबाट सृजित यात्रासाहित्य यस वर्ग अन्तर्गत पर्दछ ।

४) मिश्रित

कुनै निश्चित उद्देश्यका साथ यात्रा गरिएको भए पनि विशुद्ध वा स्वच्छन्द भ्रमणमूलककै जस्तो गरी उन्मुक्त भावले यात्रानुभूति गरेर लेखिएको यात्रासाहित्य यस वर्गमा पर्दछ ।

ग) आयतनका आधारमा

१) स्फुटरूप

यात्रासाहित्यिक कृतिमा एकारोह र एकावरोह हुन्छ । त्यसो हुनाका कारणले यसमा एकारम्भ, एकोन्मुख उद्देश्य, एकोन्मुख उत्कर्ष तथा एकावसान पाइन्छ । साथै यसमा वर्णनको गतिमा तीव्रता, वस्तुविन्यासमा तीव्रता र वर्णनमा सूत्रात्मकता पाइन्छ ।

२) ग्रन्थरूप

यात्रासाहित्यिक कृतिमा यसको नितान्त विपरीत अनेकारोह एवम् अनेकावरोह हुन्छ । त्यसो हुनाका कारणले उक्त प्रकारको यात्रासाहित्यिक कृतिमा अनेकारम्भ, अनेकोन्मुख विकास, अनेकोन्मुख उद्देश्य, अनेकोन्मुख उत्कर्ष र अनेकाबसान पाइन्छ । यसका साथै वर्णनको गतिमा मन्दता, वस्तुविन्यासमा मन्दता र वर्णनमा व्याख्यात्मकता पाइन्छ ।

घ) शैली-शिल्पका आधारमा

शैली-शिल्पगत आधारमा गरिने वर्गीकरण वर्णनात्मक/विवरणात्मक, आख्यानात्मक, संस्मरणात्मक, पत्रात्मक, दैनिक्यात्मक, रिपोर्ताजात्मक र निबन्धात्मक/नियात्रात्मक गरी मुख्य सात प्रकारका देखिन्छन् ।

१) वर्णनात्मक/विवरणात्मक

यस वर्गअन्तर्गत आत्मपरकता, रागात्मकता, रसात्मकता, भावात्मकता र रोचकताको प्रायः अभाव भएको वा न्यून उपस्थिति रहेको अनि यात्राको सोझो सपाट वा सर्सर्ती वस्तुवर्णन गरिएको, विवरणको आधिक्य भएको विशेषतः स्थानपरिचय र सूचना सम्प्रेषणमा केन्द्रित यात्रा-लेखन पर्दछ ।

२) आख्यानात्मक

यस समूहअन्तर्गत औपन्यासिक वा कथात्मक शैलीमा लेखिएका कृतिहरू पर्दछन् ।

३) संस्मरणात्मक

स्मृतितत्त्वको प्रबलता भएको यात्रासाहित्य संस्मरणात्मक वर्गमा पर्दछ ।

४) पत्रात्मक

यस वर्गमा यात्राकार स्वयम्ले आफ्नो कुनै यात्राको वर्णन हालेर आत्मीय वा स्वजनलाई लेखेको पत्र वा पत्रात्मक शैलीमा लेखिएको यात्रासाहित्यिक कृति पर्दछ ।

५) दैनिक्यात्मक

दैनिकी शैलीको अवलम्बन गरी लेखिएको यात्रासाहित्य यस वर्गमा पर्दछ ।

६) रिपोर्ताजात्मक

यस वर्गमा रिपोर्ताजात्मक वा प्रतिवेदनात्मक शैलीमा लेखिएको यात्रासाहित्य पर्दछ ।

७) निबन्धात्मक/नियात्रात्मक

निबन्ध शैलीमा लेखिएको यात्रासाहित्य यस वर्गमा पर्दछ । यो यात्रासाहित्यको विशिष्ट र लोकप्रिय शैलीभेद हो । यसमा यात्राको गतिसँगै प्रवाहित हुँदै यात्राका भौतिकतालाई यात्राकारको आत्मपरकताले समन्वित तुल्याएर रसात्मक, रागात्मक, भावात्मक र उन्मुक्त रूपमा प्रस्तुत गरिन्छ ।

यस वर्गका पनि दुई भेद पाइन्छन् । यीमध्ये पर्याप्त मात्रामा यात्राकारको निजात्मक रागले रञ्जित, अनुभूतिप्रबल र व्यक्तित्वप्रधान यात्रासाहित्यिक लेखनले नेपाली साहित्यमा 'नियात्रा' संज्ञा पाएको छ । यात्रासाहित्यकै एक भेद पनि र निबन्धात्मक शैलीवर्ग अन्तर्गतकै लेखन भए पनि नेपाली साहित्यमा नियात्राको आफ्नो भिन्नै मूल्य र महत्त्व छ (निर्मोही व्यास, २०७०) ।

## ३.५ नियात्राका तत्त्वहरू

जीवनका भोगाइ, अनुभव, अनुभूतिलाई भाषाको माध्यमबाट गरिने अभिव्यक्तिगत रचना विशेषलाई साहित्य भनिन्छ । साहित्यमा कल्पनाको माध्यमबाट यथार्थ जीवन भोगाइ, सुनाइ, बुझाइलाई पस्कने गरिन्छ । पूर्वीय साहित्यमा साहित्यलाई श्रव्य र दृश्य गरी दुई भागमा विभाजन गरिएको छ । नियात्रा साहित्य गद्य र पद्य दुई भेदमध्ये गद्य उपभेदको आख्यानेतर

विधाको रूपमा लिन सकिन्छ । अन्य विधाको जस्तै नियात्राको पनि आधारभूत तत्त्वहरू छन् । नियात्रालाई निबन्धको प्रविधा मान्नेहरू पनि छन् (भट्टराई, २०४८ : १४) ।

निबन्धात्मक प्रस्तुति रहने भएकाले यसलाई निबन्धको प्रविधा मानिएको हो तर अन्य विधाहरूमा जस्तै यसमा पनि स्वतन्त्र तत्त्वहरू रहने भएकाले यसलाई पनि एउटा स्वतन्त्र विधा मान्नुपर्ने देखिन्छ । हरेक विधाका आधारभूत तत्त्वहरू हुन्छन् । यसको प्रयोग विना कुनै पनि विधा पूर्ण र प्रभावकारी हुन सक्दैन । यस सन्दर्भमा नियात्राको पनि आधारभूत तत्त्वहरू रहेका छन् । नियात्रालाई पूर्ण र प्रभावकारी बनाउने आधारभूत तत्त्वहरू यस प्रकार छन् :

### ३.५.१ गतिशीलता

गतिशीलता यात्रासाहित्यको प्रथम आधारभूत तत्त्व हो । यात्रा पैदलै वा अन्य कतिपय सवारीसाधनद्वारा गरिएको हुनसक्छ र केही घण्टा या केही दिनको अर्थात् लामो छोटो समयावधिको हुनसक्छ तर यात्रा नै नगरीकन भने यात्रासाहित्यको सिर्जना सर्वथा असम्भव छ । त्यसो हुँदा नै गतिशीलतालाई यात्रासाहित्यको प्रथम आधारभूत तत्त्व मान्नुपर्छ । गतिशीलता यस्तो तत्त्व हो जसले यात्रासाहित्यका पाठकलाई स्वयम् लेखकसँगसँगै तत्तत् स्थानको यात्रा गरिरहेको जीवन्त अनुभूति प्रदान गर्दछ (निर्मोही व्यास २०७० : ८२) ।

त्यसैले यात्रा साहित्यको सिर्जना गर्दा गतिशीलतालाई महत्वपूर्ण तत्त्वको रूपमा लिइन्छ ।

### ३.५.२ स्थानीयता

कृतिमा प्रयुक्त चरित्रहरुले कार्यव्यापार सम्पन्न गर्ने तथा घटनाहरू घटित हुने ठाउँ, समय र वातावरणलाई परिवेश भनिन्छ । परिवेश नियात्राको अर्को महत्वपूर्ण तत्त्व हो । नियात्राकारले भ्रमण गरेको भौगोलिक क्षेत्र यात्रानिबन्धको परिवेश हो । त्यहाँको जनजीवन प्राकृतिक एवं सांस्कृतिक पर्यावरण नियात्राको स्थानीयता हो । स्वप्निल, काल्पनिक परिवेश नभएर नियात्रामा वास्तविक परिवेशको समग्र वैभव तथा प्राकृतिक सौन्दर्य, रीतिरिवाज, आचार विचार, जीवन दर्शन, आमोद प्रमोद उपस्थापन गरिन्छ (राई, २०६१ : २२) । परिवेशलाई घटना र चरित्रभन्दा कम अनिवार्य ठानिएतापनि यसलाई कहिले र कहाँ सूचित गर्ने आवश्यक तत्त्व मानिन्छ (लुइटेल, २०६२ : २३२ - ३३) । घटना कहिले, कहाँ, कसरी घटित भयो भन्ने कुरालाई

परिवेशले जनाउँछ । यसले ठाउँ, समय, वातावरणका साथै घटना घटित हुने भौतिक स्थितिलाई समेत बुझाउँछ । वास्तवमा परिवेश भनेको देश, काल, वातावरण हो । देशले कार्य व्यापार सम्पन्न हुने स्थान, कालले कार्य व्यापार सम्पन्न हुने समय तथा वातावरणले कार्य व्यापारबाट उत्पन्न प्रभावलाई जनाउँछ ।

नियात्राकारले यात्रा गरेको क्षेत्र, यात्राको अवधि, यात्रा क्रममा देखेको प्राकृतिक दृश्यावली, त्यस ठाउँको जनजीवन, परम्परा, संस्कार र रीतिरिवाज नै परिवेशगत स्थानीयता नियात्राको आधारभूमि भएकाले यो विना नियात्रा सिर्जना हुन सक्दैन । तसर्थ परिवेशगत स्थानीयताको सशक्त उपस्थितिले नियात्रा प्रभावकारी बन्न सक्छ ।

### ३.५.३ तथ्यात्मकता

यात्राकृत स्थलहरूमा पाइने विविध विषयगत तथ्यहरूको औचित्यपूर्ण उल्लेख पनि यात्रासाहित्यका निम्ति अपरिहार्य हुन्छ । यसबाट लेखक, पाठक दुबैलाई यथातथ्य सूचना र ज्ञान प्राप्त हुन्छ । तर यस सम्बन्धमा यात्राकारका निम्ति कुन कुरा अत्यन्त विचरणीय हुन्छ भन्ने तथ्यका रूपमा प्रस्तुत सामग्री विश्वासउत्पादक वा पत्यारिलो चाहिँ हुनै पर्छ साथै यात्रा साहित्यिक कृतिमा तथ्यात्मक विवरणको समावेश नितान्त आवश्यक मात्रामा हुनुपर्दछ (निर्मोही व्यास, २०७० : ८३) ।

### ३.५.४ निजात्मकता

यात्रासाहित्य निजात्मक प्रधान लेखन भएको हुँदा यसमा निजात्मकताको स्थान अत्यन्त महत्वपूर्ण हुन्छ र लेखकको आनीबानी एवं रुचिलगायत सम्पूर्ण निजी व्यक्तित्व प्रत्यक्षरूपमा प्रस्तुत हुन्छ । यसै लेखकीय निजात्मकतामा नै उसको यात्रा-कृतिको संरचना निहित हुन्छ । आफ्नै रुची र दृष्टि अनुसार नै यात्राकारले यात्रास्थलको चयन गर्दछ । यात्रागत वस्तुतथ्यको यथार्थपरक प्रस्तुतिमा बाधा नपर्ने किसिमबाट यात्रासाहित्यिक लेखनको मर्यादालाई सम्पूर्णतः आत्मसात् गरी निश्चित सीमाभित्र रहेर आफूखुशी लहडबाजीका साथ खोलाझैं नागबेली पर्दै वा चराझैं आकासिएर कावा खाँदै मनमोजी पारामा आफ्ना यात्राकालीन अनुभवहरूलाई स्वच्छन्द वा उन्मुक्त भावले अभिव्यक्त गर्दछ । यात्रासाहित्यमा यात्राको वस्तु कलेवरका रूपमा रहन्छ । यात्राका क्रममा सम्बद्ध भू-परिवेश, प्रकृति, समाज, संस्कृति, जनजीवन, अनेक व्यक्ति, पात्र र घटना-प्रसङ्ग आदिसितको साक्षात्कारबाट यात्राकारलाई प्राप्त हुने विविध अनुभूतिको

अभिव्यञ्जनाले यात्रासाहित्य अनुप्राणित हुन्छ । यसका अभावमा यात्रासाहित्य यात्रासाहित्य नभएर यात्राको सपाट वस्तुवर्णन वा यात्रा विवरण मात्र बन्दछ । (निर्मोही व्यास, २०७०:८४) ।

### ३.५.५ आत्मीयता

आत्मीयता यात्रासाहित्यको अर्को महत्वपूर्ण र अत्यावश्यक तत्त्व हो । सामान्य यात्रीका निम्ति नौलो ठाउँको यात्रामा देखिन, भेटिन आउने प्रकृति र व्यक्तिहरू प्रकृति र व्यक्ति मात्र हुन्छन् । तीसित उनीहरूको कुनै भावनात्मक सम्बन्ध स्थापित हुँदैन । उनीहरू नितान्त तटस्थ र औपचारिक बनी तीसित एकदमै असंलग्न रहेर आफ्ना यात्रा सम्पन्न गर्छन् । तर भावनाशील सर्जक यात्रीहरूको भने अनेक वन, उपवन, खोलानाला, फाँट-वगर, पहाड-समथर, गाउँ-नगर, बाटाघाटा, झुप्रा-महल, मठ-मन्दिर, ताल-तलाउ, मानिस, पशुपंक्षी, बोटबिरुवा, ढुङ्गामाटो लगायत सम्पूर्णसित आत्मीय सम्बन्ध स्थापित हुन्छ । ती नितान्त अपरिचितहरू उनीहरूका लागि नितान्त परिचित र अझ जन्म-जन्मान्तरदेखिका आफन्तजस्ता लाग्छन् । तिनका सौन्दर्य, सुगन्ध, सुख-शान्ति, दुःख, पीडा र हर्ष-बिस्मात्मा आत्मभावले उनीहरू संवेदित हुन्छन् । जसका कारणले यात्रासाहित्य संवेद्य, सजीव र सुन्दर बन्दछ (निर्मोही व्यास, २०७० : ८४) ।

### ३.५.६ चित्रात्मकता

यात्रा प्रवाहशीलता हो । यसमा क्रमशः अघि बढ्दै जाँदा प्रतिक्षण नौला नौला बहुरङ्गी दृश्य र घटनाहरूसित यात्रीको आँखाले साक्षात्कार गरिरहेको हुन्छ । तिनको सजीव शब्दचित्राङ्कन यात्रासाहित्यमा गरिएको हुन्छ, गरिनुपर्दछ । जसका कारणबाट त्यो कृति चित्ताकर्षक बन्दछ । चित्रात्मकता वा चित्रमयता यात्राको नैसर्गिक गुण नै हो । त्यसो हुँदा यो यात्रासाहित्यको एक महत्वपूर्ण तत्त्व हो भन्न सकिन्छ । यस सम्बन्धमा 'यात्रासाहित्यका लेखकले चित्रोपमता वा चित्रात्मकतालाई जति ध्यान दिनुपर्छ, त्यति अरू कुनै विधाका लेखकले पर्दैन । किनभने, यदि यात्रासाहित्यकारले आफूले देखेका ठाउँहरूलाई पाठकहरूका मानस-नेत्रका समक्ष चित्रवत् प्रस्तुत गर्न सकेन भने त्यस कृतिमा र पर्यटन विभागद्वारा प्रकाशित पुस्तकमा कुनै अन्तर नै रहँदैन' भन्ने ओम्प्रकाश सिंहलको अभिमत मननीय छ ।

यस प्रकार यात्रासाहित्यका आधारभूत तत्त्वहरूमध्ये 'चित्रात्मकता' पनि एक अत्यन्तपूर्ण तत्त्व हो । यसले कृतिलाई सजीव तुल्याईदिन्छ । चित्रात्मकता सम्बन्धी चर्चाको यस क्रममा

कुन कुरामा स्पष्ट हुनु नितान्त आवश्यक छ भने यहाँ 'चित्रात्मकता' भनेर यान्त्रिक वा फोटोग्राफिक चित्रात्मकताका बारेमा नभई शाब्दिक चित्रात्मकताका बारेमा उल्लेख गरिएको हो । यात्रासाहित्यिक कृतिमा यात्रावर्णन सम्बन्धी त्यस्तो शाब्दिक चमत्कार हुनुपर्दछ, जसबाट यात्राका क्रममा साक्षात्कृत विविध प्रकारका दृश्यावली, घटना-प्रसङ्गहरू, वस्तुतथ्यहरू एवम् व्यक्तिपात्रहरूका साथै लेखक स्वयम्का निजात्मक अनुभूति-तरङ्गहरू समेत पाठकका आँखामा जीवन्त रूपले झल्झलाकार भएर मूर्तिन सकून् ।

उपर्युल्लिखित तत्त्वहरू यात्रासाहित्यका मौलिक तत्त्व हुन् । यी तत्त्वका अतिरिक्त साहित्यका अरू विधाहरूमा समान रूपमा पाइने तत्त्व पनि स्वभावतः यात्रासाहित्यमा पनि पाइन्छन् नै (निर्मोही व्यास, २०७०:८६) ।

## ३.६ निष्कर्ष

मानव उत्पत्ति र विकासको क्रमसँगै यात्रा गर्दै आएको यात्रात्मक अनुभवहरू लोकजीवन हुँदै लिखित वर्णनमा आएको छ । भाषिक लिपिको विकास भएपछि यात्रा वर्णनलाई अनुभूति र आख्यानले भरेर गतिशीलता, प्रस्तुति, विचार, निजात्मकता, चित्रात्मकता, स्थानीयता र तथ्यात्मकता आदिको तत्त्वहरूको संयोजनद्वारा नियात्राको निर्माण हुने कुरा स्पष्ट पारिएको छ । यिनै नियात्राका तत्त्वहरूको समानताका आधारमा निबन्धात्मक धर्म बोकेका अन्य विधा संस्मरण, आत्मकथा, जीवनी, रिपोर्ताज, पत्रसाहित्य, अर्न्तवार्ता, दैनिकी र रेखाचित्र आदि विधाहरू संरचना, प्रस्तुति, संरचनात्मक उपकरण, मान्यता, विषय, सत्यतथ्यको प्रमाणिकता, संस्मरणात्मक भावना, तथ्यपरक वर्णनजस्ता आधारमा नियात्रा विधासँग नजिक रहेको तथ्य प्रष्ट हुन आउँछ । साथै यस परिच्छेदमा यात्रासाहित्यका चार प्रकारहरूका बारेमा उल्लेख पनि गरिएको छ ।

# चौथो : परिच्छेद

# यात्रासाहित्यको उद्‌भव र विकास

## ४.१ यात्रा साहित्यको परिचय

यात्रासाहित्य शब्दको निर्माण संस्कृत भाषाको यात्रा र साहित्य शब्दको योगबाट भएको हो । यात्रा गति अर्थबोधक 'या' धातुमा ष्ट्रन + टाप प्रत्यय लागेर बनेको शब्द हो ।[३६] यस्को मूल अर्थ एक ठाउँबाट अर्को ठाउँमा जानु हो । त्यस्तै साहित्य 'हितले सहित' भन्ने अर्थ बोकेको 'सहित' शब्दमा 'धम्' प्रत्यय लागेर व्युत्पन्न भएको शब्द हो ।[३७]

यात्रासाहित्य सृजनात्मक गद्य लेखनको एक महत्वपूर्ण भेद हो । यसमा यात्राकारले यात्रामा देखे भोगेका विविध परिदृश्य, घटना, प्रसङ्ग तथा संगालेका अनुभवलाई आत्मपरक शैलीमा लिपिबद्ध गरेको हुन्छ । त्यसोहुँदा यो गतिशील, अनुभवात्मक र यात्राकारको निजात्मक रागले समन्वित यथार्थपरक, आत्मभोगजन्य लेखन हो । यो विश्व साहित्यमा र नेपाली साहित्यमा लामो समयदेखि लेखिदै आएको छ र अब समृद्ध र प्रतिष्ठित समेत भइसकेको छ (व्यास, २०७० : ३३) ।

## ४.२ पूर्वीय साहित्यमा यात्रा वर्णन

ऋग्वेदलाई पूर्वीय साहित्यको पूर्वप्राचीन ग्रन्थका रूपमा लिइन्छ । ऋग्वेदको उषसुक्तहरूमा स्वच्छन्द रूपमा प्रकृतिको यात्रा गर्ने ऋषि, कविहरूद्वारा उषसुक्तहरू रचना गरिएको पाइन्छ (राई, २०६१ : १६) । त्यस्तै पौराणिक कालमा वाल्मिकीको **रामायण**मा रामको वनवास यात्रा, व्यासको **महाभारत**मा पाण्डवको वनवास यात्राका आकर्षक वर्णन पाइन्छ । त्यस्तै कालिदासकै **मेघदूत** खण्डकाव्यमा मेघको यात्राको सजीव चित्रण भेटिन्छ । दण्डीको **दशकुमार चरित्र** र वाणभट्टको **कादम्वरी**मा समेत यात्रागत प्रसङ्गहरूको सुन्दर प्रस्तुति पाइन्छ । त्यस्तै यात्रागत प्रसङ्ग चर्चाहरूबाट नै पूर्वीय साहित्यमा यात्रासाहित्यको पृष्ठभूमि निर्माण भएको देखिन्छ । यही पृष्ठभूमि नै नियात्राको पृष्ठभूमि हो ।

## ४.३ पाश्चात्य साहित्यमा यात्रा वर्णन

पाश्चात्य साहित्यमा नियात्राको पृष्ठभूमि व्यापारिक यात्रा निबन्धात्मक कृतिहरूबाट निर्माण भएको देखिन्छ । टेम्पलको **आयरल्यान्डको व्यापारिक अगुवाई** (सन् १९७३) (सुवेदी,

२०४३ : ११) । पेसेनिअसको **हिलडस पेरेजेसिसद** (सन् १७६५), रवर्ट लुईको **अ जर्नी विद अ डङ्की** (सन् १७७५), अलस्टेसिको **अ. सेन्टिमेन्टल जर्नि** (सन् १८१०) राई, २०६१ : १६) । पाश्चात्य यात्रासाहित्यका प्रारम्भिक कालीन सुन्दरतम् कृतिहरू हुन् । यस्ता कृतिहरूले पाश्चात्य साहित्यिक धरातलमा यात्रासाहित्यको पृष्ठभूमि तयार गरेको देखिन्छ । यही पृष्ठभूमि नियात्रा समेतको पृष्ठभूमि हो । यसप्रकार पाश्चात्य साहित्यमा व्यापारिक निबन्धात्मक विषयबाट सुरूभएर यात्रा साहित्य हुँदै नियात्रासाहित्यको विकास भएको पाइन्छ । यात्रा साहित्यको विकासितरूप नियात्रासाहित्य हो ।

## ४.४ नेपाली साहित्यको सन्दर्भमा यात्रासाहित्य

पूर्वीय साहित्यको प्रभाव नेपाली साहित्यमा अत्याधिक परेको पाइन्छ । पूर्वीय साहित्य हुँदै नेपाली साहित्य पनि विकसित हुँदै आएको छ । रामायण तथा महाभारतको प्रभावबाट नेपाली साहित्यको पृष्ठभूमि निर्माण भएको कुरामा दुई मत रहँदैन । नेपाली साहित्यमा परेको प्रभाव अनुरूप नियात्रासाहित्यमा पनि यसको प्रभाव प्रष्ट रूपमा परेको छ । नेपाली नियात्राको पृष्ठभूमि भने सर्वप्रथम यात्रासाहित्य अन्तर्गतको सर्वप्राचीन यात्रा आलेख राजा गगनी राजको यात्रा (१५५०) (यात्री, २०३९ : ७) बाट निर्माण भएको देखिन्छ । अज्ञात लेखकद्वारा रचित यस आलेखमा तत्कालिन सामाजिक पृष्ठभूमिको झलक र राजा गगनीराजको चरित्रगत व्यक्तित्वको परिचय पाईन्छ । तत्कालीन अविकसित भाषामा रचना हुँदा शैलीगत र प्रस्तुतिगत दृष्टिले साहित्यिक मूल्य न्यून रहे पनि ऐतिहासिक मूल्यका दृष्टिले यसलाई महत्वपूर्ण मान्नुपर्ने हुन्छ । राजा गगनीराजको यात्रा पछि जङ्ग बहादुरको बेलायत यात्रा (१९१०) (दीक्षित, २०१४ : क) । नेपाली नियात्रा पृष्ठभूमिको निर्माण कालको उल्लेखनीय यात्राकृति मान्न सकिन्छ । जङ्ग बहादुर राणाले सन् १९०६ मा बेलायत यात्रा गरेका थिए । यो भ्रमणको उद्देश्य जे सुकै भएता पनि उनको यात्रा वर्णनले यात्रा साहित्यको पथ निर्माणमा यसले महत्वपूर्ण स्थान राखेको छ । यस यात्रा कृतिमा बेलायतको आर्थिक उन्नति, कुटनैतिक सम्बन्ध र त्यसबाट परेका प्रभावका साथै अनुभूतिगत यथार्थलाई निकै परिष्कृत र सुगठित भाषा शैलीमा प्रस्तुत गरिएकाले यस कृतिलाई नेपाली नियात्रासाहित्यको पृष्ठभूमिको एउटा सेतु नै मानिन्छ । किनभने नियात्राका तत्त्वहरू मध्ये गतिशीलता प्रमुख हो भने, यो गतिशील छ (भट्टराई र भट्टराई, २०४७) ।

सभ्यताको प्रारम्भ देखिनै मानिसले सहजता र सभ्यताको लागि यात्रा गरिरहन्थे । आफ्नो यात्राको अनुभूति, घटनाक्रम र स्थान वर्णनहरू भेटघाटको बसाइमा एक आपसमा सुन्ने सुनाउने गर्दथे । पर्यावरणीय वृत्तिद्वारा मानिसलाई हामी सभ्यताको प्रथम सोपानमा नै पाउँछौं । यही वृत्तिले गर्दा यस विश्वमा पछि वस्ती बस्ने प्रक्रियाको विकास भई मानव संस्कृतिको स्थापना भयो (शर्मा र श्रेष्ठ, २०४६ : २०७) । यसैसँग नेपाली यात्रा पनि जन्मिएको छ । लुम्बिनीको अशोक स्तम्भ र ह्वेन्साङको नेपाल वर्णन जस्ता ऐतिहासिक प्रमाण बाट नेपालमा बाह्य यात्रीहरूको भ्रमण हुने गरेको प्रमाणित हुन्छ । चीनतिब्बतबाट बौद्ध भिक्षुहरू नेपाल र नेपालका भिक्षुहरू तिब्बत आवतजावत र नेपाल र भारत विचको धार्मिक यात्रा नै नेपाली यात्रा साहित्यको उद्भव विन्दुहरू हुन् ।

यसरी सचेत अचेत रूपमा भएका यात्राहरूको वर्णन गर्दा कथ्य परम्पराबाट लेख्य परम्परा अँगाल्न पुगेको पहिलो यात्रा वि.सं. १५५० तिरको गगनीराजको यात्रा हो (यात्री, २०३९ : ५) । वेनामी लेखकद्वारा लिखित नियात्रा **जङ्गबहादुरको बेलायत यात्रा** (१९९०) नेपाली यात्रा साहित्यको श्री गणेशको विन्दु हो (शर्मा र श्रेष्ठ, २०४६ : २०७) । यसैबाट नेपाली नियात्राको विकासशील चरण सुरू भएको हो (प्रधान, २०६२ : १०५) नियात्रागत भाव र मान्यताको दृष्टिले यो उच्च देखिन्छ । नेपाली नियात्रात्मक गद्य परम्परामा मौलिक पनि देखिन्छ (सुवेदी, २०४३ : ५१) ।

नेपाली गद्यको उद्भव कालमा नेपाली भाषामा उपलब्ध सर्वप्राचीन ग्रन्थहरू मध्ये एक महत्वपूर्ण ग्रन्थको रूपमा राजा गगनीराजको यात्रा (१५५०) यात्री, २०३९ : ५) लाई लिइन्छ । नियात्रागत मूल्य र मान्यताको दृष्टिले नभएर नियात्रा साहित्यको जग निर्माणको दृष्टिले यो ग्रन्थ उल्लेखनीय छ ।

यस ग्रन्थदेखि नै विकासको गति पक्रेर वर्तमानसम्म आइपुग्दा उच्च मूल्य र मान्यता कायम गरी नियात्रा एउटा स्वतन्त्र गद्य विधाको रूपमा स्थापित भइसकेको छ । यस परम्परामा कतै लामो रिक्तता देखिएको छ भने कतै पूर्णता पनि पाएको देखिएको छ । १५५० देखि हालसम्म नियात्रा विधाले करिब ५२० वर्षको लामो इतिहास पार गरिसकेको छ । नेपाली नियात्रात्मक विकासका इतिहासलाई श्रृङ्खलित रूपमा अध्ययन गर्न निम्न कालगत चरण उपचरणमा विभाजन गर्न उपयुक्त देखिन्छ (क्षेत्री, २०६५ : २७) ।

क) पृष्ठभूमि काल (वि.सं. १५५०–१९०९)

ख) विकास काल (वि.सं. १९१०–१९९८)

ग) आधुनिक काल (वि.सं. १९९९– हालसम्म)

**क) पृष्ठभूमि काल (वि.सं. १५५०–१९०९)**

नेपाली नियात्राको अध्ययन गर्दै जाँदा यसको पृष्ठभूमिको निर्माण लोक साहित्यका विभिन्न प्रसङ्गहरूबाट भएको मान्न सकिन्छ । विभिन्न लोक कथाहरूमा राजकुमारहरुको साहसिक यात्रा वर्णन तथा लोक गीतहरूमा प्रेमीको परदेश यात्रा पछि प्रेमीकाले उराल्ने विरह भाकाहरूबाट पनि नियात्राको पृष्ठभूमि निर्माण भएको मान्ने गरिएको पाइन्छ । त्यस्तै पौराणिक र धार्मिक कथा एवं प्रसङ्गहरूमा पनि यात्राका सन्दर्भहरू पाइन्छन् । हिन्दू परम्परा र संस्कृति रहेको नेपाली समाजमा त्यस्ता सन्दर्भहरूले पनि नियात्राको पृष्ठभूमि निर्माणमा महत्वपूर्ण भूमिका निर्वाह गरेको देखिन्छ । नियात्राको पृष्ठभूमि निर्माण गर्ने महत्वपूर्ण दस्तावेज भने वि.सं. १५५० मा अज्ञात व्यक्तिद्वारा रचना गरिएको राजा गगनीराजको यात्रा हो । हालको कर्णाली अञ्चल एवं तत्कालीन शिरकोटवा शिवपुरी प्रतापी राजा गगनीराजले गरेको विभिन्न भूक्षेत्रको यात्रा प्रसङ्गलाई विवरण दिएर लेखिएका यो यात्रा वृतान्तको लेखक गगनीराजकै कुनै कर्मचारी हुन सक्ने अभिमत पाइन्छ (यात्री, २०३९ : २२) ।

यस यात्रावृत्तान्तमा साहित्यिक वा नियात्रागत महत्व नरहे पनि प्राचीन गद्य ग्रन्थको महत्व भने रहेको छ । यसको रचना साहित्यको लागि भने भएको होइन । वीर कालीन कविहरू **सुवानन्द दास र उदयानन्द अर्याल**ले रचना गरेका पृथ्वीनारायण शाह सम्बन्धी कवितामा पृथ्वी नारायण शाहको युद्ध र विजय यात्राको प्रसङ्ग पाइन्छन् । त्यस्तै पृथ्वीनारायण शाहको **दिव्योपदेश** (१८३१) र शक्ति वल्लभ अर्यालको **हास्यकदम्ब** (राई, २०६१ : २५) जस्ता नेपाली साहित्यका प्राथमिक कालिन ग्रन्थहरूमा पनि यात्रा वर्णनका कतिपय प्रसङ्गहरू भेटिन्छन् । यस्ता प्रसङ्गहरुले समेत नेपाली नियात्राको पृष्ठभूमि निर्माणमा उल्लेख्य सहयोग गरका छन् ।

नेपाली नियात्राको उद्भव काल नै पृष्ठभूमि काल हो । वि.सं. १५५० देखि वि.सं. १९०९ का यात्रा वर्णनहरूले नियात्राको जग बसाल्न मद्दत गरेको छ ।

## ख) विकास काल (वि.सं. १९१०–१९९८)

नेपाली नियात्राको विकास चरण वि.सं. १९१० मा अज्ञात व्यक्तिबाट रचना गरिएको **जङ्गबहादुरको बेलायत यात्रा** ग्रन्थबाट सुरू भएको हो । यस ग्रन्थलाई कमल दीक्षितले खोज गरी प्रकाशनमा ल्याएका हुन् (दीक्षित, २०१४ : ५) । यस ग्रन्थमा जङ्गबहादुरको बेलायत यात्राको उद्देश्य, बेलायतका सामाजिक, राजनैतिक, कुटनैतिक, आर्थिक स्थितिका साथै चालचलन रीतिस्थिति भेषभुषा, आचारविचार र मनोवादलाई अत्यन्तै सरूचिपूर्ण ढङ्गमा अभिव्यक्त गरिएको छ (प्रधान, २०६२ : १०५) । नियात्रागत मान्यताको दृष्टिले उच्च महत्व रहेको यस ग्रन्थबाटै नियात्राविधाले विकासको गति पक्रेको देखिन्छ । पतञ्जली गजुर्‍यालको **तीर्थावली** (१९५९), शेरसिंह राणाको **मेरो लण्डन राजनीतिक यात्रा** (१९७०), चिरञ्जीवी शर्मा पौड्यालको **आत्मकथा** (१९७४), हरिनाथ प्याकुरेलको **तीर्थ जाँदाको वृत्तान्त** (१९७४), श्रीरत्न शर्माको **बद्रिकेदार प्रदर्शनी** (१९८०) जस्ता यात्राकृतिहरू उल्लेख्य छन् । विषयगत र भावगत विविधता रहेका यी यात्राकृतिहरू मध्ये मेरो लण्डन राजनीतिक यात्रा (१९७०) र चिरन्जीवी शर्मा पौड्यालको **आत्मकथा**मा यात्रागत भोगाइका वास्तविक र निजात्मक संस्मरणात्मकताको भावनात्मक प्रस्तुति रहेको छ । नेपाली नियात्राको दोस्रो चरणका यी दुई कृति नियात्रागत मूल्यका दृष्टिले उच्च महत्वका रहेका छन् ।

नेपाली नियात्राको यस विकासशील चरणलाई निर्माण काल वा माध्यमिक काल पनि मान्न सकिन्छ । जङ्गबहादुरको **बेलायत यात्रा**को लेखन काल अर्थात वि.सं. १९१० देखि भवानी भिक्षुको **सिमलासम्म** प्रकाशन पूर्व अर्थात् वि.सं. १९९८ सम्म यो काल विस्तारित रहेको छ । नियात्राको विकासमा यस चरणमा उल्लेख्य मात्रामा प्रगति भएको देखिन्छ । यसले नेपाली नियात्राको विकासमा महत्वपूर्ण स्थान राखेको पाइन्छ ।

## ग) आधुनिक काल (वि.सं.१९९९ देखि हालसम्म)

नेपाली नियात्राको आधुनिक काल वि.सं. १९९९ मा शारदामा प्रकाशित भवानी भिक्षुको **सिमलासम्म** नियात्राबाट प्रारम्भ भएर वर्तमानसम्म चलिरहेको छ । शारदा पत्रिका प्रकाशनले नेपाली साहित्यमै नौलो खुड्किलो प्रवेश गरेको थियो । आधुनिकता निम्त्याउने पहिलो खुड्किलो पनि यही थियो । नियात्रागत मान्यताको दृष्टिले यस काललाई पूर्वार्द्ध र उत्तरार्द्धमा विभाजन गर्नु उपयुक्त देखिन्छ (रेग्मी २०६६:४६) ।

अ) **पूर्वार्द्ध (वि.सं. १९९९–वि.सं. २०२२)**

नेपाली नियात्राको आधुनिक कालको पूर्वार्द्धमा भवानी भिक्षुको **सिमलासम्म** बाट प्रारम्भ भएर तारानाथ शर्माको आगमनपूर्व अर्थात् वि.सं. २०२२ सम्म विस्तारित रहेको छ (रेग्मी, २०६६ : ४६) । यस चरणमा उच्च साहित्यिक महत्व राख्ने उच्च भाव र प्रस्तुतिका निजात्मक यात्राहरू प्रकाशित भएको देखिन्छन् । पूर्व प्रकाशित नियात्रा कृतिहरूमा भन्दा नियात्रागत निजात्मकता र भाव तथा भावनागत मनोहारिताको उत्कृष्टता **सिमलासम्म**मा पाइने हुँदा आधुनिक कालको उठान् विन्दु यसैलाई मानिएको हो । सिमलासम्म पछिका फणेन्द्रविक्रम राणाको **भेडाबारी यात्राको एक झलक** (१९९९ शारदा), लक्ष्मी प्रसाद देवकोटाको **पहाडी जीवन**(रचना २०००), **लक्ष्मी निबन्ध सङ्ग्रह** (२००२) र **मेरो पाल्पा तानसेनको यात्रा** (रचना २०१३), **दाडिमको रूखनेर** (२०३९) उल्लेखनीय फुटकर नियात्रा मानिन्छन् ।

भावगत र चिन्तनगत उच्चताका दृष्टिले पहाडी जीवन उपल्लो कोटीको नियात्रा हो । त्यसैगरी लैनसिंह वाङ्देलको **युरोपको चिठी** (२०१४), **स्पेनको सम्झना** (२०२०), धर्मराज थापाको **मेरो नेपाल भ्रमण** (२०१६), केदारमणि आ.दि.को **बेलायत जाँदा** (२०२२) पनि यस चरणका पुस्तकाकार कृतिहरू हुन् (प्रधान, २०६२ : १०५) । यी कृतिहरू अनुभूति र स्थानगत विविधताको चित्रण तथा प्रस्तुतिगत निजात्मकताको दृष्टिले उल्लेख्य छन् ।

विभिन्न फुटकर नियात्राको प्रकाशनको माध्यमबाट नेपाली नियात्राको आधुनिक कालको पूर्वार्द्ध चरणलाई उत्कर्षोन्मुख गराउने कार्यमा **शारदा** र **प्रगति** पत्रिकाको ठूलो योगदान रहेको छ । शारदामा प्रकाशित भिक्षुको **सिमलासम्म**मा अनुभूतिको तीव्र भाव वेगलाई अत्यन्त ओजपूर्ण रूपमा व्यक्त गरिएको छ । त्यस्तै राणाको **भेडाबारी यात्राको एक झलक** मा ग्रामीण परिवेश र प्रकृतिको विम्बचित्र उतारिएको छ भने देवकोटाको **पहाडी जीवन** र **मेरो पाल्पा तानसेनको यात्रा**मा प्रकृति प्रदर्शन, ग्रामीण जीवन दर्शन, राष्ट्रियता प्रदर्शन र मानवीय आत्मदर्शनलाई निजात्मक भाव गाम्भीर्यका साथ अभिव्यक्त गरिएका छन् । **प्रगति** (२०१०) मा धारावाहिक रूपमा प्रकाशित वाङ्देलको **युरोपको चिठी**मा (प्रधान, २०६२ : ५) भूगोल, सभ्यता, संस्कृति, प्रकृति र प्रवृत्तिलाई भावगत र शिल्पगत नवीनताका साथ चित्रण गरिएको छ । थापाको **मेरो नेपाल भ्रमण** यस चरणको अर्को महत्वपूर्ण उपलब्धि हो । यस नियात्रा कृतिमा राष्ट्, राष्ट्रियता र जातिप्रतिको श्रद्धा र स्नेह तथा सामाजिक संस्कार, परिवेश र प्रकृतिमोहको आत्मिक

सम्बन्धलाई सहज शिल्पमा सम्प्रेषण गरिएको छ । यस अवधिका नियात्राहरू विषयगत विविधता भावगत गाम्भीर्यता र प्रस्तुतिगत नवीनताका दृष्टिले महत्वपूर्ण छन् ।

**आ) उत्तरार्द्ध (वि.सं. २०२३ देखि हालसम्म)**

नेपाली नियात्राको आधुनिक कालको उत्तरार्द्धको उठान **तारानाथ शर्मा** बाट भएको हो । उनको **मेनाइ साँघुको मेला** (रत्नश्री, २०२३ मङ्सिर पुष) बाट यो चरण प्रारम्भ भएको हो । यस नियात्राले प्रवृत्तिगत र शैलीगत दुबै दृष्टिले नवीन धरातल निर्माण गरेको देखिन्छ । पूर्ववर्ती नियात्रा भन्दा यसमा भावको तरलता भाषाको मनोहारिता र प्रस्तुतिमा रमरम बौद्धिकता पाइने हुनाले शर्माको यस नियात्राले नयाँ क्षितिज उधारेको छ । शर्माका **जर्मकाहरू** (२०२५), **वेलायततिर बरालिँदा** (२०२६), **जीवनका छाल** (२०३०), **पाताल प्रवास** (२०४२), **आँसु छचल्किँदै जान्छ** (२०५६), **चरी भरर** (२०६५) जस्ता निजात्मक निबन्ध तथा नियात्रा कृतिहरू प्रकाशित छन् । यात्रा अनुभव अनुभूतिलाई रनक्क तताउने गरी निजात्मक रूपमा प्रस्तुत गर्नु उनको नियात्रागत विशेषता हो  (प्रधान, २०५० : १०६) । यिनै विशेषताले उनका नियात्रा सरल छन् ।

जनकलाल शर्माको **कौतुकमय डोल्पो** (२०३१), यादव खरेलको **समुन्द्रपारी** (२०३२), पूर्ण प्रकाश यात्रीको **सेतीको नालीवेली** (२०३४), रमेश विकलको **सात सूर्यःएक फन्को** (२०३४), काजी रोशनको **मानसरोवरमा डुबुल्की मार्दा** (२०३५), घनश्याम राजकर्णिकारको **केही चिन्तन केही मन्थन** (२०३५) र **विदेशको यात्रा स्वदेशको सम्झना** (२०३७), देवी चन्द्र श्रेष्ठको **हुम्ला बोल्छ मानसरोवरमा** (२०३७), कमल दीक्षितको **उखान मिलेन** (२०३७), घटराज भट्टराईको **डोल्पाकी छोट्टी** (२०३९) शर्मा पछिका प्रतिनिधि नियात्राकार र नियात्रा कृति हुन् (राइ, २०६१:३०) । यिनीहरूले पनि ता.ना शर्माकै बाटोलाई अँगालेका छन् । यात्रागत वर्णन र विश्लेषणको रोमाञ्चकतालाई प्रस्तुत गर्ने अनौठो शिल्प क्षमताले जनकलाल शर्माका नियात्राहरू माधुर्यपूर्ण छन् । यात्रागत सुक्ष्म दृष्टिचेत, भावगत कोमलता, प्रस्तुतिगत हार्दिकताले यादव खरेलका नियात्राहरू उत्कृष्ट छन् । लोक जीवन, लोक साहित्य र लोक संस्कृतिका विभिन्न पाटाहरू तथा धर्म, संस्कार र रीतिथितिका झल्काहरूको उद्घाटनले पूर्ण प्रकाशका नियात्राहरू रूचिपूर्ण छन् । प्रकृतिको सुरम्य वर्णन तथा दुर्गम स्थिति परिस्थिति र दुरुह जीवन भोगाइको जीवन्त चित्रणले रमेश विकलका नियात्राहरू हार्दिकदतापूर्ण छन् । यात्रा भूमिको

परिवेश, प्रकृति, संस्कृति र निजात्मक अनुभूतिका भावनात्मक प्रस्तुतिले काजी रोशनका नियात्रा संवेद्य छन् । त्यस्तै भ्रमण स्थलको वातावरणीय परिवेश र यात्रागत विविधताको सजीव चित्रणले घनश्याम राजकर्णिकारको नियात्राहरू प्रभावपूर्ण छन् । नेपाली जनजीवन, दुःख, पीडा र प्रकृतिका दृश्य परिदृश्य तथा यात्रागत भोगाइका सहज प्रस्तुतिले देवी चन्द्र श्रेष्ठका नियात्रा सजीव छन् । धर्म, संस्कृति, प्रकृति र भोगगत प्रवृत्तिका विवरण वा वर्णनको प्रधानताले कमल दीक्षितका नियात्राहरू सत्यतथ्य र पूर्ण छन् । ग्रामीण जनजीवन, प्रकृति, संस्कृति र परिवेशको सरल र सहज प्रस्तुतिले घटराज भट्टराईका नियात्राहरू सशक्त छन् (प्रधान, २०५० : १०६) ।

नेपाली नियात्राको विकासक्रममा चालिसको दशकका नियात्रा कृतिहरूमा महेश्वर रायको **कालीसेतीका छालहरू** (२०४०), मदनमणि दीक्षितको **बार्लिन डायरीको पाना** (२०४१), देवी प्रसाद वनवासीको **मुलुकभित्रै भौतारिंदा** (२०४२), भूपहरि पौडेलको **थलैथलाका पाटाहरू** (२०४३), गङ्गा प्रसाद उप्रेतीको **स्मृतिको छालमा इटाली** (२०४४) र तिब्बतमा दसदिन (२०५४), मोहन सिटौलाको **परिभ्रमण** (२०४४), मेघराज मञ्जुलका **सम्झनाका पाइला** (२०४४) र **जाने होइन दाइ आलापोट** ? (२०४७), निर्मोही व्यासका **नौ पाइला** (२०४६) र **ठोरीको एलबम** (२०४८), **झलझली आँखामा** (२०५१) र **सेरोफेरो सबै मेरो** (२०६१), भीष्म उप्रेतीको **यात्रा केही थुँगाफूल** (२०४६) र **नीला पानी नीला भावनाहरू** (२०५५), विजय चालिसेको **अप्रिलको बेलायत** (२०४५) प्रतिनीधिमूलक मानिन्छन् (प्रधान, २०५० : ७) ।

यात्रा स्थलको परिवेश जनजीवन र भोगाइको प्रसङ्गहरूको प्रतिबिम्बनले महेश्वर रायका नियात्राहरू सुन्दर छन् । स्वदेशी संस्कृति, प्रकृति, रीतिस्थिति र मानवीय चेतना चिन्तनका झलकहरूको समुपस्थितिले देवीप्रसाद वनवासीको नियात्रा सुरम्य छन् । भ्रमण स्थलको भूदृश्य मानव जीवन पद्दति र वातावरणीय यथार्थको भावमय प्रस्तुतिले भूपहरि पौडेलको नियात्रा मनोहारी छन् । विदेश यात्रामा अनुभूत तीतामीठा अनुभूति र भोगाइका अनेकानेक विम्वचित्रहरूको चित्रणले गङ्गाप्रसाद उप्रेतीको नियात्रा भावपूर्ण छन् । यात्राको भोगाइ प्रकृति र परिवेशको आलेखले मोहन सिटौलाको नियात्रा अनुभूतिमय छन् । नेपाली गाउँवेसी, वनपाखा, जनजीवन, प्रकृति, संस्कृति र वृत्तिप्रवृत्तिको निजात्मक सृजन क्षमताले मञ्जुलका नियात्रा चिन्ताकर्षक छन् । मानवीय संवेदना, हार्दिक अनुभूति, भावुक मनोदशाको सहज प्रवाहले निर्मोही व्यासका नियात्राहरू रागात्मक छन् । यात्रा र अनुभूतिका तरङ्गको

प्रवाहले भीष्म उप्रेतीका नियात्राहरू प्रवाहपूर्ण छन् (रेग्मी २०६६ : ४८) । त्यस्तै निजात्मकता, वस्तुपरकता, कथात्मकताको त्रिवेणी प्रस्तुति एवं भाषिक सरलता तरलताले विजय चालिसेका नियात्रा सम्प्रेष्य छन् (प्रधान, २०५० : ७) ।

पचासको दशकमा आइपुग्दा नेपाली नियात्राले निकै घुम्तीहरू पार गरिसकेको देखिन्छ । स्वदेशी परिवेश र विदेशी परिवेशको यात्रागत विषयका अनेकौं नियात्राहरूको रचना र प्रकाशनले यस दशकमा तिब्रता समेत पाएको देखिन्छ । सुधा त्रिपाठीले **बादल, धर्ती र आस्थाहरू** (२०५०) र **जीवन सूत्र र स्वप्नाभास** (२०५४), राजेन्द्र सुवेदीको **मेरो यात्रा मेरै परिवेशभित्र** (२०५४), केशव प्रसाद उपाध्यायको **प्रशान्ति निलयममा तिनदिन** (२०५४), गोविन्द गिरीको **टिस्टाको किनारै किनार** र **प्रेरणाको फेरो** (२०५४), ध.च गोतामेको **तीनवास** (२०५८), विनय रावलको **ठुल्दीदीको देश** विषय, भाव र प्रस्तुतिको निजात्मक उच्चताको दृष्टिले यस दशकको नियात्राहरू ओजस्वी नियात्रा कृति मानिन्छन् (प्रधान, २०५० : ७) ।

स्वदेशी तथा विदेशी परिवेशमा रहेर यस चरण वा दशकमा उत्कृष्ट कोटीका नियात्राहरू रचना भएका छन् । स्वदेशी यात्रा सम्बन्धी नियात्राले स्वदेशको चित्रण गरेका छन् भने विदेश सँग सम्बन्धित नियात्राहरूले त्यहाँको विकास, अवस्था, रहनसहन, जनजीवनको चित्र उतारेका छन् । यसै चरण वा दशकमा देखिएका केही नारी हस्ताक्षरहरूले जीवन भोगाइ, यथार्थ अवस्थाको चित्रण आफ्ना नियात्रामा उतारेका छन् ।

यात्राजन्य भोगाइ अनुभूति र सचेतना एवं मानवीय मूल्य मान्यता र मनोदशालाई भावमय र प्रवाहमय रुपमा प्रस्तुति दिएका राजेन्द्र सुवेदीका नियात्राहरू सुरम्य छन् । यात्रा र जीवनका विभिन्न दृष्टिकोण, बोद्धिक चिन्तनशीलता, हार्दिक संवेदनशिलता र भावान्तमक अनुभूतिशिलताको प्रतिबिम्वनले केशव उपाध्यायको नियात्रा कृति उच्च स्तरको छ । यात्रागत जीवन भोगाई र स्थलगत दृश्य परिदृश्यको चित्रात्मक प्रस्तुतिले गोविन्द गिरीका नियात्राहरू प्रभावोत्पादक छन् । त्यस्तै भौगोलिक, सांस्कृतिक, सामाजिक, दृश्यावली एवं मानवीय अनुभूति, चेतना र चिन्तनगत मनोवृत्तिको भावमय प्रस्तुतिले ध.च गोतामेका नियात्राहरू रसपूर्ण छन् । यात्रागत भूसौन्दर्य, संस्कृति, जनजीवन, सम्बन्ध, मैत्रित्व र सद्भावको सहज सम्प्रेषणले विनय रावलका नियात्रा अनुभूतिजन्य छन् (प्रधान, २०५०:८) ।

नेपाली नियात्राको विकासको गति साठीको दशकमा तिब्र भएको पाइन्छ । यस दशकको प्रारम्भ सँगै असङ्ख्य फुटकर नियात्राहरू विभिन्न पत्रपत्रिकामा प्रकाशित हुन थालेको देखिन्छ । कृति प्रकाशनको होडबाजी नै चलेको देखिन्छ । यात्रागत अनुभव अनुभूतिलाई निजी शिल्प संरचनामा नियात्रा रचना गर्नेहरुको जमात पनि ठुलै रहेको देखिएको छ । रामप्रसाद पन्तको **जापान भ्रमणका केही संस्मरण** (२०५८), **यात्रा र अनुभूति** (२०६०), **पेट्रोनास टावरको सेरोफेरो** (२०६३), **बाह्रसूर्य : सोह्र फन्को** (२०६४), **पर्यन्त देश** (२०६६), **स्मृतिगङ्गाको तीरैतीर** (२०६९) र **आस्थाको सरोवर** (२०७०) **पारामाटा किनारबाट** (२०७१), गोबिन्द भट्टराईको **एक्लै एक्लै एक्लै** (२०६०) र **सँगै बसौं यो रात** (२०६४), श्रीओम श्रेष्ठको **समुन्द्रवारी : समुन्द्रपारी** (२०६१), **नर्बिसने दिनहरू** (२०६२), ज्ञानेन्द्र विवशको **राराकी अप्सरा** (२०५८), **अन्नपूर्णका विम्वहरू** (२०७०) **प्रणय र पाइला** (२०६१), विष्णु बहादुर सिंहको **तीस पाइला** (२०६१), प्रदिप नेपालको **अमेरिकी वास स्वदेशको सम्झना** (२०६१), गोविन्द वर्तमानको **सोह्र साँझहरू** (२०६१), युवराज नयाँघरेको **अनाम पहाडमा फनफनी** (२०६२) हुँदै ध्रुवचन्द्र गौतमको **घडीको देशमा समय खोज्दै** (२०६३) र **जर्मनी : नयाँ आँगनमा पाइला टेक्दा** (२०६४), गीता रेग्मीको **पश्चिमाहरूको देशमा** (२०...), जुनु क्षेत्रीको **जूनका पाइला** (२०७१) सम्म आइपुग्दा नेपाली नियात्रा समुन्नत विधाको रूपमा स्थापित भैसकेको छ ।

यसरी हेर्दा नियात्रा विधाको उन्नति, प्रगति र नियात्रागत तत्त्वले पूर्ण नियात्राहरू साहित्यिक क्षेत्रमा स्थापित हुनको लागि समयानुकूलको परिमार्जित र परिष्कृत हुनुको साथै नवीन शैली शिल्प र विषयवस्तु तथा अनुभूतिहरूको सङ्गालोको रूपमा प्रकाशित फुटकर नियात्राहरू पत्रपत्रिकाहरूमा नियाल्न सकिन्छ । शारदा, माधवी, भारती, इन्द्रेणी, प्रगति, रूपरेखा, मधुपर्क, दायित्व, साधना, गरिमा लगायत नेपाली साहित्यिक पत्रिकाको सहयोगमा नियात्राविधा समृद्ध र समुन्नत र बहुआयामिक हुँदै गएको पाइन्छ । फुटकर रुपमा प्रकाशित भएका छन् । नियात्राकार रामप्रसाद पन्तको अध्यक्षतामा स्थापित **दायित्व वाङ्मय प्रतिष्ठान**, नेपालले प्रकाशित **दायित्व** पत्रिका मार्फत पनि नियात्राकारका नियात्रा तथा नियात्रा सम्बन्धी विचारहरू प्रकाशित भएका छन् । गोरखापत्र संस्थानले मधुपर्क पत्रिकामा प्रकाशित नियात्राहरू मध्येबाट चयन गरी २०६७ सालमा मधुपर्क प्रतिनिधि नियात्रा शीर्षक ग्रन्थ प्रकाशित गरेको छ । गरिमा पत्रिकाले **यात्रा वृतान्त विशेषाङ्क**को रूपमा प्रकाशित (२०६९ जेष्ठको अङ्कमा) गरेको

छ । यस विशेषाङ्कमा स्वदेशी र विदेशी गरी करिब दुई दर्जन जति नियात्राहरू प्रकाशित छन् (गरिमा, २०६९ : ५) । यस पत्रिका मार्फत फुटकर रूपमा नियात्रा प्रकाशित गर्ने नियात्राकार इरान राई सेवक, कृष्णविनोद लम्साल, तेजप्रसाद श्रेष्ठ, माधवप्रसाद पोखरेल, युवराज नयाँघरे, रामप्रसाद पन्त, रोशन शेरचन, वीण हाङ्गखिम, वीरभद्र आचार्य, साम्ब ढकाल, सुदिप पाखिन, हेमराज पाण्डे र ज्ञानेन्द्र विवश छन् भने विदेशतर्फ चन्द्रप्रसाद भट्टराई, दामोदर पुडासैनी 'किसोर', देवेन्द्र भट्टराई, धर्मेन्द्र झा, प्रदीप नेपाल, भीष्म उप्रेती, भूपिन व्याकुल, विनोद दीक्षित, शर्मिला खड्का (दाहाल) र हरिहर खनाल छन् । यसरी यात्रा साहित्यलाई अग्रगतिमा लैजान यस पत्रिकाको यस अङ्कले गरेको योगदान प्रशंशनीय देखिन्छ ।

यसरी साठीको दशकमा प्रकाशित नियात्रासङ्ग्रहका स्रष्टाहरूका विशेषता केलाउँदा यात्रा अनुभवलाई वर्णनात्मक शिल्पमा ढालेर भावमय प्रस्तुति गरिएका रामप्रसाद पन्तका नियात्राहरू निजात्मक देखिन्छन् । शालीन र सौम्य भाषाशैलीमा यात्रा प्रसङ्गका घटनाहरूलाई साहित्यिक सौन्दर्यपूर्ण रूपमा व्यक्त गरिएका गोविन्दराज भट्टराईको नियात्राहरू सौन्दर्यमय छन् । यात्रा भूमिको परिवेश, परिदृश्य र प्रसङ्गहरूलाई चेतनामय र भावमय प्रस्तुति दिएका श्री ओम श्रेष्ठका नियात्राहरू सुगठित छन् । यात्रा क्रममा भोगेका, देखेका र अनुभव गरेका घटना सन्दर्भहरू समन्वित गरिएका ज्ञानेन्द विवसका नियात्राहरू सम्प्रेषणीय छन् । रमणीय प्रकृतिको परिदृश्य र यात्रा स्थलको परिवेशजन्य परिस्थितिलाई वर्णनात्मक रूपमा अभिव्यक्त गरिएका विष्णुबहादुर सिंहका नियात्राहरू चित्रात्मक छन् । भौगोलिक परिवेश, जटिल जीवनपद्धती विसङ्गत अवस्था तथा समाज, राजनीति, संस्कृति र व्यक्तिको विविध रूप प्रतिरूपको समुद्घाटनले प्रदीप नेपालका नियात्राहरू संवेद्य छन् । यात्रा र भोगाइका यथार्थ र सर्वसाधारण जीवनको नियति, दुर्नियति एवं अनुभूतिको सत्य तथ्य उतारिएका प्रतीक ढकालको नियात्राहरू प्रभावकारी छन् । द्वन्द, हिंसा, प्रतिहिंसा र त्रासदीपूर्ण सामाजिक परिस्थिति एवं राजनैतिक, सामाजिक परिदृश्यको अभिरेखाङ्कन गरिएका गोविन्द वर्तमानका नियात्रा समय सन्दर्भसँग मिल्ने र यथार्थपरक छन् । यात्रागत भोगाइ, अनुभव अनुभूतिलाई भावनात्मक कोमलता र संवेदनात्मक तरलता साथ खिरिला र कसिला वाक्य गठनमा रसात्मक, रागात्मक, हास्यात्मक र व्यङ्ग्यात्मकताका रूपमा सम्प्रेषण गरिएका युवराज नयाँघरेको नियात्राहरू बौद्धिकतापूर्ण

छन् । त्यस्तै यात्रागत अनुभूतिलाई वर्णनात्मक, चेतन प्रवाहशैलीमा आत्मपरक प्रस्तुति गरिएका ध्रुवचन्द्र गोतामेका नियात्राहरू प्रभावोत्पादक छन् ।

स्वदेशी विदेशी यात्रागत परिवेशको मौलिकता, शिल्पगत नवीनता, भावगत तिब्रता एवं अनुभूतिको चोखोपनको संवेदनात्मक प्रस्तुतिको दृष्टिले महत्ववान् मानिने यस चरणका नियात्राहरू सफ्टवेयर दिमागका उपज हुन् (सुवेदी, २०६४ : ८७) । जुन विषय भाव र शिल्पगत विविधताका साथ निजात्मकताको धरातलमा सृजना गरिएका छन् । यस समयमा नियात्रा रचनाकारहरूले स्वदेश तथा विदेशमा घुमफिर गर्दाको अवस्थालाई देखाएका छन् भने नेपालमा पनि गाउँ, पहाड, हिमाल प्रकृति दृश्य र भौगोलिक चित्रण गरेको पाइन्छ । यसरी नेपाली नियात्रासाहित्यको अवस्था विभिन्न मोड, उपमोड जस्ता प्रवृत्तिमा कहिले झाँगिदै कहिले मौलाउदैत कहिले सिंगारिएर आजको अवस्थामा आइपुगेको छ ।

### ४.५ पन्तको नियात्रा लेखनको चरण विभाजन

नियात्राकार रामप्रसाद पन्त नियात्राको क्षेत्रमा वि.सं. २०६० को दशकमा उदाएका प्रतिभा हुन् । उनी वि.सं. २०३८ सालबाटै पत्रपत्रिका मार्फत आफ्ना रचनाहरू प्रकाशनमा ल्याएको भएता पनि पुस्तकाकारको रूपमा वि.सं. २०४४ देखि चिनिएका छन् । साहित्यका विविध विधामा कलम चलाएका पन्त, विशेष नियात्रा विधामा अग्रस्थानमा छन् । विभिन्न पत्रपत्रिकामा प्रकाशन पश्चात् उनका नियात्राहरूलाई सङ्गालोको रुपमा सङ्कलन गरेर **जापान भ्रमणका केही सम्झनाहरू** (२०५८) प्रकाशित भयो । यो नै पन्तको पहिलो नियात्रासङ्ग्रह हो । त्यसैगरी क्रमशः **यात्रा र अनुभूति** (२०६०), **पेट्रोनास टावरको सेरोफेरो** (२०६३), **वाह्र सूर्य : सोह्र फन्को** (२०६४), **पर्यन्त देश** (२०६६), **स्मृतिगङ्गाको तिरैतिर** (२०६९), **आस्थाको सरोवर** (२०७०), **पारामाटा किनारबाट** (२०७१) गरी आठ वटा नियात्रासङ्ग्रहहरू प्रकाशनमा आइसकेका छन् । पन्तका नियात्राहरू स्वदेश तथा विदेश भ्रमणमा आधारित छन् । उनका उपयुक्त रचनालाई लेखन, प्रकाशन, विषयवस्तु, शैलीगत परिपक्वता आदिका दृष्टिले हेरी नियात्रा यात्रालाई मुख्य रूपमा दुई चरणमा विभाजन गरेर अध्ययन गर्न सकिन्छ ।

#### क) पूर्वार्द्ध चरण (वि.सं. २०५८ देखि वि.सं. २०६३ सम्म)

नियात्राकार रामप्रसाद पन्तको नियात्रा लेखनको पूर्वार्द्ध चरण वि.सं. २०५८ देखि २०६३ सम्मलाई मान्न सकिन्छ । यो चरण लगभग छ वर्षको देखिन्छ । यस चरणमा उनले स्वदेश

तथा विदेश भ्रमणलाई आधार बनाएर ती भ्रमणका अनुभवहरूलाई विषयगत रूपमा छुट्टयाएर नियात्राको विषयवस्तु बनाएका छन् । उनको यस चरणका नियात्रा दायित्व, गरिमा, बन्दना, हाम्रो पुरुषार्थ, रचना गोधूलि, उन्नयन, जनमत, मनोभाव, सुगन्ध, अनुराग, झुल्को, जम्का, वसुन्धरा नाद-विन्दु, अभिव्यक्ति र अभिनवजस्ता पत्रपत्रिकाहरूमा प्रकाशित छन् र ती नियात्रा **जापान भ्रमणका केही सम्झनाहरू** (२०५८), **यात्रा र अनुभूति** (२०६०), **पेट्रोनास टावरका सेरोफेरो** (२०६३) तीनवटा पुस्तकमा सङ्गृहीत छन् । यिनै कृतिका माध्यमबाट उनका यस चरणका प्रवृत्तिहरू केलाउन सकिन्छ ।

यस चरणमा प्रकाशित पन्तको पुस्तककार कृति **जापान भ्रमणका केही सम्झनाहरू** (२०५८) हो । यसमा आफू जापान भ्रमणमा रहँदाको अनुभवहरूलाई सङ्गालेर यात्रा निबन्धको रूपमा विभिन्न पत्रपत्रिकामा प्रकाशित गरी ती प्रकाशित कृतिहरूलाई पुस्तकाकार रूप दिइएको छ । त्यसैगरी स्वदेशका केही स्थानको स्थानीयता तथा विभिन्न घटनाहरूलाई नियात्रात्मक रूपमा प्रकाशन र सङ्कलन गरी वि.सं. २०६० सालमा **यात्रा र अनुभूति** नामक कृति प्रकाशित गरिएको छ । अर्को कृति मलेसिया भ्रमणको अनुभवलाई समेटेर विभिन्न चौध नियात्राहरू पत्रपत्रिकामा प्रकाशित गरी पुस्तकाकारको रूपमा वि.सं. २०६३ सालमा **पेट्रोनास टावरको सेरोफेरो** नामक कृति प्रकाशित भएको छ ।

पूर्वार्द्ध चरणका यी तीन कृतिहरूलाई नियाल्दा यस चरणमा नियात्राकार पन्तले आफ्ना लेखनमा परिचयात्मक र तथ्याङ्कात्मक प्रवृत्तिका कथोपकथनद्वारा अनुभवहरू प्रस्तुत गरेको देखिन्छ । विषयवस्तुको आधारमा उनको प्रवृत्तिलाई केलाउँदा यस चरणमा स्वदेश र विदेशका आत्मभोगभुक्त घटना र अनुभवहरूलाई विषयवस्तुको रूप दिइएको पाइन्छ । अभिव्यक्तिमा वर्णनात्मक शैली, रचना विधामा घटना तथा परिवेश प्रधान शैली, शब्द प्रयोगमा मिश्रित शैली र अर्थमा अभिधात्मक शैलीको प्रयोग गर्ने उनका प्रवृत्ति देखिन्छ ।

समयलाई अवसरमा परिणत गराई स्वदेश तथा विदेशको भ्रमणमा चाख दिनु, भ्रमण क्षेत्रका आर्थिक, सामाजिक, औद्योगिक उन्नतिलाई विषयवस्तु बनाएर राष्ट्र र अन्तराष्ट्रबिच वा स्वदेशकै स्थान-स्थानबिचको तुलनात्मक अध्ययन गराई राष्ट्र उन्नतिमा पाठकको ध्यान केन्द्रित गर्नु, उन्नतिमा नेतृत्वको कमजोरी औंल्याउनु, विदेशी संस्कृति र नेपाली संस्कृतिबिच तुलना गरी नेपाली संस्कृतिको मौलिकताको प्रशंसा गर्नु, नेपालीको विदेशप्रतिको मोह विरूद्धमा

राष्ट्रियताको प्रेम जनाउनु, स्वदेशी स्थानहरूको यथार्थता देखाउँदै आन्तरिक पर्यटनमा जिज्ञासा जगाउनु समसामायिक घटनाबाट स्थानीय चिनारी दिनु, वस्तुपरकता लेखन र वर्णनात्मक शैलीमा यात्रा अनुभवहरू पस्कनु जस्ता पन्तका नियात्रात्मक प्रवृत्तिहरू यस चरणमा देखिन्छन् ।

भाषा एवं शैलीमा केही कसरमसर, प्रस्तुतिमा आत्मानुभूतिको मात्रा केही कम, वस्तु वर्णनको श्रृङ्खलामा केही खलवलिएको जस्ता केही ऋणात्मक पक्षहरू यस चरणका कृतिहरूमा देखिएता पनि यस चरणका उत्तरार्द्धमा उपर्युक्त पक्षमा क्रमिक सुधार देखिन्छ ।

**ख) उत्तरार्द्ध चरण (वि.सं. २०६४ देखि हालसम्म)**

रामप्रसाद पन्तको नियात्रा-यात्राको उत्तरार्द्ध चरण वि.सं. २०६४ देखि सुरू भएको मान्न सकिन्छ । भाषिक परिष्कार र परिमार्जन, शैली शिल्पगत नवीनता, सन्तुलित आत्मपरकता, अनुसन्धानात्मक वर्णन नै यस चरण विभाजनको सीमारेखा मानिएको छ । उनका नियात्रा लेखन प्रथम चरणमा देखा परेका केही-केही कसरमसरलाई हटाउँदै शैली-शिल्पगत तथा भाषिक परिष्कार र परिमार्जन एवम् अनुभूतिको अभिव्यक्तिमा परिपक्वतातिर उन्मुख देखिन्छ ।

वि.सं. २०६५ सालमा प्रकाशित **बाह्र सूर्य : सोह्र फन्को** उनको उत्तरार्द्ध चरणको पहिलो नियात्रा हो । वि.सं. २०६३–२०६४ होली पूर्णिमादेखि होली पूर्णिमासम्म एक वर्षका विदाहरूलाई सदुपयोग गरेर गरिएको काठमाडौं उपत्यकाको आसपासका सोह्र स्थानहरूको यात्रा अनुभवहरूलाई सङ्कलन गरी पुस्तकाकारमा तयार यो नियात्रा स्वदेशपरक छ । त्यसपछि वि.सं. २०६६ मा चीन भ्रमणका अनुभवका सङ्गालो नियात्रासङ्ग्रह **पर्यन्त देश** प्रकाशित भयो । निरन्तर प्रयासका खातिर नियात्राकार पन्तले कर्णाली अञ्चल आसपासका अनुभवहरूलाई बटुल्दै एउटा यात्रासङ्गालो बनाएर वि.सं. २०६९ मा प्रकाशित गरेका छन् । त्यस नियात्रासङ्ग्रहको नाम **स्मृतिगङ्गाको तीरैतीर** हो । यो स्वदेशपरक नियात्रा हो । त्यसैगरी स्वदेश र विदेश दुबै क्षेत्रका तीर्थ यात्रामा केन्द्रित अनुभवहरू र क्षेत्रगत पहिचान बोकेको नियात्रा **आस्थाको सरोबर** (२०७०) पनि यस चरणको नियात्रासङ्ग्रह हो । पन्तको हालसम्मको अन्तिम नियात्रासङ्ग्रह **पारामाटा किनारबाट** (२०७१) हो । यो अस्ट्रेलिया भ्रमणका अनुभवलाई सँगालेर (त्यहाँका मानिसको रहनसहन, प्राकृतिक दृश्य, धार्मिक आस्था समुन्द्री लहरको सुन्दरता) लेखिएको नियात्रासङ्ग्रह हो ।

उपर्युक्त कृतिहरूलाई अध्ययन गर्दा यस चरणमा पन्तको लेखनमा परिष्कार एवं परिमार्जन, प्रकाशनमा तीब्रता र निरन्तरता, विषयवस्तुमा विशिष्टता र समानता, शैलीमा पूर्णात्मक संक्षिप्तता, प्रस्तुतिमा प्रभावकारिता एवं हृदयस्पर्शिता, वर्णनमा गतिमयता र परिवेश चित्रणमा वास्तविकता जस्ता प्रवृत्तिहरू पाउन सकिन्छ । वस्तुगत संवेदनलाई दुरूस्त टिप्दै जस्ताको तस्तै रूपमा प्रस्तुत गर्न सक्नु र वस्तुको सेरोफेरोमा रहेर त्यसको वर्णन विवरणमा वा वस्तुले जन्माएको भावहरूलाई कल्पनात्मक रूपमा प्रस्तुत गर्न सक्नु पन्तको यस चरणको नियात्रा लेखनको प्रमुख विशेषता हो ।

यात्रा वर्णनमा पाठकलाई स्वयं दृश्यावलोकन गरेको भान दिलाउने र पाठकको मानसिकतामा पनि उस्तै चित्र उत्रने गरी वर्णन गर्न सक्ने नियात्राहरू रचना पक्षको वर्णन गर्नु उनको यस चरणको प्रमुख प्रवृत्ति हो । सामाजिक यात्राकृत स्थलको पक्षलाई भन्दा प्राकृतिक र औद्योगिक पक्षलाई प्राथमिकता दिनु उनको अर्को विशेषता देखिन्छ । विशेष गरेर भाषागत, शैलीगत, विषयगत लेखनमा प्रौढता, संरचनात्मक शिल्प-शैलीमा नवीनता, प्रस्तुतिमा हार्दिकता र गतिमयता, परिवेशमा स्थानीयता र मौलिकता प्रतिको उन्मुखता नै नियात्राकार पन्तको लेखनको उत्तरार्द्ध चरणका प्रवृत्ति देखिन्छ ।

यसरी रामप्रसाद पन्तको नियात्रा लेखनको चरण उनको नियात्रा यात्रालाई पूर्वाद्ध र उत्तरार्द्ध गरेर दुई चरणमा विभाजन गरिएको छ । लेखन, प्रकाशन, विषयवस्तु र शैलीगत परिपक्वतालाई चरण विभाजनका सीमारेखा मानेर रचनामा देखिएको प्रखरतामा उनका कृतिलाई वर्गीकरण गरिएको छ । पूर्व चरणमा वस्तु वर्णनलाई साध्य र आत्मारागलाई साधन बनाइएको छ भने पछिल्लो चरणमा वस्तुलाई साधन र वस्तुगत आत्मारागलाई साध्य बनाइएको छ । यसप्रकार उनका पूर्वार्द्धका यात्रा अनुभवहरू सूचनात्मक रूपमा वर्णित छन् भने उत्तरार्द्धका यात्रा अनुभवहरू अनुसन्धानात्मक छन् । पूर्वार्द्धमा भन्दा उत्तरार्द्धको नियात्रामा नेपाली प्रकृति बोलेको छ ।

## ४.६ निष्कर्ष

मानव उत्पत्ति र विकासको क्रम सँगै यात्रा गर्दै आएको यात्रात्मक अनुभवहरू लोक जीवन हुँदै लिखित वर्णनमा आएको हो । भाषिक लिपिको विकास भएपछि लेख्य रूप स्पष्ट नियात्रा पूर्वीय र पाश्चात्य साहित्यमा उत्तिकै सशक्त रुपमा आफ्नो मूल्य स्थापित गर्न सक्षम

भएको छ । नियात्राको उत्पत्ति, परिभाषा, मूल्यमान्यता, नेपाली साहित्यको स्थान, प्रमुख रचनाहरू र रचनाकारहरूको विशेषता तथा प्रवृत्तिका आधारमा काल र चरण विभाजन, नेपाली नियात्रा परम्पराको अध्ययनका आधारहरू हुन् । राजा गगनीराजको यात्राबाट पृष्ठभूमि उठान गरेको नेपाली नियात्रा साहित्यले विकास काल र आधुनिक कालका चरणहरू पार गर्दै पाँच सय बीस वर्ष पूरा गरिसकेको तथ्य नियात्रात्मक इतिहासले पुष्टि गर्दछ ।

यात्रागत सुगमता, यात्रा प्रतिको बढ्दो अभिरूचिका कारण मानिसहरू यात्राप्रेमी बन्दैछन् । यो नियात्रा विधाको शुभ सङ्केत हो । यात्रागत विषयको विविधता, शैलीगत नवीनता, वैयक्तिकता, भावगत गाम्भीर्य र रचनात्मक प्रौढता क्रमशः बढ्दै गएको छ । यो आगामी नियात्रा लेखनको शुभ सङ्केत हो ।

यसै आधुनिक कालको उत्तरार्द्ध चरणमा आधा दर्जनभन्दा बढी नियात्रासङ्ग्रहहरू लिएर उदाएका नियात्राकार रामप्रसाद पन्तको योगदान उल्लेखनीय छ । विषयवस्तुगत व्यापकता र शैलीगत परिपक्वता जस्ता कृतिमा पाइएका विशेषता एवं प्रवृत्तिको आधारमा अध्ययन गर्दा नेपाली नियात्रासाहित्यमा निरन्तर समुन्नतिको दिशातर्फ अग्रसर रहेको देखिन्छ ।

# पाँचौं : परिच्छेद

# 'यात्रा र अनुभूति' नियात्रासङ्ग्रहको कृतिपरक विश्लेषण

## ५.१ परिचय

नेपाली नियात्रा साहित्यमा आफ्नो पहिचान दिन सफल नियात्राकार रामप्रसाद पन्तले यात्राका क्रममा आफूले देखेका, भोगेका र अनुभव गरेका कुरालाई यथार्थपरक रूपमा प्रस्तुत गरेका छन् । आफ्ना निबन्धात्मक कृति (नियात्रा) मा आत्मानुभूतिलाई रसले भिजाएर कलात्मक ढङ्गबाट प्रस्तुत गरिएको प्राकृतिक, सामाजिक र सांस्कृतिक परिवेशका झलकहरू समेटेको यस नियात्रा मूलतः स्वदेशात्मक पहिचानकोलागि महत्वपूर्ण छ । स्वदेशी र विदेशी स्थानहरूका भ्रमणका क्रममा देखे भोगेका भूगोल, जनजीवन, प्रकृति, संस्कृति तथा सामाजिक परिवेशहरूलाई निजात्मकताका साथ समन्वय गरी प्रस्तुत गर्ने विवेच्य **यात्रा र अनुभूति** नियात्रा सङ्ग्रहमा प्रस्तुत गरेका छन् ।

यस सङ्ग्रहमा सङ्गृहीत नियात्राहरू वि.सं. २०४८ साल देखि वि.सं. २०६० सालसम्म भ्रमण गरेको कुरा उल्लेख छ । यस नियात्रासङ्ग्रहभित्र स्वदेश यात्रासँग केन्द्रित तेह्र नियात्राहरू छन् । एक नियात्रासङ्ग्रह छिमेकी राष्ट्र भारतको 'गया तीर्थयात्रा : यात्रा कि जात्रा !' भन्ने शीर्षकमा लेखिएको छ । यात्रात्मक निबन्धसँग सम्बन्धित नियात्रा **यात्रा र अनुभूति** (२०६०) मा रहेका नियात्राहरूको विश्लेषण गरिएको छ ।

## ५.२ विश्लेषणका आधार

पाश्चात्य, हिन्दी र नेपाली विभिन्न विद्वान्हरूका यात्रा साहित्य सम्बन्धी विचारहरूको सैद्धान्तिक अध्ययनलाई आधार मानेर त्यसका आधारमा यस **'यात्रा र अनुभूति'** नियात्रासङ्ग्रह अन्तर्गतका कृतिहरूको विश्लेषणका निम्ति क्रमशः विषयवस्तु, गतिशीलता, प्रस्तुति, विचार र भाषाशैलीलाई विश्लेषणका आधार विन्दुका रूपमा ग्रहण गरिएको छ र यिनै पाँच बुँदाहरूका आधारमा कृति विश्लेषण गरिएको छ ।

## ५.३.१ विषयवस्तु

### क) नीलमणिको प्रतिबिम्ब गोसाईंकुण्ड

यस नियात्रामा नियात्राकार पन्तले काठमाडौं डिल्लीबजारबाट बसपार्क हुँदै गोसाईंकुण्डको दर्शन गर्दासम्मका यात्रा अनुभवहरूको अङ्कन गरेका छन् । त्यस यात्रामा उनले त्रिशुली, बेत्रावती, धैबुङ्, धुन्चे, भोटेकोसी हुँदै खन्तीको उकालो, चन्दनबारीको उकालो, चोलाङपाटीको उकालो, लौरी विनाको उकालो हुँदै गोसाईंकुण्डसम्मका प्राकृतिक दृश्यहरू, सामाजिक रहनसहन, धार्मिक मठमन्दिर, सांस्कृतिक चालचलन, स्थानीय झल्काउने क्रियाकलापहरू र ऐतिहासिक मूल्य मान्यताका स्थानमाथि प्रकाश पारेका छन् । यसका साथै उनले क्रमशः मुड्कु भञ्याङ्ग, नागार्जुनको भब्य सुन्दरता, जीतपुरका बस्तीहरू, रानीपौवाको ऐतिहासिक बर्णन, नुवाकोटको नाङ्गो डाँडो, त्यहाँका किसानहरूको दयनीय अवस्था, बिदुर नगरपालिकाको सुन्दरता-हरियाली बोटबिरूवा, धान र बारीमा पुष्पित भएर लहराईरहेका तिल र भटमास, स्याब्रुक गाउँ र त्यहाँका अग्ला-अग्ला रुखहरूको अबलोकन गर्दै टिमुर र कागतीका बास्ना लिँदै, हिमशृङ्खलाको दृश्यसँग रमाउँदै साथीहरूसँगको हाँस्य, शृङ्गार र शान्त रसका वार्तासँगै गोसाईंकुण्ड पुगेर त्यहाँका मन्दिर र कुण्डहरूको दर्शन गरी फर्किंदासम्मका घटनाहरूको वर्णन विषयवस्तुका रूपमा आएका छन् ।

### ख) यात्राका तीन अनुभव

यस नियात्रामा नियात्राकारले भैरहवादेखि बुटवल तानसेन हुँदै रिडीसम्मको यात्रामा प्राप्त अनुभवको अङ्कन गरेका छन् । भैरहवादेखि वुटवलसम्मको यात्रामा भएको धार्मिक विवादलाई नियात्राकारले सम्वादसहित रोचक तरिकाले प्रस्तुत गरेका छन् । वुटवलदेखि तानसेन जाने क्रममा एक अर्धवैंसे आइमाई र बूढी आँबैको चरित्र र स्वभाव प्रस्तुत गरेका छन् भने अर्को तानसेनदेखि रिडीसम्मको यात्रामा भने सार्वजनिक स्थानमा हुने धुम्रपानको व्यङ्ग्यका साथ प्रस्तुत गरेका छन् ।

यसरी समग्रमा यस नियात्रामा समाजमा हुने धार्मिक विवाद, मादक पदार्थ सेवनबाट हुने हानी नोक्सानी र सार्वजनिक स्थलमा गरिने धुम्रपानजस्ता विषयवस्तुलाई बडो कलात्मकताका साथ प्रस्तुत गरेका छन् ।

**ग) त्यो घटना घटेको भए दोष कसले पाउँथ्यो !**

नियात्राकार रामप्रसाद पन्तले गुल्मी सदरमुकाम तम्घास जाने क्रममा भोगेको अनुभवलाई यस नियात्रामा प्रस्तुत गरेका छन् । साथै यसमा ह्वाँक्ने छहरा वलेटक्सार खानेपानी योजना भनी वलेटक्सार सम्म ल्याउने करोडौंको योजना भएको र यो योजना पनि काठमाडौंका जनतालाई मेलम्चीको पानी वीरवलको खिचडी भएजस्तै वलेटक्सारका जनतालाई पनि त्यस्तै नहोला भन्न नसकिने अवस्था विषयवस्तुमै छ । त्यस्तै समाजमा बढ्दै गएको अस्वस्थ्य प्रतिस्पर्धाको एक रूप हो, यातायात सञ्चालन । आफ्नो एकोहोरो रवाफमा चल्ने ड्राइभर खलासीको काम कारवाहीबाट दुर्घटना हुने गर्दछन् । ड्राइभर खलासीको कमी कमजोरीका कारण नियात्राकार चढेको गाडी पनि अनियन्त्रित हुन्छ । खलासीले ओट लगाएपछि गाडी दुर्घटना हुनबाट बच्छ । गाडी दुर्घटनाको अन्तिम चरणमा पुगेको त्यस घटनाबाट नियात्राकारले दोस्रो जीवनको महसुस गर्दछन् ।

यस नियात्रामा यिनै घटना र हुन लागेको दुर्घटनाको वर्णन गरेका छन् । त्यसै क्रममा त्यस यात्रा वृत्तान्तद्वारा चेतनशील वर्गलाई सावधान गराएका छन् । प्रशासनिक ढिलासुस्तीले जनतालाई सुबिधाबाट बञ्चित हुनुपरेको जस्ता प्रसङ्गहरू यात्रा विवरण विषयवस्तुको रूपमा प्रस्तुत् छन् ।

**घ) अज्ञात युवती**

यस नियात्रामा नियात्राकार पन्तले तम्घासदेखि यात्रा आरम्भ गरी बुटवल हुँदै काठमाडौं आइपुग्दासम्मको अनुभव अङ्कन गरेका छन् । त्यस क्रममा उनले बुटवलसम्म जाने बस चढी बसाईको सहजता खोज्दै एकजना युवती बसेको सिटमा पुगेका छन् र आफूलाई मानसिक असहजता महसुस गरी मनोद्वन्द्वमै रूमल्लिएका छन् । गाडीको गतिसँगै अज्ञात युवतीसँगको संवादबाट दाजुसँग काठमाडौं घुम्न जान लागेको खुलासा, दाजु पछाडिको सिटमा बसेको, बहिनीको अवस्था बमन गर्दा शिथिल भएको, दाजुलाई कुनै वास्ता नभएको, युवती सोझी छलकपट नभएकी देखिन्छिन् । यसरी यात्रामा नियात्राकार युवतीको मनोदशाको विश्लेषण गरेका छन् । युवतीको करूण अवस्थाले आफू भावनात्मक रूपमा सम्बद्ध भएको युवतीलाई गाडीको झ्यालबाट टाउको धेरै ननिकाल्न सचेत गराउँदै छन् ।

यसरी नियात्राकारले युवतीको छट्पटी अश्रुभावलाई नियाल्दैछन् । बुटवल आइपुग्नु अगावै सबै ओर्लिएको र नियात्राकारले काठमाडौंको लागि तिनवटा सिट रोकेको तर दाजु चाहिँले त्यहाँबाट काठमाडौं नलगी अज्ञात स्थलतर्फ लगेकोले चेली बेचिइन् कि भन्ने आशङ्का गर्न पुगेका छन् । यिनै घटनाहरू विषयवस्तुको रूपमा आएका छन् ।

**ङ) श्रीदुर्गा रिसाल**

यस नियात्रामा नियात्राकारले यात्राको आरम्भ काठमाडौं उपत्यकाको कार्यालयबाट भएको र उपत्यका बाहिरको कुनै शाखा कार्यालयसम्म सहयात्री श्रीदुर्गा रिसालसँगको आपसी वार्तालापबाट प्राप्त यथार्थ अनुभवको अङ्कन गरेका छन् । त्यस क्रममा उनले दुर्गा रिसालको बानी, पहिरन, यात्रामा खान मन लागेका कुरा दुबै जनाले किनी बाँडेर खाएको कुराको चर्चा गरेका छन् । वार्ताकै क्रममा फुपूको घर जान हिंडेकी रिसाल रात परेकाले शाखा कार्यालयको अतिथि गृहमा बस्ने निर्णय भएको छ र सोही अनुरूप त्यस स्थानमा पुगी संवाद सुरू भएको छ । त्यसपछि दुर्गाको पारिवारिक अवस्था ज्यादै कठिन, दर्दनाक भएको अवगत हुन्छ । यसबाट यात्राकार स्वयं द्रविभूत भएको वर्णनमा पाइन्छ ।

त्यस्तै संवादका क्रममा श्रीदुर्गाको मनोबैज्ञानिक पक्षको चिरफार भएको छ । सामाजिक यथार्थ पक्षको सजीव तरिकाले वर्णन गरेका छन् । श्री दुर्गारिसालले आफ्नो सन्तानको खातिर गरेको एक्लो संघर्षको खुलेर प्रशंसा गरेकाजस्ता आदि घटनाहरू विषयवस्तुका रूपमा आएका छन् ।

**च) भारतीको आलु र निर्मलाको माछा**

'भारतीको आलु र निर्मलाको माछा' नियात्रा पारिवारिक नियात्राको रूपमा रहेको छ । परिवारका सदस्यहरू मिलेर विदाको समयलाई सदुपयोग गर्दै सौराहा, देवघाट, गोरखा घुम्दा भएका घटना र अनुभूतिलाई पनि यस नियात्रामा समेटिएको छ । परिवारका सदस्यहरू सँगै सौराहाको प्राकृतिक दृश्यमा नियात्राकार रनभुल्ल परेका छन् । देवघाट धाममा पुगेर नियात्राकार रामप्रसाद पन्त धार्मिक, प्राकृतिक, ऐतिहासिक स्थानको अवलोकन पश्चात् गोरखातर्फ लम्किन्छन् । गोरखा दरबारमा भएको बर्तमान कालिन प्रशासनिक अवस्था, पुरातत्त्व सामग्रीहरूको बेहाल अवस्था एवं अनेकन परिस्थितिको गम्भीरताका साथ प्रस्तुत गरेका छन् । मलेखुकी निर्मलाको माछा र आफ्नो साली भारतीको उसिना आलुको पनि बीचबीचमा चर्चा

गरिएको छ । यस नियात्रामा नियात्राकार परिवारका साथमा काठमाडौं छाडेपछिको हरियाली देखेर पुलंकित भएका छन् । मलेखुकी निर्मलासँग गरिएको हाँस्यविनोदले पनि यात्रालाई रोचक बनाएको छ ।

सौराहामा पुग्दा बहिनीका आ-आफ्ना चाहना, बालबालिकाका आ-आफ्ना चाहना, साढु-साढुका आ-आफ्ना चाहना आदिले त्यस सौराहाको बसाईलाई झनै रमाइलो बनाइदिएको छ । बालबालिका हात्ती एवं सौराहाको वातावरणमा रमाएका छन् । काठमाडौं फर्कने क्रममा नियात्राकार रामप्रसाद पन्तले साली भारतीलाई जिस्क्याउँछन् । छोरी निर्मलाले नारायणघाटमा बियर खाएर हाँसेको कुरा नियात्राकारले मलेखु पुगेर सम्झिएका छन् आदि घटनाहरू विषयवस्तुका रूपमा आएका छन् ।

**छ) त्यस पुण्यदिनसँग गाँसिएका सम्झनाहरू**

यस नियात्रामा नियात्राकार पन्तले काठमाडौं चावहिलबाट यात्रा आरम्भ गरी चन्द्रनिगाहपुरको कार्यक्रममा सामेल भई नागढुङ्गा काठमाडौं फर्किदासम्म प्राप्त अनुभवको अङ्कन गरेका छन् । कुलचन्द्र कोइरालाको दशौं पुण्यतिथिको अवसरमा चन्द्रनिगाहपुर जाँदा नौविसे, चन्द्रोदय मा.वि. र त्यसबीचको शान्त हरियाली उपवन, कृष्णभीर, मुग्लिङ, हेटौडा, पथलैया हुँदै पूर्व चन्द्रनिगाहापुर पुगी त्यहाँको वर्णन गरेका छन् । विभिन्न जिल्लाका साहित्यकारहरूको जमघट, किताबको विमोचन, कुलचन्द्र कोइरालाको बारेमा प्रबचन आदि निर्माणाधिन जनज्योति उच्च मा.वि.को प्राङ्गणस्थलमा भएको उल्लेख गरेका छन् । त्यस यात्रामा यात्राकारले साहित्य र साहित्यकारप्रतिको समर्पण भावलाई उजागर गर्दै यात्रामा देखिएका हरियाली उपवनको वर्णन गरेका छन् ।

उपर्युक्त विषयका अतिरिक्त यात्राकारको २५ जनाको टोली होटेलमा खाना खाई, साहित्यकारहरूसँग बिदा भई त्यही बसमा साहित्यिक हाँसोका साथ मलेखुकी निर्मलाको होटलमा माछाको स्वाद लिई नागढुङ्गा प्रवेश भएको छ । यिनै घटनाहरूलाई विषयवस्तुका रुपमा प्रयोग गरिएको छ ।

**ज) बादलको घुम्टोभित्र लुकिरह्यो – माछापुच्छ्रे**

यस नियात्रामा यात्राकार पन्तले काठमाडौं बालाजुदेखि मुग्लिङ सडकखण्ड हुँदै गरिएको पोखरा होटल रिभरसाइडसम्मको यात्रामा प्राप्त अनुभवको अङ्कन गरेका छन् । त्यस क्रममा उनले कुरिनटार, आँबुखैरेनी, घाँसीकुवा, दमौली, खैरेनीटार, दुलेगौंडा आदि ठाउँका सडकवरपरका वातावरण मकै र धानको हरियाली हावासँगै झुलिरहेको दृश्यको वर्णन गरेका छन् । मनकामनाबाट दर्शन गरी आउनेको भीड साथै बूढीआमाको आगमनले बसाईमा आएको असहजता, आँबुखैरेनीमा डुम्रेकी करिश्मा कपुरको आगमन, उसको सुन्दरताको वर्णनसँगै यात्राकारले धार्मिक, सांस्कृतिक, सामाजिक र वातावरणीय पक्ष आदिमा प्रकाश पारेका छन् ।

उपर्युक्त विषय प्रसङ्गका अतिरिक्त पानीको बर्षात्सँगै नियात्राकारले कास्की प्रवेशलाई चेरापूँजीको सम्झना गरेका छन् । पोखराका दर्शनीय धार्मिक स्थल, ऐतिहासिक, पुरातात्त्विक र प्राकृतिक दृश्यको अवलोकन गर्ने परिवारजनको आकांक्षा वर्षात्ले प्रभाव पारेको र तीन दिनको पोखरा बसाईसम्म पनि माछापुच्छ्रेले आफ्नो घुम्टो नखोलेकोले माछापुच्छ्रे हेर्ने इच्छा पूराहुन नसकेको जस्ता कुरालाई विषयवस्तुका रूपमा प्रस्तुत गरेका छन् ।

**झ) पोखरादेखि बेनीसम्म**

यस नियात्रामा नियात्राकारले पोखरास्थित बागलुङ बसपार्कबाट यात्रा आरम्भ गरी कालीप्रसाद गण (ई) द्वारा निर्मित म्याग्दीको बेनी जोमसोम मोटर मार्गको निरीक्षण गरी यात्राबाट प्राप्त अनुभवहरूको अङ्कन गरेका छन् । त्यस क्रममा उनले बसभित्रबाट आँखाले भ्याएसम्म धौलागिरीको धवल दृश्य, लुम्ले कृषि फर्म, घान्द्रुक बस्ती आदिको निरीक्षण गर्दै पुनहिल र म्याग्दीको चर्चा गरेका छन् । खाजा खाने बेला होटलवाल्नी गुरूङ्सेनी शान्ताको डाइलग खाएर कालीगण्डकी र मोदीखोलाको संगमस्थल हुँदै बागलुङ महोत्सबमा भएका सांस्कृतिक, ऐतिहासिक र साहित्यकारहरूको चर्चासँगै २८ बर्षीय गल्कोटे ईन्द्रबहादुर खत्रीको खुलेर प्रशंसा गरेका छन् । यसका साथै कालीप्रसाद गण (ई) द्वारा निर्मित ७ किलोमिटर मोटरबाटो, उनीहरूको कामको र आतिथ्य सम्मानको प्रशंसा गरेका छन् । साथै त्यहाँको सुन्दर पर्यटकीय होटल, पर्बत, म्याग्दी र मुस्ताङ्ग आदि जिल्लाहरूपनि ऐतिहासिक, पौराणिक महत्त्व बोकेका पर्यटकीय स्थल भएको चर्चा विषयवस्तुको रूपमा उल्लेख गरिएको छ ।

**ञ) मेरो तेस्रो युद्ध अधुरो रह्यो**

यस नियात्रामा नियात्राकार पन्तले सिन्धुलीमाडीदेखि यात्रा आरम्भ गरी नेत्रकाली गा.वि.स. पुगी हेलीकप्टरबाट काठमाडौं आउँदासम्मको यात्रामा प्राप्त अनुभवको अङ्कन गरेका छन् । त्यस क्रममा उनले त्यहाँको प्रकृति, समाज, भौगोलिक अवस्था, खानपान, इतिहास, त्यतिबेलाको सन्त्रासपूर्ण वातावरण आदिजस्ता विविध पक्षको चर्चा गरेका छन् । वि.सं. २०५६ सालको आम निर्वाचनका क्रममा आफू सिन्धुलीको नेत्रकाली गा.वि.स.को निर्वाचन अधिकृतमा खटिएको र त्यो क्षेत्र माओवादीको त्रासले भरिएको साथै त्यसै क्षेत्रमा बारूदहरू निर्माण गरिएका, पहाड, खोलानाला, घाट, प्राकृतिक हराभरा, खेतबारीका धान चमरा फालेका मकैका बोटहरू, पुलिसहरूलाई नै देख्दा पनि माओवादी भनेर तर्सिएको, तामाङ्नी बहिनीलाई हेर्दाको रोमाञ्चकारी क्षण, बूढी आमैसँगको कुराकानी, शान्तेश्वरी गा.वि.स.को रामपुर बजार र तामाङ बस्तीको पारिवारिक अवस्थाको चित्रण भएको छ । त्यसक्रममा त्यस विकटस्थलमा पनि हिन्दी गीत गुञ्जिएकोले अचम्मित भएको क्षणको पनि उल्लेख गरिएको छ । त्यस्तै सन्त्रासै सन्त्रासमा इन्स्पेक्टर जोशीको नेतृत्वमा प्रहरी, कर्मचारी र स्थानीयको सहयोगमा निर्वाचन सम्पन्न गरेको आशय व्यक्त भएको छ ।

यसरी नियात्राकारले त्यस क्षेत्रको भौगोलिक, सामाजिक, आर्थिक र समसामयिक पक्षमाथि चर्चा गरेका छन् साथै उनी चुनावी युद्धमा होमिंदाको क्षणको मनोत्रास सजीव रूपमा अङ्कन गरेका छन् ।

**ट) गया तीर्थयात्रा : यात्रा कि जात्रा !**

यस नियात्रामा नियात्राकार पन्तले भैरहवादेखि भारतको गयासम्मको यात्रामा प्राप्त अनुभवको अङ्कन गरेका छन् । त्यस क्रममा उनले यात्राको उद्देश्यबारे चर्चा गर्दै आफू पितृऋणदेखि मुक्ति प्राप्त गर्नका लागि त्यसतर्फको यात्रामा प्रवृत्त भएको उल्लेख गरेका छन् । त्यस क्रममा उनले आराध्यदेव विश्वनाथको मन्दिरको चर्चा, महत्त्व, प्रेसका मित्रको गयाप्रस्थान गर्ने इच्छा व्यक्त, रिक्सावालको छल, दशाश्वमेघ घाट, पतितपावनी गङ्गाको दर्शन, पण्डाहरूका तँछाडमछाड चलिरहेको अवस्था, त्यहाँका पण्डाद्वारा पिण्डदानको कार्यक्रम सम्पन्न, गयाक्षेत्रको वर्णन त्यस पुण्यभूमिमा पितृकार्य सम्पन्न गरेको बस्तुस्थिति समाज, भाषा सभ्यता, संस्कृतिप्रतिको विकृति, यातायात आदि पक्षमाथि प्रकाश पारेका छन् ।

यसका साथै उनले बोधगया प्रस्थान गरी ध्यानस्थ बुद्धको विशाल सौम्यमूर्तिमा श्रद्धाभाव, बुद्ध तलाउ त्यसपछि विश्रामागार, उद्यान, भवनहरू लगायत तिब्वती, चिनी र थाई बौद्ध मन्दिरहरूको अबलोकन गरी आनन्दानुभूति गरेको उल्लेख गरेका छन् ।

उपर्युक्त विषय-प्रसङ्गका अतिरिक्त नियात्राकारले नदीको जलप्रवाहमा विर्सजित पिण्ड टिप्न जानेहरूको संघर्षलाई पितृहरू नै भिखारीको रुपमा आएर त्यो पिण्ड उपभोग गरेका पो हुन् कि भन्ने टिप्पणी गरेका छन् ।

**ठ) चरिकोटसँग गाँसिएका दुई सम्झना**

यस नियात्रामा नियात्राकारले भक्तपुरदेखि यात्रा आरम्भ गरी धुलिखेल, दोलालघाट, इन्द्रावती, सुनकोसीको किनारैकिनार हुँदै खरिढुङ्गा, चरिङ्गे डाँडा हुँदै चरिङ्गे खोला पार गर्दै चरिकोट पुग्दासम्मको यात्रामा प्राप्त अनुभवहरूलाई अङ्कन गरेका छन् । त्यस क्रममा उनले सम्बद्ध यात्रा प्रदेशको भूगोल, प्रकृति र परिस्थितीका पक्षबारे चर्चा गरेका छन् । उक्त यात्रामा यात्राकारले सुनकोसीको किनारै किनार ११० कि.मि. लामो स्वीस सरकारद्वार निर्मित राजमार्ग र त्यसको दायाँबायाँ लगाइएका रूखहरूको खुलेर प्रशंसा गरेका छन् । त्यस्तै यात्राका क्रममा खरिढुङ्गाबाट माथि लागेपछि हिँउको सेतोले मोहित पारेको र गाडी रोकेर एकछिन हिँउमा खेलेको त्यसपछि रात्री यात्रामा चरिङ्गे खोला तरेर तेस्रो लागेपछि विशाल ज्वाला दन्किएर अन्त्यमा जति निकट पुगिन्छ बिस्तारै कोइलाहरूमात्र देखिएको दृश्यहरू विषयबस्तुको रूपमा आएका छन् ।

**ड) खतराका पाँच विभाजित रेखाहरू**

यस कृतिमा नियात्राकार पन्तले काठमाडौंदेखि बुटवल हुँदै गृहजिल्ला गुल्मी परिभ्रमणमा प्राप्त अनुभवको अङ्कन गरेका छन् । त्यस क्रममा उनले तिनाउ खेलाको किनारैकिनार तानसेन, रिडी, कच्ची उकालो, साघुँरो, चिप्लोसमेत भएको खतरायुक्त बाटो थोर्गा हुँदै गुल्मेली होटलबाट बलेटक्सारको निरीक्षण, वाल्यकाल, बाबु-आमाको स्मरण, शृङ्गा क्षेत्रको पौराणिक कथन स्मरण गर्दछन् । त्यस क्षेत्रको यातायात, भौगोलिक, प्राकृतिक, प्रशासनिक पक्षको उद्‌घाटन गरेका छन् । गैंडाकोटदेखि तम्घाससम्मको खतरनाक बाटो पार गर्दै त्यस क्षेत्रको भौगोलिक विकटतामाथि प्रकाश पारेका छन् ।

यसका साथै परिभ्रमणको क्रममा साहित्यिक मित्र शशी पन्थीसँगको भेटले नवीन् मोड लिएको प्रतित् भएको छ । उहाँको क्याम्पस परिसरको वातावरण र त्यहाँका शैक्षिक प्रगतिले शशी पन्थीजीको सुन्दर बस्ती त्यहाँका संघर्षशील जनताले आफ्ना गाउँ विकासका लागि गरेका कामहरूको अतुलनीय वर्णन, यातायात र विकास निर्माणका कार्यहरूमा सरकार मौन रहेको खुलासा गरेका छन् ।

यसका साथै नियात्राकारले गुल्मीका ऐतिहासिक चार राज्यको भौगोलिक अवस्थिति, भौगोलिक विकटता, श्रीमती लक्ष्मी पन्तको हेराईमा पूर्व र पश्चिमका मानिसमा तुलनात्मक रूपमा पश्चिमका मानिसमा निष्कपटता, वचन र व्यवहारमा एकरूपता नम्रता, सोझोपन, आदरभाव र सहयोगी भएको आशय व्यक्त भएको छ । साथै नेपालका बाटाहरू पूर्ण खतरामुक्त नभएको र काठमाडौंको बाटो भने ९९.९ प्रतिशत खतरामुक्त रहेको घटना प्रसङ्गहरू विषयवस्तुको रूपमा आएका छन् ।

**ढ) त्यस यात्राले भेटाएका साहित्यकारहरू**

यस कृतिमा यात्राकार पन्तले पोखरा बसपार्कदेखि बेनी, बागलुङ हुँदै पुनः पोखरासम्मको यात्रामा प्राप्त अनुभवको अङ्कन गरेका छन् । त्यस क्रममा उनले धवलागिरिको काखमा डम्म बसेको सुन्दर नगरी वाग्लुङको चित्ताकर्षक सौन्दर्यको मुग्ध भावले प्रशंसा गरेका छन् र त्यस स्थानप्रतिको आफ्नो प्रबल आकर्षण एवं प्रगाढ आत्मीयभावलाई अभिव्यक्त गरेका छन् ।

उनले बागलुङ नगरीको प्रकृति, संस्कृति, शैक्षिक, ऐतिहासिक, साहित्यिक व्यक्तित्व र नगर सौन्दर्यको संस्मरण गरेका छन् । त्यस सन्दर्भमा उनले वाग्लुङ्गे साहित्यकर्मीले आफूप्रति गरेको आतिथ्य सम्मान, कोठामा अग्रज एवं बरिष्ठ साहित्यकारहरूका तस्बीर, तुल, व्याच, बोर्ड र किताबको सजावटले साहित्यको सम्मान प्रतित् भएको त्यस्तै पोखरेली साहित्यकारहरूसँग भेट्ने आकांक्षा रमेश श्रेष्ठसँगको भेटमा नै सीमित रहेको उल्लेख गरेका छन् ।

त्यस्तै यसमा उनले वाग्लुङ्गे साहित्यकारहरूको आतिथ्य सम्मान, सामाजिक र सांस्कृतिक जागरण ल्याउने उद्देश्यले निर्माण गरिएको सत्संग भवना, वी.पी. र गणेशमानले भाषण गरेको चौतारोको स्मरण गर्दै पोखरेली साहित्यकारहरूको व्यस्तताले गर्दा आफूले भेट्ने आकांक्षा पूरा नभएकोमा आफूलाई दुःख लागेको कुरा विषयवस्तुको रूपमा प्रस्तुत गरेका छन् ।

### ५.३.२ गतिशीलता

**क) नीलमणिको प्रतिबिम्ब गोसाईंकुण्ड**

यस नियात्रामा नियात्राकारले आफ्नो यात्रा डिल्लीबजारबाट नयाँ बसपार्क हुँदै त्रिशुली विद्युत् शक्ति अवलोकन गर्दै धुन्चे, जीतपुर, बेतिनिवन, बिदुर नगरपालिकाको सुन्दर बस्ती, रसुवा, त्यहाँको सुन्दर जङ्गल, लाङ्टाङ् राष्ट्रिय निकुञ्ज र छाँगाछहराहरूले निकुञ्जले त्यहाँको शोभा बढाएको वर्णन गरेका छन् । त्रिशुली र भोटेकोशीको संगमस्थल खन्ती, चन्दबारी, चोलङ्पाटीका उकालाहरू पार गरी लौरीबिनाको उकोलो पार गर्दै ४,३०० मिटर अग्लो स्थानमा रहेको गोसाईंकुण्डको दर्शन गरेको जस्ता घटनाहरूले नियात्रामा गति प्रदान गरेका छन् ।

नियात्रामा सहयात्रीका रूपमा रामबहादुर के.सी., उत्तम जोशी, प्रकाश श्रेष्ठ रहेका छन् । यात्रा साधनका रूपमा सार्वजनिक बस र पैदलयात्राबाटै सहयात्रीसँगको सौहार्दपूर्ण व्यवहारबाट यात्रा सम्पन्न भएको छ ।

**ख) यात्राका तीन अनुभव**

यस यात्रामा यात्राकारले भैरहवादेखि रिडीसम्म यात्रा गरेका छन् जसमा तिनवटा बस बदलेका छन् । पहिलो भैरहवादेखि वुटवलसम्मको यात्रामा धार्मिक विवाद भएको छ । बसको अघिल्लो सिटमा बसेका जटाधारी प्रजापिता व्रह्मकुमारीका भक्त उनीसँग भएको धर्मका विवादहरू, बुटवलबाट तानसेन जाने क्रममा रक्स्याही आँवै र ठूली बीचको कुराकानी, कन्डक्टर र रक्स्याही आँवै बीचको वार्तालाप र अन्त्यमा तानसेनदेखि रिडीसम्मको यात्रामा राजनीतिका गफ हाँक्नेहरूको वर्णन छ । अरूको प्रवाह नगरी सार्वजनिक स्थलमा चुरोट तान्ने अल्लारे केटाहरूदेखि पीडित यात्राकारले बसमा “धुम्रपान बर्जित छ” लेखिएसँग कसलाई के वास्ता ? त्यो त लिखित पो ........ चलनचल्तीको लागि कहाँ हो र ? जस्ता नियात्राकारका मनोतर्कहरू छन् । यसरी सहयात्रीका रूपमा कसैलाई पनि उपस्थापन गरेका छैनन् । बसमा यात्रा गर्ने यात्रीहरू नै सहयात्रीका रूपमा आएका छन् तिनीहरूको क्रियाकलापले नै नियात्रामा गति प्रदन गरेको छ । यसरी नितान्त सार्वजनिक बसबाट यात्रा सम्पन्न भएको छ ।

**ग) त्यो घटना घटेको भए दोष कसले पाउँथ्यो !**

यस नियात्रामा नियात्राकारले बलेटक्सारदेखि यात्राको आरम्भ गरेका छन् र तम्घास पुगी विभिन्न स्थानहरूको अवस्थिति, बाटोघाटोको दुर्दशा आदि समसामयिक पक्षहरूको अवलोकन

गर्दै पुनः दार्सिङ्बास आई यात्राको अन्त्य गरेका छन् । यस यात्रामा यात्राकारले आफ्नै गृह जिल्ला गुल्मी सदरमुकामको यात्रा गर्दै छन् । यात्रामा आफ्ना बाल्यकालका स्मृतिहरूको स्मरण गरेका छन् । मोटरबाटो, खानेपानी योजना योजना मै सीमित, यात्रीबाहक बसको सीमितताको कारण जनताहरू सुविधाबाट वञ्चित भएको खुलासा भएको छ । यात्रामा ड्राइभर र कन्डक्टरहरूले क्षमताभन्दा बढी यात्रु राखेर गाडी चलाउँदा हुन लागेको दुर्घटनाबाट बच्न सफल भएका छन् । यसमा बस मालिकहरु आफ्नो तृष्णा मेट्नको लागि यात्रुहरूको ढिलाईको वास्ता नगरी आफ्नो मनोमानी गरेको अवस्था छ । गाडी रोकेकाले अर्को गाडी लगायतकाले गाली दिएको र अन्तमा मालिक आएपछि निर्वाद रुपमा गाडी चलेको छ र राती दार्सिङबास पुगेको जस्ता घटनाले नियात्रामा गतिशीलता छ भन्न सकिन्छ । सहयात्रीका रूपमा कसैलाई पनि उपस्थापन नगरेका हुनाले सरकारी अड्डाको काममा आफू एक्लैले यात्रा सम्पन्न गरेका छन् । सार्वजनिक बसद्वारा गरिएको यात्रामा बसका यात्रीहरूसँगको भिडभाडमै यात्रा सम्पन्न भएको छ ।

**घ) अज्ञात युवती**

यस नियात्रामा नियात्राकारले तम्घासदेखि यात्राको आरम्भ गरी काठमाडौंमा यात्राको अन्त्य गरेका छन् । यस प्रकार नियात्राकारसँगै यात्राका क्रममा साथमा दुई जना केटाहरू बुटवलसम्मका लागि सँगै रहेका छन् । बसाईको सहजतालाई खोज्दै नियात्राकार एक युवती बसेको सिटमा पुग्छन् । उनीसँगको वार्तालाप उनको मनोदशाको चिरफार, उनको शिथिल शारीरिक अवस्था, दाजु भनाउँदाको बेवास्ता साथै युवतीको सरल भाव जस्ता दृश्यले नियात्रामा गति प्रदान गरेका छन् । यसरी सार्वजनिक बसमा दुई केटा र अज्ञात युवती सहयात्रीका रूपमा देखिएका छन् र तिनै युवतीको मनोदशाको वर्णनमा नै नियात्रा केन्द्रित रहेको छ । अन्त्यमा बुटवल आई ओर्लिएको र काठमाडौं जाने बसमा नियात्राकारले सिट रोकेर राखी ती युवतीलाई चियापसल, फलफूल पसल साथै टिकट काउण्टरतर्फ खोजेको जस्ता दृश्य पठनका क्रममा आएका छन् । तर युवती र उनका दाजु गाडीमा नआई बेपत्ता भएको दृश्यले नियात्राकारमा उत्पन्न भएको शंकासँगै नियात्रा सकिएको छ ।

### ङ) श्रीदुर्गा रिसाल

यस नियात्रामा नियात्राकारले काठमाडौं उपत्यकाको कार्यालयदेखि यात्रा आरम्भ गरेका छन् र ठेगाना नखुलेको उपत्यका बाहिरको शाखा कार्यालयमा पुगी यात्रा समाप्त गरेका छन् । नियात्रामा बाहिरी वातावरणको वर्णन भन्दा सहयात्री श्रीदुर्गा रिसालको नामको अगाडि श्री लेखिएको र उनी महिला भएकोले सुरूमा नियात्राकारमा नै मनोतर्कहरू उब्जिएका छन् । यात्राका क्रममा रिसालसँग संवाद भएका छन् । संवादका क्रममा उनी फरासिली, मिलनसार, हिम्मतवाली भएको थाहा हुन्छ । अन्तिम चरणमा फुपूको घर जाने बस नपाएर शाखा कार्यालयको अतिथि गृहमा बस्ने निर्णय बमोजिम त्यतैतर्फ उन्मुख भएका छन् । यसमा श्रीदुर्गा रिसालको मनोद्वन्द्व, मानसिक छट्पटी संवादका क्रममा देखिएका छन् । यिनै कुराले नियात्रामा गति प्रदान गरेका छन् ।

यसरी यात्रा सरकारी कामकाजको सिलसिलामा भएको छ । सहयात्रीको रूपमा सहकर्मी दुर्गा रिसाल पियन र ड्राइभर छन् । यात्रा सरकारी बसमा सौहार्दपूर्ण तवरले सम्पन्न भएको छ ।

### च) भारतीको आलु र निर्मलाको माछा

यस यात्रामा यात्राकारले काठमाडौंदेखि यात्रा आरम्भ गरेका छन् । थानकोट, नागढुङ्गा हुँदै सौराहा, देवघाट, गोरखा हुँदै अन्तमा काठमाडौं आई यात्रा विश्राम गरेका छन् । यसमा उनले मलेखुकी होटल्नी निर्मलाको माछा र आफ्नै साली भारतीको उसिना आलु वर्णनीय र हाँस्यको विषय बनेको छ । सौराहाको प्राकृतिक दृश्य, शाही चितवन राष्ट्रिय निकुञ्ज तथा वन्य जन्तु आरक्ष, त्यस सँगैको राप्ती नदी, देवघाटको पुल, दर्शनीय स्थल मन्दिरहरू, भक्तजनहरू र त्यसै मन्दिरको वरपर रहेका फाट्टफुट्ट पसलहरूको दृश्य छ । त्यस्तै गोरखा दरबार र त्यहाँको वर्तमान कालीन अवस्थाहरू उपस्थापन गरिएको हुँदा तथा पठनका क्रममा नयाँ स्थान, दृश्य र व्यक्तिपात्रका विम्व उपस्थित हुने हुँदा कृति गतिशील बनेको छ । यात्राकारले सहयात्रीका रूपमा आफ्नै परिवारका सदस्यहरू, साढुभाइ, साली निर्मला र उनका छोराछोरीगरी जम्मा नौ जना उपस्थापन छन् र वर्णनका क्रममा मलेखुकी निर्मला र उनको माछा विशेष रूपमा आएको छ ।

पन्तको यो यात्रा सहयात्रीहरूका साथ गाडीमा र कहीँकतै दर्शनीय स्थलमा पैदलयात्राबाट अत्यन्त सौहार्दपूर्ण वातावरणमा सम्पन्न भएको छ ।

**छ) त्यस पुण्यदिनसँग गाँसिएका सम्झनाहरू**

यस नियात्रामा नियात्राकारले काठमाडौं चावहिलबाट यात्रा आरम्भ गरेका छन् र थानकोट, नौबिसे, मलेखु, कृष्णभीर, मुग्लिङ, हेटौंडा, पथलैया हुँदै चन्द्रनिगाहपुर गेष्ट हाउस पुगी त्यहाँबाट जनज्योति उच्च मा.वि.मा भएको कुलचन्द्र कोइरालाको पुण्य तिथिमा सम्मिलित भई विभिन्न जिल्लाबासी साहित्यकारको जमघट, पुस्तक विमोचन, उपहार प्रदान जस्ता कार्यहरू बर्णन गरिएका  छन् । गेष्टहाउसको बसाई, माधव काफ्ले र कुलचन्द्र कोइराला निवासको प्राकृतिक मनोरम, वरपरको खुला वातावरण, बोटबृक्ष र उहाँहरूको आतिथ्य सम्मान आदि विभिन्न दृश्यले बिम्ब उपस्थित हुनाले कृति गतिशील बनेको छ ।

उक्त यात्राको सहयात्रीका रूपमा २५ जना साहित्यकारको जम्बो टोली रहेको छ र यात्रा साधनको रूपमा रिजर्भ बस रहेको छ । यात्रा सहयात्री साहित्यकारहरूको साथमा सौहार्दपूर्ण वातावरणमा सम्पन्न भएको छ ।

**ज) बादलको घुम्टोभित्र लुकिरह्यो – माछापुच्छ्रे**

यस कृतिमा यात्राकार काठमाडौं बालाजुदेखि यात्रा आरम्भ गरेका छन् र कुरिनटार, आबुखैरेनी, दमौली, खैरेनीटार, दुलेगौंडा हुँदै पोखरा बस स्टेशन भई होटल रिभरसाइडसम्मका प्राकृतिक दृश्य र यात्राका क्रममा सम्पर्क व्यक्तिहरूबीच भएको क्रियाकलाप र उब्जेका बिचार, तर्क, चिन्तन र बस्तुगत तथ्यहरूले यात्रालाई गति प्रदान गरेका छन् ।

यात्राकारले सहयात्रीका रूपमा आफ्नो परिवार र सहकर्मी रमेशजी लाई उपस्थापन गरेका छन् । सार्वजनिक बसद्वारा गरिएको यात्रामा नेपाली लोकदोहोरी गीतहरू गुञ्जिएको र त्यसमै लहरिँदै यात्रा भएको छ । डुम्रे पुगेपछि सानी करिश्माको सौन्दर्य र उससँगको वात्सल्य प्रेमको वर्णन गरेका छन् । मुग्लिङ पोखरा सडकखण्डको वातावरण, सहज समथर बाटो, धान र मकैका बोट लहराइरहेका रमणीय र मनोहारी दृश्य त्यस्तै दमौली, खैरेनीटार, दुलेगौंडा हुँदै पोखरा बस स्टेशन भई होटल रिभरसाइडसम्मका दृश्य र माछापुच्छ्रे हेर्ने उद्देश्यले गएको त्यो टोली त्यस ठाउँमा रहँदा, बस्दासम्मको तेस्रो दिन पनि माछापुच्छ्रेले आफ्नो लज्जालु स्वभाव

नछाडेको र घुम्टो ओडिरहेकोले यात्राकारको परिवारले माछापुच्छ्रे हेर्ने आकंक्षा पुरा हुन नपाएको वर्णन यसमा पाइन्छ ।

**झ) पोखरादेखि बेनीसम्म**

यस नियात्रामा नियात्राकारले बाग्लुङ्ग बसपार्कदेखि यात्राको आरम्भ गरेका छन् र सेती नदी किनार, ह्याम्जा, धवलागिरिको धवल दृश्य, लुम्ले कृषि फर्म, घान्द्रुक बस्ती, कुश्मा बजार, काली गण्डकी र मोदीखोलाको संगमस्थल आदि त्यस सेरोफेरोमा अवस्थित अनेक स्थानको परिभ्रमण पश्चात् कालीप्रसाद गण (ई) द्वारा निर्मित ७ किलोमिटर मोटरबाटोको निरीक्षण गरी उनीहरूद्वारा गरिएको सम्मानको प्रशंसा गर्दै त्यहाँका पर्यटकीय होटल लगायत अनेक दृश्य, व्यक्तिपात्रका बिम्ब उपस्थित हुने हुँदा नियात्रा गतिशील बनेको छ ।

यस यात्रामा सहयात्रीका रूपमा रमेशजीलाई उपस्थापन गरेका छन् र उनीसँगैको सौहार्दपूर्ण वातावरणमा यात्रा भएको छ । यात्रा साधनका रूपमा सार्वजनिक बस, गाडी, ट्याक्सी र कहींकतै पैदलयात्राद्वारा सम्पन्न भएको छ ।

**ञ) मेरो तेस्रो युद्ध अधुरो रह्यो**

यस नियात्रामा नियात्राकारले सिन्धुलीमाडीदेखि यात्राको आरम्भ गरेका छन् र क्रमशः सिम्लेको घाट, खोँच, राजबासको उकालो, टुँडीभञ्ज्याङ, हायुटार प्रहरी चौकी र बस्तीपुर हुँदै माओवादीको कथा स्मरण गर्दै घँसियारे दिदी-बहिनीका गीत सुन्दै नेत्रकाली गा.वि.स.मा मतदान सम्पन्न गरी हेलिकप्टरबाट काठमाडौं आई यात्रा अन्त्य गरेका छन् । यसप्रकार उनले ग्रामीण परिवेशलाई यात्रास्थलका रूपमा चयन गरेका छन् । त्यस स्थानका विभिन्न दृश्य र व्यक्तिपात्रका बिम्ब उपस्थित भएकाले कृति गतिशील बनेको छ । सहयात्रीका रूपमा दुई जना सईको नेतृत्वमा ३५ जनाको बटालियन र १५ जनाको निजामती टोली गरी जम्मा ५० जनाको टोलीको सक्रियतामा यात्रा सम्पन्न भएको छ । त्यस्तै यसमा सिन्धुलीको ६/७ किलोमिटर परसम्म ट्रकमा र त्यसपछि पैदल यात्रा र अन्त्यमा हेलिकप्टरबाट सिन्धुलीदेखि काठमाडौंसम्मको यात्रा भएको छ ।

**ट) गया तीर्थयात्रा : यात्रा कि जात्रा !**

यस नियात्रामा नियात्राकारले भैरहवादेखि यात्रा आरम्भ गरेका छन् र बनारस हुँदै गयामा पुगेर पितृकार्य सम्पन्न गरी पुनः भैरहवा आइ यात्रा अन्त्य गरेका छन् । यसप्रकार नियात्राकारले यस नियात्रामा भारतीय परिवेशलाई यात्रास्थलका रूपमा चयन गरेका छन् । नियात्रामा आराध्यदेव विश्वनाथको मन्दिर, प्रेसका मित्र सँगको भेट, रिक्सावाला, दशाश्वमेघ घाट, पतितपावनी गङ्गा, मन्दिर वरपरका पण्डाहरू, पाण्डेजीसँगको भेट, गयाक्षेत्र, बौद्धमन्दिरहरूको अवलोकन साथै पठनका क्रममा नयाँ-नयाँ स्थान, दृश्य र व्यक्ति पात्रका बिम्ब उपस्थापन भएको हुँदा नियात्रा गतिशील बनेको छ । नियात्राकारले सहयात्रीका रूपमा आफ्नी आमा र सानो छोरा उपस्थापन गरेका छन् र वीचमा आएर पाण्डेजी पनि सहयात्री बन्न पुगेका छन् । यात्रा बस, रिक्सा, रेल, टाँगा र कहिँकतै पैदलयात्राद्वारा सम्पन्न गरिएको छ ।

**ठ) चरिकोटसँग गाँसिएका दुई सम्झना**

यस नियात्रामा नियात्राकारले काठमाडौंदेखि यात्रा आरम्भ गरेका छन् र विभिन्न स्थान पार गर्दै चरिकोटको एक पाण्डेको पसलमा उनको सहयोगमा हिमचुली गेष्ट हाउसमा पुगी रात्रीविश्रामसँग यात्राको अन्त्य गरेका छन् । यसप्रकार यात्राकारले यस कृतिमा भक्तपुर, धुलिखेल, दोलालघाट, सुनकोसी नदी किनारै किनारबाटोका छेउछाउमा लगाईएका रूखहरू, बाटो निर्माणमा दूरदर्शी नीतिको निरीक्षण गरी खुलेर प्रशंसा गरेका छन् । खरिढुङ्गाको बाटोमा थुप्रिएको सेताम्मे हिँउमा खेल्दै त्यही हराएको, त्यसपछि चरिङ्गे खोला चरेर तेस्रो बाटो लागेपछि देखिएको विशाल आभा एकैछिनमा निभेर हराएको दृश्य, स्थान, व्यक्ति पात्र, बिम्ब उपस्थापन गरिएको हुँदा कृति गतिशील बनेको छ । नियात्राकारले सहयात्रीका रूपमा दाजु सज्जन, ड्राइभर र आफ्नी श्रीमतीलाई उपस्थापन गरेका छन् । यिनीहरूसँगको सौहार्दपूर्ण वातावरणमा यात्रा सम्पन्न भएको छ ।

**ड) खतराका पाँच विभाजित रेखाहरू**

यस नियात्रामा नियात्राकार पन्तले काठमाडौंदेखि बुटवलसम्मको रात्रीयात्रा आरम्भ गरेका छन् र आफ्नो गृहजिल्ला बलेटक्सार, श्रृङ्गा क्षेत्र, तम्घास, गैंडाकोट, रिडी, तानसेन हुँदै नागढुङ्गासम्मको यात्राको परिभ्रमण गरी यात्रा अन्त्य गरेका छन् । यसमा उनले प्राकृतिक, भौगोलिक, शैक्षिक, साहित्यिक परिवेशलाई चयन गरेका छन् । प्रत्येकको घरको छानामा

माटाका भुड्काहरू रहेको, धुले, कच्ची, साँघुरो मोटरबाटो, जस्ताले छाएका घरहरू रहेको परिवेश, जिल्लाबासीहरूले नै आफ्नो जिल्लाको विकासका लागि देखाएको अग्रसरता, शैक्षिक र साहित्यिक क्षेत्रप्रतिको अनुकरणीय योगदानको वर्णन आदि नवीन दृश्य, अनेक व्यक्ति पात्रलाई उपस्थापन गरिएको हुँदा कृति गतिशील बनेको छ । कृतिमा पूर्ण सहयात्रीका रूपमा लक्ष्मी पन्त, आंशिक सहयात्रीका रुपमा शशी पन्थी रहेका छन् । नेपालको भौगोलिक अवस्थिति र प्रशासनिक लापरवाहीको कारणले त्रासदीपूर्ण यात्रा गर्नुपरेको खुलासा भएको छ । सहयात्रीहरूसँगको सौहार्दपूर्ण वातावरणमा यात्रा सम्पन्न भएको छ । यात्रा सार्वजनिक बस र पैदलयात्राबाट सम्पन्न भएको छ ।

**ढ) त्यस यात्राले भेटाएका साहित्यकारहरू**

यस कृतिमा यात्राकारले पोखराको वागलुङ बसपार्कदेखि यात्रा आरम्भ गरेका छन् र वागलुङ पुगी वाग्लुङ्गे साहित्यकारहरूसँगको भेट पश्चात् पोखरा गई पोखरामा रमेश श्रेष्ठसँगको भेटपश्चात् यात्रा अन्त्य गरेका छन् । कृतिमा साहित्यकारहरूसँगको भेट, वार्तालाप, प्रसिद्ध नेता गणेशमान सिंह र वी.पीको भाषण गर्ने चौतारोको निरीक्षण, पुरानो मालअड्डा, कम्पुटोल हुँदै वागलुङको ऐतिहासिक महत्त्व र त्यस ठाउँले जन्माएको सपुतको नाम स्मरण गराउँदै मैत्रेयजी, प्रेम छोटासँग विदा भई बेनीको बस चढी पोखरा प्रस्थान पछि सपरिवार पोखरेली साहित्यकारहरूसँग भेट्ने अभिलाषा केवल रमेश श्रेष्ठसँगमात्र सम्भव भएको दृश्य छ । यसरी यात्राका क्रममा नयाँ-नयाँ स्थान, दृश्य र व्यक्ति पात्रमा बिम्ब उपस्थित हुने हुँदा कृति गतिमय बनेको छ । यात्राकारले कृतिमा सहयात्रीका रूपमा रमेशजीलाई उपस्थापन गरेका छन् र अन्त्यमा आफ्नो परिवारलाई पनि समावेश गरेका छन् । त्यस्तै उनले सवारी साधनका रूपमा पोखरा बसपार्कदेखि सार्बजनिक बस प्रयोग गरेका छन् भने बेनी होटलदेखि पोखरासम्म ट्याक्सीको र वागलुङमा पैदल यात्राका रूपमा सम्पन्न गरेका छन् ।

### ५.३.३ प्रस्तुति

**क) नीलमणिको प्रतिबिम्ब गोसाईंकुण्ड**

नियात्राकार रामप्रसाद पन्तका सबै रचनाहरू निबन्धात्मक शैली र प्रथम पुरुष दृष्टि विन्दुमा देखिएका छन् । यात्राकारका रचनाहरू निजात्मक रागले पर्याप्त मात्रामा रञ्जित छन् । पर्याप्त मात्रामा आत्मियता, चित्रात्मकता, भावनात्मकता, स्वच्छन्दता तथा रोचकता जस्ता गुणले युक्त छन् । तिनमा प्रभावकारी, वस्तु बर्णन र सजीव शैलीमा गरेका छन् । त्यस्तै यात्राको सुरूमै नमोरे सबै थोक देख्न पाइन्छ तर मरिहाले के गर्ने ! त्यस्तै दानदिन, सेवा गर्न पनि भाग्यले पाइन्छ बाबु, भाग्यले ! जस्ता सबल र क्षीण रूपले पूर्व स्मृतिको अङ्कन गरेका छन् ।

**ख) यात्राका तीन अनुभव**

यस कृति तीन वटा सन्दर्भमा विभाजित छ । निबन्धात्मक शैली र प्रथम पुरुष दृष्टिविन्दुमा लेखिएको छ । यो रचना निजात्मक रागले प्रर्याप्त मात्रामा रञ्जित छ । आत्मीयता, चित्रात्मकता, भावनात्मकता, स्वच्छन्दता तथा रोचकता जस्ता गुणले युक्त छ । यसमा प्रभावकारी वस्तु वर्णन र सजीव शैलीमा व्यक्त गरेका छन् । त्यस्तै गरी पर्याप्त मात्रामा संवादहरू सजीव र स्वाभाविक छन् । कालिक प्रयोगका दृष्टिले यसमा वर्तमान र भूतकालका वाक्यहरू प्रयोग गरेका छन् ।

**ग) त्यो घटना घटेको भए दोष कसले पाउँथ्यो !**

नियात्राकारले यस कृतिको शीर्ष भागमा यसमा समावेश गरिएका विषयवस्तुका बारेमा प्रकाश पारेका छन् । म त भाग्यमानी रहेछु र मजस्ता सयौं यात्रुहरू पनि भाग्यमानी रहेछन् । ड्राइभर पनि भाग्यमानी रहेछ । पहिला गाली खायो, पछि प्रशंसा पायो । साहस गरेर ब्रेक थिच्यो, खलासीको नाम लिएर चिच्चायो । खलासी हुत्तिँदै गएर ओट राख्यो र एउटा ठूलो दुर्घटना हुनबाट बचाएको कुरा उल्लेख गरेका छन् ।

यस कृतिको शैली निबन्धात्मक छ । यस यात्रामा नियात्राकारले वस्तु वर्णन सजीव रूपमा गरेका छन् । आफ्नो गृह जिल्लाका स्थानहरूको सान्दर्भिक रूपले पूर्वस्मृतिको अङ्कन गरेका छन् । नियात्रा प्रथम पुरुष शैलीमा लेखिएको भएतापनि वस्तु वर्णनका क्रममा बाह्य

दृष्टिविन्दुको पनि प्रयोग भएको छ । यो कृति सामान्य भूत कालिक र वर्तमान कालिक शैलीमा लेखिएको छ ।

**घ) अज्ञात युवती**

यस शीर्षकमा यात्राकारले मूलतः प्रथम पुरुष दृष्टिविन्दुको प्रयोग गरेका छन् तापनि वर्णनका क्रममा बाह्य दृष्टिविन्दुको प्रयोग पनि पाइन्छ । यात्राकारको आत्मरागले कृति पर्याप्त मात्रामा रञ्जित छ । यसमा यात्राकारले साक्षात्कृत व्यक्तिपात्रको सजीव वर्णन गरेका छन् । यसैगरी पर्याप्त मात्रामा मनोतर्क र संवादको पनि प्रयोग गरेका छन् । संवादहरू सजीव र स्वाभाविक छन् । आफूसँग घटेको घटनाको विषयलाई लिएर भावात्मक तर्क पेश गरेका छन् । यसबाट कृतिको भावसौन्दर्यमा वृद्धि भएको छ । यसमा यात्राकारले वर्तमान र भूतकालका सामान्य र अपूर्ण विविध पक्षको प्रयोग गरेका छन् ।

**ङ) श्रीदुर्गा रिसाल**

यो कृति निबन्धात्मक शैलीमा लेखिएको छ । मूलतः प्रथम पुरूष शैली दृष्टिविन्दुमा भएपनि संवादका क्रममा द्वितीय र तृतीय पुरुषको समेत प्रयोग भएको छ । ती सजीव र स्वाभाविक छन् । साथै सान्दर्भिक रूपमा पूर्वस्मृतिको अङ्कन गरेका छन् । कालिक प्रयोगका दृष्टिले यो कृति प्राय सामान्य भूत कालिन शैलीमा लेखिएको छ र मनोविश्लेषणको प्रयोग प्रचुर मात्रामा गरिएको छ ।

**च) भारतीको आलु र निर्मलाको माछा**

यो यात्रा चार वटा सन्दर्भमा विभाजित छ । प्रत्येक सन्दर्भमा क्रमानुसारको संख्या समेत उल्लेखित छ । यसको शैली निबन्धात्मक छ र दृष्टिविन्दु आन्तरिक र बाह्य दुबै रहेको छ । त्यस्तै यो यात्राकारको आत्मरागले पर्याप्त मात्रामा रन्जित छ । चित्रात्मक, भावनात्मक, कल्पना प्रवणता, रसात्मकता, स्वच्छन्दता र रोचकता आदि गुणले समन्वित छ । यसमा कतिपय स्थलमा तथ्यात्मक विवरणको अङ्कन गरिएको छ । नेपाली लोकगीतको अंश समावेशबाट भावसौन्दर्यमा बृद्धि भएको छ । कालिक प्रयोगका दृष्टिले प्रायः भूत कालिक शैलीमा लेखिएको छ ।

**छ) त्यस पुण्यदिनसँग गाँसिएका सम्झनाहरू**

यो यात्रा निबन्धात्मक शैलीमा लेखिएको छ । यसमा यात्राकारले स्वयंलाई पथप्रर्दशक र पाठकलाई पर्यटकका रूपमा प्रस्तुत गरेका छन् । यो कृति यात्राकारको अनुभूति र चिन्तनले युक्त छ तथा पर्याप्त मात्रामा चित्रात्मक छ । यात्रामा वस्तु वर्णन सजीव रूपमा गरेका छन् । कतिपय स्थलमा तथ्यात्मक विवरणको अङ्कन गरेका छन् तथा यात्रा दिनाङ्कको समेत अङ्कन गरेका छन् । यात्राकारको निजात्मक राग र अनुभूतिले समन्वित छ । प्रायः वाक्यहरू भूत कालिक शैलीमा प्रस्तुत छन् ।

**ज) बादलको घुम्टोभित्र लुकिरह्यो – माछापुच्छे**

यो कृति चार वटा सन्दर्भमा विभाजित छ र शैली प्रथम पुरुष दृष्टिबिन्दुमा लेखिएको छ । यात्राकारको निजात्मक रागले पर्याप्त मात्रामा रञ्जित छ तथा अनुभूतिमय छ । त्यस्तै यस कृतिलाई चित्रात्मकता, रागात्मकता, भावात्मकता, आत्मीयता, स्वच्छन्दता, कल्पनाप्रवणता र रोचकता आदि गुणले सम्पन्न बनाएको छ । गाडीमा घन्केका गीतहरूको प्रस्तुतिले कतिपय स्थलमा तथ्यात्मक विवरणको अङ्कन र पूर्वस्मृतिको समेत अङ्कन गरिएको छ । साथै यात्राको दिनाङ्कनको अङ्कन एवं कृतिको रचनाकालको अङ्कन पनि गरिएको छ । केही मात्रामा संवादको प्रयोग गरिएको छ । संवादहरू सरल र स्वाभाविक छन् । कालिक प्रयोगका दृष्टिले भूतकालिक शैलीमा लेखिएको छ ।

**झ) पोखरादेखि बेनीसम्म**

यो कृति पाँच वटा सन्दर्भमा विभाजित छ र शैली पनि प्रथम पुरुष शैलीबाट सुरू भई वर्णन, संवाद, वार्तालापका क्रममा द्वितीय र तृतीय शैलीको पनि प्रयोग भएको छ । कतै पर्यटन र कतै पथप्रदर्शकको रुपमा आफू स्वयंलाई प्रस्तुत गरेका छन् । यो यात्रा यात्राकारको अनुभूति र चिन्तनले युक्त छ तथा पर्याप्त मात्रामा चित्रात्मक छ ।

यात्रामा यात्राकारले वस्तुवर्णन सजीव रूपमा गरेका छन् । कतिपय स्थलमा तथ्यात्मक विवरणको अङ्कन गरेका छन् तथा यात्राको दिनाङ्कको एवं कृतिको रचनाकालको समेत अङ्कन गरेका छन् । त्यस्तै संवादको पनि पर्याप्त मात्रामा प्रयोग गरेका छन् । संवादहरू सजीव एवं स्वाभाविक छन् । कालिक प्रयोगका दृष्टिले यो कृति प्रायः वर्तमान कालिक र भूत कालिक शैलीमा प्रस्तुत छ ।

**ञ) मेरो तेस्रो युद्ध अधुरो रह्यो**

यो कृति बाह्र वटा सन्दर्भमा विभाजित छ र निबन्धात्मक-संस्मरणात्मक शैलीमा लेखिएको छ । यात्राकारको निजात्मक भाव, अनुभूति र चिन्तनले समन्वित छ । चित्रात्मकता, भावात्मकता, अनुभूति, चिन्तन, रसात्मकता, रोचकता जस्ता गुणले युक्त छ । तिनमा यात्राकारले वस्तुवर्णन प्रभावकारी र सजीव शैलीमा गरेका छन् । प्रायः नियात्रामा सान्दर्भिक रुपले चुनावको गीतको विज्ञापनले भाव सौन्दर्य बढाएका छन् । यसमा तथ्यात्मक विवरणको पनि अङ्कन गरेका छन् । संवादको प्रयोग गरिएको छ । ती सजीव र स्वाभाविक छन् । यसका साथै सान्दर्भिक रूपमा यात्राकालको दिनाङ्कको समेत अङ्कन गरेका छन् । कालिक प्रयोगको दृष्टिले भूत कालिक शैलीमा लेखिएको छ । यात्रालाई छुट्टाएर बाह्र वटा उपशिर्षकमा विभाजन गरिएको छ ।

**ट) गया तीर्थयात्रा : यात्रा कि जात्रा !**

यो कृति निबन्धात्मक शैली र प्रथम पुरुष दृष्टिविन्दुमा लेखिएको छ तथापि यसमा नियात्राकारले आफूलाई भोका र द्रष्टा दुई रूपमा विभाजन गरेका छन् । आफ्नै निम्ति पनि तृतीय पुरुषको समेत प्रयोग गरेका छन् । उदाहरणको रूपमा निम्न अंशलाई प्रस्तुत गर्न सकिन्छ : 'त्यो कसाईलाई ठेगान लगाउने खुकुरीधारी वीर गोर्खाली त्यो मध्यरातमा निस्कन सकेन ।' वस्तु वर्णनका क्रममा वाह्य दृष्टिविन्दुको पनि प्रयोग भएको छ । यात्राकारको अनुभूति र चिन्तनले समन्वित छ । साथै चित्रात्मकता, भावनात्मकता, आत्मीयता जस्ता गुणले युक्त छ । वस्तुवर्णन सजीव रूपमा गरिएको छ । कतिपय स्थानमा तथ्यात्मक विवरणको अङ्कन गरिएको छ । संवादको प्रयोग पर्याप्त मात्रामा गरिएको छ । कालिक प्रयोगका दृष्टिले प्रायः सामान्य भूत कालिक शैलीमा लेखिएको छ ।

**ठ) चरिकोटसँग गाँसिएका दुई सम्झना**

यो कृति निबन्धात्मक शैली र प्रथम पुरुष दृष्टिविन्दुमा लेखिएको छ वस्तुवर्णन र घटनाहरूको वर्णनमा बाह्य दृष्टिविन्दुको पनि प्रयोग भएको छ । यात्रा अनुभूति र चिन्तनले समन्वित छ । चित्रात्मकता, भावात्मकता, कल्पना प्रवणता, स्वच्छन्दता आदि गुणले युक्त छ । वस्तुवर्णन सजीव र आकर्षण रूपले गरिएको छ । संवादहरू सजीव र स्वाभाविक रूपमा प्रस्तुत छन् । कालिक प्रयोगका दृष्टिले भूत कालिक शैलीमा लेखिएको छ ।

## ड) खतराका पाँच विभाजित रेखाहरू

यस कृतिको शैली निबन्धात्मक संस्मरणात्मक छ र प्रथमपुरुष दृष्टिविन्दुमा नै संरचित छ । यसमा कृतिको आरम्भ भूमिकात्मक अभिव्यक्तिबाट गरिएको छ । यो यात्राकारको निजात्मक राग, अनुभूति एवं चिन्तनले युक्त छ । स्थानीय रङ्ले रञ्जित छ र पर्याप्त मात्रामा चित्रात्मक छ । भावात्मकता, आत्मीयता, कल्पनाप्रवणता, रसात्मकता, स्वच्छन्दता, रोचकता आदि गुणले युक्त छ । वस्तुवर्णन सजीब र आकर्षक रूपमा गरिएको छ । कतिपय स्थलमा तथ्यात्मक विवरणको अङ्कन गरिएको छ । साथै कतिपय पूर्व यात्रा प्रसङ्ग एवं पूर्वस्मृतिको अङ्कन गरिएको छ । न्यून संवादहरू सजीब एवं स्वाभाविक छन् ।

## ढ) त्यस यात्राले भेटाएका साहित्यकारहरू

यस कृतिको शैली पनि निबन्धात्मक-संस्मरणात्मक छ र दृष्टिविन्दु प्रथम पुरुष नै छ । यसमा कृतिको आरम्भ भूमिकात्मक अभिव्यक्तिबाट सुरू गरिएको छ । यो यात्राकारको निजात्मक राग, अनुभूति एवं चिन्तनले पर्याप्त मात्रामा अन्वित छ । स्थानीय रङ्ले रञ्जित छ र पर्याप्त मात्रामा चित्रात्मक छ । आत्मीयता, भावात्मकता, स्वच्छन्दता आदि गुणले युक्त छ । यसमा वस्तुवर्णन सजीब र आकर्षण रूपमा गरिएको छ । कतिपय स्थलमा तथ्यात्मक विवरणको अङ्कन गरिएको छ । त्यस्तै यात्रारम्भको समयको अङ्कन गरिएको छ । यसमा संवादको पनि प्रयोग गरिएको छ । संवादहरू सजीव एवं स्वाभाविक छन् । कालिक प्रयोगका दृष्टिले भूत कालिक शैलीमा लेखिएको छ ।

### ५.३.४ विचार

**क) नीलमणिको प्रतिबिम्ब गोसाईंकुण्ड**

यस नियात्रामा नियात्राकारले नेपालको भौगोलिक, प्राकृतिक, सांस्कृतिक, धार्मिक तथा औद्योगिक अवस्थाको पहिचान गराउँदै, फुर्सदको समयलाई भ्रमणमा लगाउने, आन्तरिक पर्यटकीय स्थलको पहिचान तथा विकास गर्ने बिचार व्यक्त गरेका छन् ।

**ख) यात्राका तीन अनुभव**

यस नियात्रामा नियात्राकारले यात्रा सम्बन्धी चिन्तन प्रस्तुत गरेका छन् र यात्रा गर्दैमा मानसिक आनन्द प्राप्त हुने भाव व्यक्त गर्दै समाजमा हुने धार्मिक मतभेद, मदिरापान, सार्वजनिक स्थानमा गरिने धुम्रपानको बारेमा बताइएको छ । समाजमा हुने गरेका विकृतिलाई निरुत्साहित गरी समाज सुधारको सन्देश दिनु यस नियात्राको वैचारिक सार रहेको छ ।

**ग) त्यो घटना घटेको भए दोष कसले पाउँथ्यो !**

यस नियात्रामा देशको भौगोलिक अवस्था र बाटोघाटोप्रति चेतनशील वर्गलाई जानकारी गराउँदै सुधारको चाहना राखेका छन् । खानेपानी योजना जस्ता अति आवश्यकीय कुरालाई ढिलासुस्ती गरेर जनतालाई दुःख दिन नहुने ड्राइभर, खलासी र बस मालिकहरूको मनोमानी गर्न नहुने जस्ता यथार्थवादी चिन्तनसहित समाज सुधारको चाहना राख्नु नियात्राको विचार सार रहेको छ ।

**घ) अज्ञात युवती**

यस नियात्रामा नियात्राकारले सम्भावित बेचिन लागेकी एक किशोरीको बारेमा चर्चा गरेका छन् । चेलीबेटी बेचबिखन गर्दा पापमा परिन्छ भन्ने आध्यात्मिक चेतना दर्शाएका छन् । समाजमा व्याप्त रहेको विकृति एवं जघन्य अपराधको संज्ञा दिइने चेलीबेटी बेचबिखनका बारेमा सबैलाई जानकारी दिँदै समाजमा चेलीबेटी बेचबिखन पूर्ण रूपमा अन्त हुनुपर्दछ भन्ने सन्देश दिन खोज्नु नै यस नियात्राको विचार रहेको छ ।

**ङ) श्रीदुर्गा रिसाल**

मानिसका यथार्थ जीवनमा हुने गरेका घटनालाई जस्ताको तस्तै नियात्रामा प्रस्तुत गरिन्छ । त्यस्तै मानिसले आदर्शमा रमाउने विचार गरेतापनि यथार्थ जीवनमा अनुवन्धित भएका

मानव मनका वारेमा लेखिने नियात्राले पनि यथार्थताको उद्देश्य राखेका हुन्छन् । **'श्रीदुर्गा रिसाल'** यात्रा र अनुभूतिको यथार्थ जीवन प्रस्तुति हो ।

यस नियात्रामा एउटी महिलाले आफ्नो जीवनमा कल्पेका चाहना र यथार्थमा भोगेका अनुभूतिलाई समेटिएको छ । सानै उमेरमा साथीको लहैलहैमा लागेर गरिएको प्रेम विवाह, त्यसपछि उत्पन्न परिस्थिति अनि भोगेका अनुभूतिको कहानी श्रीदुर्गा रिसालले सुनाएकी छिन् । सानैमा विवाह गर्नु हुँदैन । परिवारको सहमतिमा विवाह गर्नुपर्दछ । मनोवैज्ञानिक दुर्दशाको विश्लेषण गर्दै मानवतावादी, जीवनवादी, आदर्शवादी विचार व्यक्त गर्नु नियात्राको सारका रूपमा रहेको छ ।

**च) भारतीको आलु र निर्मलाको माछा**

कतिपय नियात्राको उद्देश्य पाठकलाई मनोरञ्जन दिलाउने खालको हुन्छ । त्यस्ता यात्रामा नियात्राकारले यात्राका माध्यमबाट मनोरञ्जन लिएका हुन्छन् भने त्यसै नियात्राबाट पाठकहरू मनोरञ्जित भएका हुन्छन् । यस नियात्रामा नियात्राकार एवं परिवार सबैको यात्रा वर्णन समेटिएको छ । परिवारबीच भएको संवाद, यात्राका क्रममा देखिएका प्राकृतिक दृश्यहरूबाट परिवार मनोरञ्जित छन् । आफ्ना परिवारलाई माया र समय दिनुपर्दछ । आफ्नो आर्थिक उपलब्धतामा मात्र ध्यान दिनु हुँदैन । आफ्नो परिवारको खुशी नै आफ्नो खुशी हो । समय समयमा परिवारका सदस्यहरू मिलेर भ्रमण गर्नु पर्छ, रमाइलो गर्नु पर्छ, त्यस रमाइलोले मानसिक पीडा, तनावलाई बिर्साइदिन्छ । पुरातत्व सामाग्रीको संरक्षण र सम्बर्द्धन गर्नुपर्ने धार्मिक आस्था र मूल्य मान्यताको विश्वास गर्नुपर्ने, जनावरहरूको संरक्षण गर्नुपर्ने जस्ता मानवतावादी तथा जीवनवादी विचार व्यक्त गर्नु नियात्राको वैचारिक सार हो ।

**छ) त्यस पुण्यदिनसँग गाँसिएका सम्झनाहरू**

नियात्रामा आफूभन्दा ठूला व्यक्तिको आदरसम्मान गर्नुपर्दछ, साहित्य रचना मार्फत समाज सेवा गर्नुपर्दछ । साहित्य सर्जकहरू देशका अमूल्य निधि हुन्, तिनको सम्मान गर्नुपर्छ भन्नेजस्ता मानवतावादी, जीवनवादी, सिर्जनवादी चिन्तनका साथै सौन्दर्यवादी दृष्टि प्रस्तुत गर्नु नियात्राको मुलभूत विचार हो ।

**ज) बादलको घुम्टोभित्र लुकिरह्यो – माछापुच्छे**

यस नियात्रामा नियात्राकार परिवारसहित पोखरा भ्रमणका बेलाको अनुभूतिलाई समेटिएको छ । छुट्टीको समयलाई सदुपयोग गर्दै नियात्राकार पोखरा भ्रमणमा छन् । पोखरामा बसेर आफ्नो परिवारसँग नियात्राकार रमाएका छन् । आफ्नो परिवारलाई आफ्नो व्यस्तताका बाबजुद समय दिनुपर्छ जसले उनीहरुलाई मनोबैज्ञानिक क्षेत्रमा ठूलो हौसला मिल्छ । यो नियात्रा मार्फत नियात्राकारले आफ्ना सन्तानलाई हौसला दिनुपर्छ, मायाममता दिनुपर्दछ भन्ने विचार राखेका छन् ।

**झ) पोखरादेखि बेनीसम्म**

यस नियात्रामा नियात्राकारले देशको आन्तरिक गतिविधि, नेपालका ग्रामीण भेगका मोटरबाटाहरूले विकास निर्माणको सेतुको काम गरिरहेका छन् । यस्ता बाटाहरूको निर्माणका लागि दक्ष व्यक्तिलाई काम सुम्पिनुपर्दछ, जसले गर्दा विकास निर्माणमा टेवा पुग्दछ । नेपालका लोकसांस्कृतिक, पौराणिक, धार्मिक आदि पक्षमा संरक्षण र संबर्द्धन गर्नुपर्छ । समग्र देशको उन्नति र जनताको भलाई चाहने हो भने समाज विकासमा योग्य व्यक्तिलाई मात्र समावेश गराइनुपर्छ भन्ने यस नियात्राको विचार हो ।

**ञ) मेरो तेस्रो युद्ध अधुरो रह्यो**

कामको सिलसिलामा गरेको भ्रमणमा देखिएका र भोगेका त्रास, कल्पना र यथार्थ नियात्रामा प्रस्तुत गरिएको छ । नियात्राको विषयवस्तु मनोद्वन्द्वमै केन्द्रित छ । आफू हरेक सत्य, तथ्य निष्पक्ष कुराको लागि अडिग हुनुपर्छ भन्ने विचारका साथै यस नियात्राको सन्देश अनावश्यक मनोत्रास नबढाइ संगठित भएर समाज विकासमा लाग्नुपर्छ भन्ने हो ।

**ट) गया तीर्थयात्रा : यात्रा कि जात्रा !**

ऐतिहासिक र धार्मिक क्षेत्रको सम्मान र सम्बर्द्धन गर्नु सबैको कर्तव्य हो भन्ने भावना यस नियात्रामा उल्लेख छ । धार्मिक आस्था जगाउने आध्यात्म चेतनाको विस्तार नियात्रामा पाइन्छ । धार्मिक भूमिका हुने ठग प्रवृत्ति साथै तीर्थस्थलमा हुने अमानवीय कार्यको निराकरण गरिनुर्छ भन्ने यो नियात्राको विचार हो ।

**ठ) चरिकोटसँग गाँसिएका दुई सम्झना**

यस कृतिमा नियात्राकारले बाटोघाटोको निर्माण गर्दा दूरदर्शी नीति अपनाएर गर्नुपर्ने बैचारिक सन्देश प्रस्तुत गरेका छन् । अनावश्यक मनोत्रास नबढाउने, प्रकृतिप्रेमी बन्न फुर्सदको समयको सदुपयोग गरी यात्रानन्द लिने यथार्थवादी, मानवतावादी र सुधारवादी विचार प्रस्तुत गरेका छन् ।

**ड) खतराका पाँच विभाजित रेखाहरू**

यस नियात्रामा नेपालको भौगोलिक अवस्था दर्शाएर देशका प्रशासनहरूलाई समाज विकासको सन्देश दिनु, 'आफ्नो गाउँ आफै बनाउँ' भन्नेजस्ता सुधारवादी चिन्तन प्रस्तुत भएको छ । साहित्य र सृजनशीलताप्रति आस्था, आदर्शवादी-यथार्थवादी जीवनप्रतिको चिन्तन तथा मानवतावादी सन्देश दिनु नै यस नियात्राको वैचारिक सार हो ।

**ढ) त्यस यात्राले भेटाएका साहित्यकारहरू**

यस कृतिमा यात्राकारले साहित्य सर्जकहरू राष्ट्रका अमूल्य निधि हुन् । साहित्य श्रष्टाहरूलाई सम्मानका साथै हौसला दिनुपर्छ । तिनीहरूको पनि समाज विकासमा महत्वपूर्ण स्थान रहन्छ भने इतिहास पुरुष, साहित्यसाधकप्रति अगाध श्रद्धाभाव, सृजनशीलप्रति अनन्य आस्था जस्ता जीवनवादी चिन्तन र मानवतावादी सन्देश वैचारिक प्रवृत्तिको सारका रूपमा रहेका छन् ।

### ५.३.५ भाषाशैली

#### क) नीलमणिको प्रतिबिम्ब गोसाईंकुण्ड

सामान्य नेपाली भाषामा सरल र सहज वाक्यहरूको गठन गरी नियात्रा रचना गरिएको छ । लेख्य चिन्हहरूको खासै प्रयोग भएका छैनन् । गठिला र लामा अनुच्छेदहरू रहेका छन् । यस नियात्रामा नियात्राकार स्वयं नै प्रमुख पात्रका रूपमा देखिएकाले यसमा प्रथम पुरुषको प्रयोग गरिएको मान्न सकिन्छ । यसको भाषा सम्पादन राम्रो रहेको छ । आलङ्कारिक भाषा शैलीको साथै उखान टुक्काको प्रयोग नियात्रामा पाइन्छ ।

#### ख) यात्राका तीन अनुभव

नियात्रामा विषयवस्तुभन्दा पनि पात्रहरूको चरित्र चित्रण धेरै विश्लेषण गरिएको छ । यस नियात्रामा वाक्यहरू सरल, सहजसम्प्रेष्य छन् । कतिपय स्थानमा आलङ्कारिक समेत छन् । लेख्य चिन्हहरूको धेरै प्रयोग भएको पाइदैन । स्थानीय भाषाको प्रयोग भएको पाइन्छ । अनुच्छेदहरू कसिला र लामा छैनन् । प्रथम पुरुष शैलीमा रहेर लेखिएको नियात्रामा प्रयुक्त शब्दहरू सबै तद्भव् स्रोतका नै रहेका छन् ।

#### ग) त्यो घटना घटेको भए दोष कसले पाउँथ्यो !

नियात्रामा प्रयुक्त वाक्यहरू प्रायः तद्भव स्रोतका नै रहेका छन् । प्रथम पुरुषको प्रयोग गरेर लेखिएको नियात्राका वाक्यहरू सरल, सहजसम्प्रेष्य छन् । धेरै प्रकारका लेख्य – चिन्हहरूको प्रयोग यो नियात्रामा गरिएको छैन । केही मात्रामा संवाद, केही मनोविश्लेषण जस्तै :– ह्वाँक्को छहरा बलेटक्सार खानेपानी योजना काठमाडौंको मेलम्ची हुन के बेर ? यस नियात्रामा अनुच्छेदहरू मध्यम खालका रहेका छन् । उखान टुक्काहरूको प्रयोगले समेत यस नियात्रालाई प्रभावमय बनाएको छ । समग्रमा यस नियात्राको भाषाशैलीमा मिठास पाइन्छ, जसले नियात्रालाई थप पठनीय बन्न मद्दत पुऱ्याएको छ ।

#### घ) अज्ञात युवती

प्रस्तुत नियात्रामा प्रायः तद्भव शब्दहरू नै समाविष्ट छन् । छोटा र सरल वाक्यहरूबाट संवादात्मक भाषाशैली बुझ्न कठिनाइ हुँदैन । यस नियात्रामा धेरै प्रकारका लेख्य चिन्हहरूको

प्रयोग भएको पाईंदैन । विषयवस्तु सानै भए पनि अनुच्छेद भने ठूलै रहेका छन् । यस नियात्रामा प्रथम र तृतीय पुरुष भाषाशैलीको प्रयोग गरिएको छ ।

**ङ) श्रीदुर्गा रिसाल**

यस नियात्रामा तद्भव स्रोत कै शब्दहरू अत्याधिक छन् । यस नियात्रामा प्रयुक्त वाक्यहरू सहजसम्प्रेष्य, सरल, प्रवाहमय, भावनात्मक, रागात्मक छन् । लेख्य चिन्हहरूको धेरै प्रयोग भएको पाईंदैन । अनुच्छेदहरू मध्यम खालका रहेका छन् । लामा छोटा गरी २४ वटा अनुच्छेदमा संरचित नियात्रा जम्मा करीव ६ पेजमा संरचित छ । यसमा केही संवाद पनि आएका छन् जसले पठनमा रोचकता पैदा गरेका छन् ।

**च) भारतीको आलु र निर्मलाको माछा**

यस नियात्रामा तद्भव स्रोतकै शब्दहरू अत्याधिक मात्रामा छन् । कहींकतै होटलहरूमा खाना मगाउँदा अर्डर, फरमाइस जस्ता आगन्तुक शब्दहरूको पनि प्रयोग भएको छ । यस नियात्रामा धेरै प्रकारका लेख्य चिन्हहरूको प्रयोग भएको पाईंदैन । अनुच्छेदहरू पनि मध्यम आकारका नै रहेका छन् । विषयवस्तु लामो भएकोले नियात्रालाई चार भागमा बाँडिएको छ र सत्ताइस पेजमा संरचित छ । नियात्रामा आन्तरिक र बाह्य दुवै शैलीको प्रयोग गरिएको छ ।

**छ) त्यस पुण्यदिनसँग गाँसिएका सम्झनाहरू**

यस नियात्रामा तद्भव स्रोतका वाक्यहरू प्रयुक्त छन् । नियात्राको विषयवस्तु अनुसार पात्र संख्या धेरै छन् । यस नियात्रामा वाक्य गठन सरल र सहज तरिकाले गरिएको छ । यस नियात्रामा अनुच्छेदहरू खासै कसिएका भने छैनन् । धेरै प्रकारका लेख्य–चिन्हहरूको प्रयोग पनि भएको पाईंदैन । यसमा केही मात्रामा संवादको प्रयोग भएको छ । वस्तु वर्णनका क्रममा केही बिम्ब र प्रतीकको प्रयोग गरिएको छ ती स्वाभाविक एवं सजीव छन् ।

**ज) बादलको घुम्टोभित्र लुकिरह्यो – माछापुच्छे**

यस नियात्रामा प्रथम पुरुषको प्रयोग गरिएको छ । नियात्रामा तद्भव स्रोतका वाक्यहरू बढी प्रयुक्त छन् । नियात्रामा विषयवस्तुभन्दा पनि पात्रहरुको संवाद धेरै छन् । आलङ्कारिक भाषा र उखान टुक्काको प्रयोग पनि यस नियात्रामा सन्तुलित रुपमा गरिएको छ । नियात्रामा वाक्य

गठन सरल र सहज तरिकाले प्रयोग गरिएको छ । नियात्रामा अनुच्छेदहरू खासै कसिएका र लामा भने छैनन् । नियात्रामा खासै धेरै प्रकारका लेख्य चिन्हहरूको प्रयोग गरिएको छैन ।

**झ) पोखरादेखि बेनीसम्म**

नियात्रा प्रथम पुरुष शैलीको प्रयोग गरी लेखिएको छ । नियात्रामा तत्सम, तद्भव स्रोतका शब्दहरू प्रयोग गरिएको छ । नियात्रामा पात्रको संवाद भन्दा पनि विषयवस्तु धेरै रहेको छ साथै आलङ्कारिक भाषा शैलीको प्रयोग पनि ठाउँठाउँमा भेट्न सकिन्छ । करीव बाह्र पेजमा संरचित नियात्रामा ६६ वटा अनुच्छेदहरू रहेका छन् । वाक्यहरू सरल र सहज तरिकाले गठन भएको पाइन्छ । नियात्रामा अनुच्छेदहरू नकसिएका र मध्यम खालका रहेका छन् । नियात्रामा धेरै स्थानमा लेख्य चिन्हहरूको प्रयोग भएको पाईंदैन ।

**ञ) मेरो तेस्रो युद्ध अधुरो रह्यो**

यस नियात्रामा प्रथम पुरुषशैलीको प्रयोग गरिएको छ । नियात्रामा तत्सम र तद्भव स्रोतका शब्दहरू प्रयोग गरिएका छन् । पात्रहरूबीचको संवाद पनि नियात्रामा भएको छ । विषयवस्तु धेरै छ करीब चौबीस पेजमा संरचित छ । नियात्राका वाक्यहरू सरल र सहज तरिकाले प्रस्तुत गरिएका छन् । यस नियात्रामा अनुच्छेदहरू लामा र नकसिएका रहेका छन् । यस नियात्रामा लेख्य चिन्हहरूको खासै धेरै प्रयोग भएको पाईंदैन ।

**ट) गया तीर्थयात्रा : यात्रा कि जात्रा !**

यस नियात्राको भाषा शैली सरल, सहज सम्प्रेष्य, प्रवाहमय र सजीव छ । कथन प्रभावकारी छ र कतिपय स्थानमा आलङ्कारिक समेत छ । यस नियात्रामा तत्सम र तद्भव स्रोतका वाक्यहरू प्रयोग गरिएका छन् । नियात्रामा कहींकतै हिन्दी भाषाको संवाद प्रयोग गरिनुका साथै हिन्दी भाषाको उखान टुक्काहरूको पनि प्रयोग गरिएको छ । नियात्रामा पात्रहरू भन्दा पनि विषयवस्तुको प्रधानता रहेको छ । नियात्रामा वाक्यहरू सरल र सहज तरिकाले प्रयोग गरिएको छ । यस नियात्रामा अनुच्छेदहरू नकसिएका र लामा रहेका छन् ।

### ठ) चरिकोटसँग गाँसिएका दुई सम्झना

यस नियात्राको भाषाशैली सरल, सहजसम्प्रेष्य छ । संवादहरू पनि आएका छन् । धेरै प्रकारका लेख्य चिन्हहरूको प्रयोग पाईंदैन । पात्रभन्दा विषयवस्तुलाई प्रधानता दिइएको छ । नियात्रा जम्मा चार पेजमा संरचित छ ।

### ड) खतराका पाँच विभाजित रेखाहरू

यसमा नियात्राकारले सरल र प्राञ्जल, प्रवाहमय एवं सहजसम्प्रष्य भाषाशैलीको प्रयोग गरेका छन् । कथन प्रभावकारी छ र कतिपय स्थलमा आलङ्कारिक समेत छ । भाषा प्रयोगका क्रममा कतै संस्कृतका र अंग्रेजी भाषाका शब्दहरू पनि प्रयोगमा आएका छन् ।

### ढ) त्यस यात्राले भेटाएका साहित्यकारहरू

यसमा यात्राकारले सरल, प्राञ्जल र सहजसम्प्रेष्य भाषाशैलीको प्रयोग गरेका छन् । त्यस्तै कथन प्रभावकारी छ र कतिपय स्थानमा आलङ्कारिक भाषाशैलीको प्रयोग गरेका छन् । यात्रामा लेख्य चिन्हहरूको प्रयोग गरेको पाईंदैन । आतिथ्य सत्कारजस्ता तत्सम शब्दहरू प्रयोग गरेका छन् । कृति आठ पेजमा संरचित छ र भाषा सामान्य छ । प्रथम पुरुष शैलीको प्रयोग गरिएको छ । बस्तु वर्णनका क्रममा बाह्य दृष्टिबिन्दुको पनि प्रयोग गरिएको छ । अनुच्छेदहरू मध्यम आकारका छन् ।

## ५.६ निष्कर्ष

वि.सं. २०४५ सालदेखि वि.सं. २०६० सालभित्र सरकारी कामकाजको सिलसिलामा होस् या नितान्त पारीवारिक होस् यिनै भ्रमणहरूको क्रममा बटुलिएको अनुभवहरूको वर्णन हो **'यात्रा अनुभूति'** । धार्मिक उद्देश्यले छिमेकी राष्ट्र भारतको बनारस गया जाँदाको तिनदिने यात्रा वर्णन छ भने चेरापूँजीको सम्झना गर्दै कास्की प्रवेश गरेका नियात्राकार माछापुच्छ्रे हेर्ने इच्छा तीन दिने पोखराको बसाइसम्म पनि सार्थक हुन नसकेको चिन्तन प्रस्तुत गरेका छन् । त्यस्तै आफ्नो कामलाई मात्र नहेरी व्यस्तताको वावजुद परिवारको खुशीको लागि गरिएको भ्रमण चितवनको सौराहा, देवघाट, गोरखा दरवारको भ्रमण गरेका छन् । समय सापेक्ष सिन्धुली भ्रमणको अनुभव पनि त्रासदीपूर्ण रहेको छ । बेलाबेलामा भएका साहित्यिक जमघटले पनि देशको साहित्य र कलामा साहित्यकारहरूको महत्व र उनीहरूले पनि देश विकासका लागि केही गर्न सक्छन् भन्ने सन्देश प्रस्तुत गरेका छन् । धवलागिरिसँग लुकामारी खेल्दै बेनी पुगेका

पन्तले नेपालमा प्रशासनिक, भौतिक नीति निर्माण कामकाजमा ढिलाई गरी रकम आफ्नो बनाउनेप्रति रोष प्रकट गर्दै नियात्रामा वर्तमान कालिन सडकका दुर्दशा, र श्रीदुर्गा रिसालको मनोवैज्ञानिक पक्ष उद्घाटन गर्दै मनोदशाहरू निर्क्यौल गरेका छन् ।

यसरी विभिन्न समयमा विभिन्न हेतुले गरिएको भ्रमणका प्राकृतिक, आर्थिक, सामाजिक, ऐतिहासिक, धार्मिक, मनोवैज्ञानिक, हावापानी, वनजंगल, साहित्यिक, राजनैतिक, वनजन्य प्राणी वा वनस्पती आदि विषयवस्तुको सेरोफेरोमा आफ्ना वस्तुगत अनुभवहरूलाई तर्क, विचार, भाव, कल्पना सन्देह निष्कर्षमा हर्ष, विस्मात, चिन्तन, आशा, भरोशा, रोष जस्ता अनुभूतिहरूले निजात्मकता देखाउँदै रचना गरिएको नियात्रासङ्ग्रह हो **'यात्रा अनुभूति'** । विभिन्न समयमा विभिन्न उद्देश्यले गरिएको यात्राबाट प्राप्त अनुभूतिलाई गतिमय ढङ्गबाट स्थान परिचयको साथै आन्तरिक पर्यटन विकासको उद्देश्यमा पाठकस्तरीय र विषययुक्त भाषाशैलीको प्रयोगमा नियात्रासङ्ग्रह बनेको छ । नियात्रात्मक मूल्यमान्यताको स्तरमा उभिएको कृति हो **'यात्रा अनुभूति'** । विधागत तत्त्वहरूको संयोजन भएका यी नियात्राहरूमा स्वदेशपरक यात्रा अनुभवका श्रृङ्खलाहरू स्वभाविक र श्रृङ्खलित छन् । विषयवस्तु, गतिशीलता, प्रस्तुति, विचार र भाषाशैलीजस्ता विधागत तत्त्वले यो नियात्रासङ्ग्रहमा सङ्गृहित नियात्राहरू पुष्ट छन् । यसमा गाउँ र नगर सबै किसिमका परिवेशलाई चयन गरेका छन् र सहयात्रीका साथ सौहार्दपूर्ण यात्रा गर्ने यात्राकार हुन् । यसमा सपाट वर्णन नभएर निजात्मक यात्रा धेरथोर मात्रामा समावेश छन् । यात्रागत साहित्य सौन्दर्य धेरथोर छ । यस नियात्रा साहित्यमा यो कृति उल्लेखनीय प्राप्ति मानिएको छ र रचनाकार पन्तलाई उल्लेख्य स्रष्टाका रूपमा लिन सकिन्छ ।

# परिच्छेद : छ

# उपसंहार तथा निष्कर्ष

## ६.१ उपसंहार तथा निष्कर्ष

नियात्राकार रामप्रसाद पन्तको संक्षिप्त चिनारीसहित नेपाली नियात्राको विकासक्रममा पन्तको नियात्रा लेखन चरण विभाजन, साहित्यिक रचना धर्मिता र योगदानको साथै **'यात्रा र अनुभूति'** नियात्रासङ्ग्रहमा सङ्ग्रहीत नियात्राहरूको विधागत उपस्थिति के कस्तो छ र यसको सैद्धान्तिक आधारमा कसरी विश्लेषण गर्न सकिन्छ जस्ता प्रश्नहरूको समस्या निराकरण गर्नु यस शोधको उद्देश्य रहेको छ ।

छ वटा परिच्छेदमा विभक्त यस शोधकार्यको शोधशीर्षक **'यात्रा र अनुभूति'** नियात्रा सङ्ग्रहको कृतिपरक अध्ययन रहेको छ ।

मुख्यतः फुर्सदको समयलाई सदुपयोग गरेर स्वदेशी प्रकृति र सँस्कृतिसितको स्नेहशील यात्रा र यात्राको क्रममा बटुलिएको धार्मिक, ऐतिहासिक, आर्थिक, सामाजिक, साहित्यिक र मौलिक परिवेशका वातावरणबाट प्राप्त अनुभव बोकेका तेह्र नियात्रा र विदेशी परिवेशमा च्वाँस्स छुन पुगेको एक नियात्रा समेत गरी यी चौध नियात्राहरूमा नियात्राकार रामप्रसाद पन्तका अनुभव र उनीसँगै सहभागी भएका सहयात्रीहरूको सहयोगमा वर्णित यात्रा वर्णन नै विवेच्य नियात्राहरू हुन् ।

नियात्रात्मक तत्त्वहरू जस्तै विषयवस्तु, गतिशीलता, प्रस्तुति, विचार र भाषाशैलीका आधारमा **'यात्रा र अनुभूति'** नियात्रामा सङ्गृहीत नियात्राहरूको विश्लेषण गरिएको छ ।

ज्ञानआर्जन गर्ने आनन्दानुभूति प्राप्त गर्ने अनुरोधका साथ आफूलाई जीवनको गोरेटोमा वामे सर्न सिकाएका मातापितामा समर्पण गरिएको यस कृतिमा नेपालका मध्यमाञ्चल र पश्चिमाञ्चलको सेरोफेरोका गोसाईंकुण्डदेखि गुल्मी, पाल्पा, बुटवल, पोखरा, बाग्लुङ, बेनी, चरिकोट, सिन्धुली, रौतहट, सौराहा, देवघाट, गोरखा गरी तेह्र नियात्रा लगायत देश बाहिरको गया यात्रा गरी चौध नियात्रामा यात्राहरूको यात्रामा मनोरम प्राकृतिक दृश्य, वन र वनजन्य प्राणी, वनस्पतिहरु, नदीनाला, सडक, सामाजिक रहनसहन, ऐतिहासिक स्थल, धार्मिक स्थल,

स्थानीयता जस्ता परिवेशमा आधारित अनुभवहरूको सङ्गालो **'यात्रा र अनुभूति'** नियात्राहरूको विश्लेषण समग्रमा यसरी गरिएको छ ।

यस **'यात्रा र अनुभूति'** नियात्राहमा सङ्ग्रहीत नियात्राहरूमा यथार्थपरकता, आत्माभोगजन्य प्रस्तुति, गतिशील वर्णन र लघुकाय लेखनजस्ता गुणहरू पाइन्छन्, जुन नियात्रामा हुनुपर्ने अनिवार्य तत्त्वहरूमा पर्दछन् ।

प्रकृति चित्रणात्मक र समाज चित्रणात्मक गरी मूलतः दुई वटा उद्देश्यको परिपूर्तिमा यी नियात्राहरु केन्द्रित छन् । ती दृष्टिले यी सफल पनि छन् । परिवेशगत दृष्टिले नेपालका विविध जिल्लाका गाउँ, नगर, वन, खोलाका विस्तृत भूपरिवेशलाई तथा विषयगत दृष्टिले भूगोल, प्रकृति, समाज, इतिहास, धर्म, संस्कृति, भाषा, साहित्य, राजनीति र कतै मनोदशा आदि विविध पक्षलाई समेटिएको छ यी नियात्राहरूमा ।

नेपालका गोसाईकुण्डदेखि चरिकोट, सिन्धुली, रौतहट, बुटवल, गुल्मी, पोखरा, वाग्लुङ, पाल्पा, वेनी, देवघाट आदि ठाउँका यात्राहरू समेटिएका छन् साथै देश बाहिरको यात्रा भारतको गयासम्मका स्थलहरू यात्राका भावभूमि बनेका छन् ।

पन्तले करीव पन्ध्र वर्षभित्रको यात्रा अनुभवलाई गाँसेर एउटा सिङ्गो नियात्रासङ्ग्रह बनाउन सफल भएका छन् । कहिले प्रशासनिक कामकाज, कहिले नितान्त पारीवारीक भ्रमण, कहिले साहित्यिक, यसो हुँदाहुँदै पनि पन्त यात्रानन्द लिन सफल छन् । यात्राबाट बटुलेका अनुभव सुन्दर छन्, यात्राको गतिसँगै पाठकलाई पनि डोर्‍याएर लैजान सफल छन् । यिनले नियात्रात्मक सौन्दर्य र मूल्य समेत प्राप्त गरेका छन् । यस सन्दर्भमा नीलमणिको प्रतिबिम्ब गोसाईंकुण्ड, त्यस पुण्यदिनसँग गाँसिएका सम्झनाहरू, बादलको घुम्टोभित्र लुकिरह्यो माछापुच्छे, पोखारादेखि वेनीसम्म, मेरो तेस्रो युद्ध अधुरो रह्यो, गया तीर्थयात्रा : यात्रा कि जात्रा ! त्यस यात्राले भेटाएका साहित्यकारहरू जस्ता नियात्राहरू विशेष आस्वाध्य छन् । यिनमा सम्बद्ध यात्रा प्रदेशका भूगोल प्रकृति, समाज, संस्कृति, साहित्य र जनजीवनको रङ्ग सजिव रुपमा प्रस्तुत छ । समग्रतामा यो रचना आत्मीय, हार्दिक, स्वच्छन्दत, कल्पनाप्रवणता, चित्रात्मकता, अनुभूतिमयता र संमरणात्मकता आदि गुणले सम्पन्न छन् र पाठकका मनलाई आनन्दित र आन्दोलित तुल्याउन सफल पनि छन् ।

पन्तको नियात्राकारिताबारे डा. नेत्र एटमले 'पारामाटाको किनारबाट' शीर्षक नियात्राको सम्मोहनमा विषयवस्तुका हिसाबले सामाजिक, भौगोलिक, प्राकृतिक, धार्मिक, सांस्कृतिक आदि विषयवस्तुको पर्याप्त मात्रामा चित्रण पाइन्छ भनेका छन् भने त्यस्तै प्रस्तुतिमा ज्ञान, अनुभूति र जिज्ञासा निबन्धात्मक, आत्मपरकताको पनि राम्रो संयोजन रहेको बताएका छन् । अर्को नियात्राकार डा. निर्मोही व्यासले 'बाह्र सूर्य : सोह्र फन्को' नियात्रासङ्ग्रहको भूमिकामा पन्त स्वदेशी प्रकृति र संस्कृतिसितको स्नेहशील, सानिध्य एवम् सरल जनजीवनप्रति अगाध प्रेम, समाजका सुकृतिहरूप्रति प्रशंसात्मक र दुष्कृतिहरूप्रति आलोचनात्मक टिप्पणीको साथै सुधारको आग्रह सरल, शुद्ध र प्रवाहमय अनौपचारिक सजीव भाषाशैली एवं निजात्मकता समन्वित, रोचक, रागात्मक र रसात्मक प्रस्तुतिमा यात्रानुभूतिको निश्चल अभिव्यक्ति जस्ता वैशिष्ट्य भएका नियात्राकार हुन् भनेर विषयवस्तु, प्रस्तुति, विचार र भाषाशैली आदि सबैबारे समष्टिगत रूपमा मूल्याङ्कन गरेका छन् । देवीचन्द्र श्रेष्ठले स्मृतिगङ्गाको तीरैतीरको 'हिमनदीको सौराइमा केही छचल्का' शीर्षकमा रामप्रसाद पन्तको व्यक्तित्व र नियात्रागत प्रस्तुति विषयवस्तुमा उपेक्षित दुर्गम ठाउँको अभाव र परिस्थितिजन्य घटना आदि बारेमा वर्णन गरेको बताएका छन् ।

उपर्युक्त लेखक तथा समीक्षकहरूले पन्तलाई नियात्राकारका रूपमा चिनाउनुका साथै उनको नियात्राकारिताको प्रबृत्तिबारे प्रष्ट पारेका छन् । यी विद्वानहरूका मतका आधारहरू र पन्तका नियात्राहरूको अध्ययनबाट उनका नियात्रामा आत्मीयता, हार्दिकता, कल्पनाप्रवणता, चित्रात्मकता, अनुभूति संस्मरणात्मकता आदि गुणले सम्पन्न हुँदाहुँदै पनि प्रस्तुतिमा भावात्मक, रागात्मक, स्वच्छन्दता, कल्पनाप्रवणता जस्ता हिसाबले अझ परिष्कार अपेक्षित देखिन्छ । भाषाशैली प्रायः शुद्ध छन् । विषयवस्तुमा यात्राप्रदेशका रूपमा उपेक्षित र दुर्गम ठाउँको अभाव, रहनसहन, वस्तुस्थिति आदि सबै पक्षको प्रायः राम्रो उपस्थापन देखिन्छ तापनि अझ परिष्कार अपेक्षित देखिन्छ । यो कृति नेपाली यात्रासाहित्यमा मध्यमस्तरको देखिन्छ र यसका आधारमा कृतिकार पन्त प्रशस्त सम्भावना भएका एक ऊर्जावान् स्रष्टाका रूपमा देखिन्छन् ।

यसरी नियात्राकार रामप्रसाद पन्तको **'यात्रा र अनुभूति'** नियात्रासङ्ग्रहका स्रष्टाहरूको विचार स्रोत माध्यमका रूपमा रहेका कृतिहरूको अध्ययन विश्लेषणले रचनाकारहरूमा यथार्थको खोजी गर्ने प्रेरणामा थप ऊर्जा प्रदान हुनुका साथै अध्ययन पश्चात् पाठकहरूका

सिर्जनात्मक जिज्ञासा बढ्नुको साथै जीवनमार्गको गोरेटो पक्रन सार्थक हुने भएकोले स्रष्टाका सिर्जनाहरूको खोज अनुसन्धान हुनु महत्वपूर्ण कार्य हो । यसरी निरन्तर साधनारत पन्तको साहित्यिक विविध विधाका साथै नियात्रात्मक रचनाहरू पठनीय कृतिका रूपमा देखिएकाले ती सामाग्री पनि उत्तरवर्ती शोधार्थीहरूका निम्ति उपयुक्त देखिन्छ ।

# सन्दर्भ सामग्री सूची


उपाध्याय, केशवप्रसाद (२०४४), **साहित्य प्रकाश** (चौ.सं.), ललितपुर : साझा प्रकाशन ।

उपाध्याय, वेदव्यास (२०६६), **नेपाली यात्रा साहित्यको प्रवृत्तिगत विश्लेषण र मूल्याङ्कन** (वि.सं. ११९९–२०४६), अप्रकाशित विद्यावारिद्यि शोध प्रबन्ध, त्रि.वि., कीर्तिपुर ।

उप्रेती, गङ्गाप्रसाद (२०४६), **दृष्टिकोणका विविध बिसाउने**, काठमाडौ : प्रतिभा प्रकाशन ।

क्षेत्री, जमुनाकुमारी (२०६५), **जूनका पाइला**, अप्रकाशित स्नातकोत्तर सृजनापत्र, काठमाडौं : त्रि.वि., रत्न राज्यलक्ष्मी क्याम्पस, प्रदर्शनी मार्ग ।

घिमिरे, भानु (२०६८), "नेपाली निबन्धमा देखापरेका प्रमुख मोड र प्रवृत्ति", **समकालीन साहित्य** (वर्ष ४४, अङ्क ८, पूर्णाङ्क ५११) ।

त्रिपाठी, वासुदेव (२०६६), **साहित्य सिद्धान्त : शोध तथा सृजनाविधि**, जामेमार्केट घण्टाघर, काठमाडौं : पाठ्यसामाग्री पसल ।

दाहाल, बैकुण्ठनाथ (२०७०), रामप्रसाद पन्तको **बाह्र : सूर्यः सोह्र फन्को नियात्राको कृतिपरक अध्ययन,** अप्रकाशित स्नातकोत्तर, सृजनापत्र, काठमाडौं : त्रि.वि., रत्न राज्यलक्ष्मी क्याम्पस ।

दीक्षित, कमलमणि (सम्पा.) (२०१४), **जङ्गबहादुरको बेलायत यात्रा**, वेनामी नेपाल : मदन पुरस्कार पुस्तकालय, श्री दरवार, पुल्चोक ।

पन्त, रामप्रसाद (२०४७), **वेदनाका लहरहरू** (खण्डकाव्य) काठमाडौं : दायित्व वाङ्मय प्रतिष्ठान ।

............., (२०५७), **तीन आमाको छोरा**, काठमाडौं ।

............., (२०५८), **जापान भ्रमणका केही सम्झनाहरू**, काठमाडौं : दायित्व वाङ्मय प्रतिष्ठान ।

............., (२०६०), **यात्रा र अनुभूति काठमाडौं**, काठमाडौं : दायित्व वाङ्मय प्रतिष्ठान ।

............., (२०६३), **पेट्रोनास टावरको सेरोफेरो, तीतामीठा कुरा** (नैतिक दृष्टान्त) काठमाडौं : दायित्व वाङ्मय प्रतिष्ठान ।

............., (२०६४), **बाह्र सूर्य : सोह्र फन्को** (नैतिक दृष्टान्त) काठमाडौं : दायित्व वाङ्मय प्रतिष्ठान ।

............., (२०६६), **पर्यन्त देश**, काठमाडौं : दायित्व वाङ्मय प्रतिष्ठान ।

............., (२०६८), **स्मृतिगंगाको तीरैतीर**, काठमाडौं : दायित्व वाङ्मय प्रतिष्ठान ।

............., (२०६९), **पुष्मपञ्जरी** (कथासङ्ग्रह), काठमाडौं : दायित्व वाङ्मय प्रतिष्ठान ।

............., (२०७०), **आस्थाको सरोवर**, काठमाडौं : दायित्व वाङ्मय प्रतिष्ठान ।

............., (२०७१), **पारामाटा किनारबाट**, काठमाडौं : दायित्व वाङ्मय प्रतिष्ठान ।

............., (२०७१), **मेरा साठी वर्ष** (आत्मसंस्मरण), काठमाडौं : दायित्व वाङ्मय प्रतिष्ठान ।

पोखरेल, बालकृष्ण (२०३४), **बेलाइततिर बरालिंदा,** तारानाथ शर्मा, काठमाडौं : साझा प्रकाशन ।

पोखरेल, बालकृष्ण र अन्य (सम्पा.) (२०४०), **नेपाली बृहत् शब्दकोश** काठमाडौं : साझा प्रकाशन ।

प्रधान, कृष्ण (२०५१), “नेपाली यात्रा साहित्यको विकासक्रम”, **मधुपर्क** (वर्ष २७, अङ्क ४, पूर्णाङ्क ३०३) ।

प्रधान, प्रमोद (२०५०), “यात्रा साहित्यको यात्रा वृत्तान्त”, **समकालीन साहित्य** (वर्ष ३, अङ्क ३) ।

प्रधान, प्रमोद (२०६२), **नेपाली नियात्रा साहित्य : विकास प्रकिया**, काठमाडौं : ने.रा.प्र.प्र. ।

भट्टराई, इन्द्रप्रसाद (२०५८), **सम्झनाका तरेलीहरू**, अप्रकाशित स्नातकोत्तर सृजनापत्र, त्रि.वि., नेपाली केन्द्रीय विभाग, कीर्तिपुर ।

भट्टराई, घटराज र शरच्चन्द्र शर्मा भट्टराई (२०४६), **प्राचीन नेपाली गद्य,** काठमाडौं ।

भण्डारी, ठाकुर शर्मा (२०७०), **साहित्यिक यात्राको पदचाप**, काठमाडौं : दायित्व वाङ्मय प्रतिष्ठान ।

भुसाल, भीमलाल (२०६६), रामप्रसाद पन्तको **रुक्मी दिदी कथा सङ्ग्रहको विश्लेषण**, अप्रकाशित स्नातक सृजनापत्र, काठमाडौं : त्रि.वि., रत्न राज्यलक्ष्मी क्याम्पस ।

यात्री, पूर्णप्रकाश नेपाल (सम्पा. २०३९), **राजा गगनीराजको यात्रा**, काठमाडौं : नेसनल रिसर्च एसोसिएसन ।

राई, इरान र अन्य (२०६९), “यात्रावृत्तान्त विशेष”, **गरिमा**, साझा प्रकाशन, वर्ष ३०, अङ्क ६, (पूर्णाङ्क ३५४, जेठ) ।

लुईंटेल, खगेन्द्रप्रसाद (२०६२), **कविताको संरचनात्मक विश्लेषण**, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

व्यास, निर्मोही (२०६१), “यात्रा साहित्यको सृजनात्मक स्वरूप”, **मधुपर्क** (वर्ष ३७, अङ्क ४) ।

व्यास, निर्मोही (२०७०), **यात्रा साहित्यको सिद्धान्त**, ललितपुर : वीणा पोखरेल ।

व्यास, निर्मोही (२०७०), **विकीर्ण समालोचना**, ललितपुर : शरद उपाध्याय, विजेता पुडासैनी उपाध्याय, नीलिमा उपाध्याय र आकाश उपाध्याय ।

शर्मा, तारानाथ (२०२५), **जमर्काहरू**, काठमाडौं : रत्नपुस्तक भण्डार ।

..................,(२०३०), **जीवनका छाल**, भद्रपुर : युगज्ञान प्रकाशन ।

..................,(२०५६), **आँसु छचल्किदै जान्छ**, काठमाडौं : बगर फाउन्डेसन ।

..................,(२०३४), **बेलायततिर बरालिँदा**, काठमाडौं : साझा प्रकाशन ।

..................,(२०५६), **नेपाली साहित्यको इतिहास** (चौ.सं.), काठमाडौं : साझा प्रकाशन ।

शर्मा, मोहनराज र खगेन्द्रप्रसाद लुइँटेल (२०५२), **शोधविधि**, पुल्चोक, ललितपुर : साझा प्रकाशन ।

श्रेष्ठ तेजप्रकाश (प्रकाश) (२०५८), “नेपाली साहित्यमा नियात्रा”, **गोधूलि**, पूर्णाङ्क ३०५, काठमाडौं ।

श्रेष्ठ, दयाराम र मोहनराज शर्मा (२०४०), **नेपाली साहित्यको संक्षिप्त इतिहास** (दो.सं.), काठमाडौं : साझा प्रकाशन ।